# इन्सेक अभियान

त्रैमासिक प्रतिवेदन
वर्ष १८, अङ्क ४, पूर्णाङ्क १४६, पुस २०७१














## विविध गतिविधि

# इन्सेक अभियान
त्रैमासिक प्रतिवेदन

वर्ष १९, अङ्क १, पूर्णाङ्क १४७, पुस २०७१

## दृष्टि

मानवअधिकार र सामाजिक न्यायसङ्गत, सुदृढ र सक्षम राज्य स्थापनाका लागि योगदान गर्ने ।

## लक्ष्य

इन्सेकले आफ्नो ध्येय, दृष्टि तथा उद्देश्यहरू प्राप्तिका लागि पहरेदार, पैरवी, नीतिगत हस्तक्षेप सशक्तीकरण र अग्रणी संस्थाको रूपमा आफ्नो भूमिका निर्वाह गर्ने ।

## ध्येय

सामाजिक न्यायका निम्ति मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

सर्वाधिकार ©: इन्सेकमा सुरक्षित

संयोजन/सम्पादन: श्यामबहादुर चन्द
विवेशिका भुर्तेल
फोटो: विमलचन्द्र शर्मा
(इन्सेक स्रोत केन्द्र)
एवम् सबै क्षेत्रीय कार्यालयहरू
ग्राफिक डिजाइन: गीता माली
व्यवस्थापन: शैलेश शर्मा
सन्दर्भ सामग्री: इन्सेक केन्द्रीय, क्षेत्रीय तथा
जिल्ला कार्यालयहरू एवम्
इन्सेक प्रतिनिधिहरू
मुद्रण: भेराइटी अफसेट प्रेस, कुलेश्वर




*यो प्रतिवेदनले साउनदेखि असोज ०७१ सम्म सम्पन्न क्रियाकलापहरूलाई समेटेको छ ।*

### केन्द्रीयस्तरका कार्यक्रम

o जिल्ला प्रतिनिधिहरूका लागि तालिम/३
o एसिया क्षेत्रका अधिकारकर्मीहरूको भेला/३
o विश्वव्यापी आवधिक समीक्षाका लागि विवाद पहिचान छलफल/४
o रोम विधानसम्बन्धी तालिम निर्देशिकाको मस्यौदामा छलफल/५
o बलपूर्वक बेपत्ता पारिने कार्य विरुद्ध अन्तर्राष्ट्रिय दिवस/५
o रोम विधान अनुमोदन गर्न माग/५
o इन्सेक कार्यक्रम तथा परियोजना अभिमुखिकरण बैठक सम्पन्न/६
o प्रकाश मानवअधिकार पुरस्कार थेवेलाई प्रदान/६

### क्षेत्रीयस्तरका कार्यक्रम

o पूर्वाञ्चल क्षेत्रीय कार्यक्रम/८
o मध्यमाञ्चल क्षेत्रीय कार्यक्रम/१५
o पश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम/२४
o मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम/३४
o सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम/५३

# केन्द्रीयस्तरका कार्यक्रम

## जिल्ला प्रतिनिधिहरूका लागि तालिम

इन्सेक केन्द्रीय कार्यालयको आयोजनामा इन्सेक प्रतिनिधिहरूका लागि तीन दिने मानवअधिकार अनुगमन तालिम ०७१ असोज २९ गते सम्पन्न भयो। कार्यक्रममा इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले इन्सेक र मानवअधिकार एक अर्काको परिपूरक भएको जनाउँदै इन्सेक जिल्ला प्रतिनिधिहरूले गर्ने कार्य अत्यन्त निष्पक्ष, सत्यतथ्य एवम् तटस्थ हुनुपर्ने बताए। गौतमले मानवअधिकार र सामाजिक न्यायका निम्ति




**जिल्ला प्रतिनिधि तालिमका सहभागीहरू**

इन्सेकले थालेको अभियानले मानवअधिकारको अवस्था सुधारोन्मुख भएको बताए। २१ जिल्लाका जिल्ला प्रतिनिधिको सहभागिता रहेको तालिमको उट्घाटन समारोह इन्सेक व्यवस्थापन कार्यक्रम प्रमुख प्रेमप्रसाद पराजुलीको अध्यक्षतामा सम्पन्न भएको थियो।

## एसिया क्षेत्रका अधिकारकर्मीहरूको भेला

फोरम एसिया र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को संयुक्त आयोजनामा एसिया क्षेत्रका अधिकारकर्मीहरूको भेला ललितपुरमा ०७१ असोज ४ गते सम्पन्न भयो। एसिया क्षेत्रका अधिकारकर्मीहरूको भेलामा स्वागत गर्दै इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेलले सभा-सम्मेलनमा शान्तिपूर्ण भेला हुन




**भेलाको उद्घाटन गर्नुहुँदै**
**संयुक्त राष्ट्रसङ्घीय विशेष समाधीक्षक मैना काइले**

पाउने अधिकार उपभोग गर्न नेपाल दक्षिण एसियामा नै अग्रणी मुलुक पर्ने बताए। उनले स्वतन्त्रताका नाममा अराजकता देखाउन नहुनेतर्फ सचेत गराउँदै अधिकारको प्रयोग गर्नेले कर्तव्यको ख्याल राख्नुपर्ने विचार व्यक्त गरे।

शान्तिपूर्ण सभा-सम्मेलनमा भेला हुन पाउने अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष समाधीक्षक मैना काइले आफ्नो कार्यक्षेत्र र कार्यादेशका बारेमा कार्यक्रमका सहभागीहरूलाई जानकारी गराएका थिए। निजी भ्रमणमा नेपाल आएका काइले विश्वभर नै शान्तिपूर्ण भेला हुन पाउने अधिकारमा कुनै रोकटोक गर्न नहुने विचार राखेका थिए। कार्यक्रममा फोरम एसियाका अध्यक्ष हेनरी तिपाङ्गेले मानवअधिकारको निर्वाध उपभोग गर्न पाउने व्यवस्था मिलाउन सम्बन्धित सरकारसँग अनुरोध गरे। कार्यक्रममा नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, माल्दिभ्स, श्रीलङ्का, कम्बोडिया, थाइल्याण्ड, इण्डोनेशिया, फिलिपिन्स, बर्मा, सिङ्गापुर, ताइवान, दक्षिण कोरियालगायतका २० राष्ट्रका ६० भन्दा बढी अधिकारकर्मीहरूको सहभागिता रहेको थियो। असोज ४ गतेसम्म सञ्चालित उक्त कार्यक्रम फोरम एसिया र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को संयुक्त आयोजनामा सम्पन्न भएको थियो।

## समिति गठनको माग

जयनारायण पटेलको ०७१ असोज २५ गते सशस्त्र प्रहरीको गोलीबाट बारा जिल्लाको सिम्रौनगढमा मृत्यु भएको विषयमा सत्यतथ्य छानबिन गर्न न्यायिक समिति गठन गरी घटनाको न्यायिक छानबिन गरी दोषीलाई कारबाही गर्न, पीडितपक्षलाई क्षतिपूर्ति तथा घाइतेहरूको सम्पूर्ण उपचारको व्यवस्था मिलाउन सरकारसँग ०७१ असोज २७ गते प्रेस विज्ञप्ति जारी गरी इन्सेकले माग गरेको थियो। स्थानीय विद्यार्थीहरूले सडक मर्मतको माग राखेर तीन दिनदेखि यातायातमा अवरोध पुऱ्याएको आरोपमा असोज २४ गते विद्यार्थीहरूलाई कुटपिट गरी एक विद्यार्थीलाई गिरफ्तार गरेपछि प्रहरी र स्थानीय बासिन्दाबीच झडप हुँदा प्रहरीले हवाइफायर तथा अश्रुग्याँस प्रहार गरेको थियो। अघिल्लो दिन भएको उक्त घटनाप्रति स्थानीय प्रशासन गम्भीर हुन नसकेको एवम् भीड नियन्त्रण गर्न अन्य उपायहरू अपनाउनुको साटो एकाएक गोली प्रहार गरिएका कारण एक नागरिकको मृत्यु हुन गएको प्रारम्भिक छानबिनको क्रममा इन्सेकलाई जानकारी प्राप्त भएको इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमद्वारा हस्ताक्षरित विज्ञप्तिमा जनाइएको थियो।

## विश्वव्यापी आवधिक समीक्षाका लागि विवाद पहिचान छलफल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आयोजनामा ०७१ असोज २ गते "विश्वव्यापी आवधिक समीक्षाका लागि विवाद पहिचान, २०१५"सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भयो। मानवअधिकारको क्षेत्रमा कार्यरत २ सय ३५ वटा सङ्घसंस्थाका प्रतिनिधिहरूले नेपालमा विद्यमान मानवअधिकारको अवस्थाबारे छलफल गर्दै मानवअधिकारको क्षेत्रमा देखिएका समस्याहरूको पहिचान गरी त्यसको शुद्धीकरणका लागि राय, सुझावसमेत प्रस्तुत गरेका थिए।

कार्यक्रममा बोल्दै युएनआरसिओका प्रतिनिधि प्रवीना महर्जनले विश्वव्यापी आवधिक समीक्षाका लागि तयार पारिने प्रतिवेदनले नेपालको समग्र मानवअधिकारको क्षेत्रमा देखिएका समस्याहरूको धरातलीय यथार्थ छर्लङ्ग पार्नसके प्रभावकारी हुने बताइन्। राष्ट्रिय मानवअधिकार आयोगकी प्रतिनिधि मन्जु खतिवडाले नेपालले विभिन्न सन्धि अभिसन्धिहरूमा हस्ताक्षर गरे पनि त्यसको




**विश्वव्यापी आवधिक समीक्षाका लागि विवाद पहिचान कार्यक्रमका सहभागीहरू**

कार्यान्वयन भए-नभएको भन्नेबारे हालसम्म अनुगमन हुन नसकेको भन्दै मानवअधिकारको कार्यान्वयन, प्रगति तथा कमजोरीहरूको अनुगमनका लागि एउटा शक्तिशाली संयन्त्र निर्माणका लागि पहल गरिनुपर्नेमा जोड दिइन्। विश्वव्यापी अवाधिक समीक्षाका लागि महिला गठबन्धनको तर्फबाट बोल्दै ओरेक नेपालकी प्रतिनिधि सरीता दाहालले महिलाहरूमाथि विशेषगरी यौनजन्य दुर्व्यवहार, घरेलु हिंसा, चेलिबेटी बेचबिखन, असुरक्षित स्थानागमन, घरेलु कामदारहरूमाथिको शोषण प्रमुख समस्याको रूपमा रहेको बताइन्।

इन्सेक कार्यकारी समितिका सदस्य तथा अधिवक्ता हरी फुँयालले मानवअधिकार क्षेत्रमा उठेका जल्दाबल्दा समस्याहरूको पहिचान गरी त्यसलाई तथ्यपरक ढङ्गले अन्तर्राष्ट्रिय मापदण्डअनुरूप तयार पारिनुपर्ने बताए। चाइल्ड नेपालका अध्यक्ष कृष्ण सुवेदीले नयाँ बन्ने संविधानमा बालबालिकाको न्याय प्रणाली, राज्यविहीनताको अवस्था र बाल आयोगको सम्बन्धमा कुरा नउठेको भन्दै उक्त कुरालाई समेत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा छलफलका लागि लैजानुपर्ने बताए। नेपाल अपाङ्ग मानवअधिकार केन्द्रका अध्यक्ष जगदीश अधिकारीले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्नका लागि राजनीतिक प्रतिबद्धता तथा समावेशीकरण, अपाङ्गमैत्री भौतिक संरचना, दोभासेको व्यवस्था, न्यायिक पहुँचजस्ता विषयमा जोड दिनुपर्ने बताए।

विश्वव्यापी आवधिक समीक्षा लागि नेपालका गैरसरकारी संस्थाहरूको सञ्जालको सचिवालयकी संयोजक तथा इन्सेककी वरिष्ठ अधिकृत सम्झा

श्रेष्ठले मानवअधिकारको सवालमा छलफलबाट आएका सबै सुझावहरू उत्तिकै महत्वपूर्ण रहेको भन्दै सुझावहरूलाई सङ्कलन गरी सोहीअनुरूप आवधिक समीक्षा प्रतिवेदनको लेखन कार्य सुरु गरेकी बताइन्। उनले मानवअधिकारको क्षेत्रमा कार्यरत सबै सङ्घसंस्थाहरू एक ठाउँमा आई मानवअधिकारको क्षेत्रमा देखिएका समस्याहरू पहिचान गरी त्यसलाई राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा छलफलका लागि लैजान सकिए विश्वसनीय तथा उपलब्धिमूलक हुने बताइन्।

## रोम विधानसम्बन्धी तालिम निर्देशिकाको मस्यौदामा छलफल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) केन्द्रीय कार्यालयको आयोजनामा ०७१ भदौ २७ गते ललितपुरमा अन्तर्राष्ट्रिय फौजदारी अदालत र रोम विधानको तालिम निर्देशिका मस्यौदामा सरोकारवालाहरूसँग छलफल सम्पन्न भयो। अधिकारकर्मी तथा कानुनव्यवसायीहरूका बीचमा गरिएको छलफलमा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले मस्यौदाको छलफलपछि एउटा बृहत् पैरवी दस्तावेज बन्ने विश्वास रहेको बताए। उनले अन्तर्राष्ट्रिय फौजदारी अदालत र रोम विधानका विषयमा गरिने क्रियाकलापमा मानवअधिकार आयोगको पनि सहभागिता हुनुपर्ने बताए। कार्यक्रममा बोल्दै अधिवक्ता राजु चापागाईले सिधै फौजदारी अदालतको परिचय दिनुभन्दा अघि यसको नेपालको वर्तमान अवस्थासँगको सम्बन्धमा चर्चा गर्नुपर्ने बताए। राष्ट्रिय मानवअधिकार आयोगका श्रीराम अधिकारीले तालिम निर्देशिकालाई अझै सरल बनाउनु आवश्यक भएको बताए। उनले नेपालले




**रोम विधानको तालिम निर्देशिकाको मस्यौदा छलफलमा आफ्नो भनाइ राख्नुहुँदै इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल**

रोम विधानको नेपालमा महत्वको विषयलाई अझै बढी समेट्नुपर्ने बताए। तालिम निर्देशिका मस्यौदामा अन्तर्राष्ट्रिय फौजदारी अदालतको परिचय, क्षेत्राधिकार, प्रकृया, आमसंहार, युद्धअपराध र नेपालमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको महत्वलगायतका विषयवस्तुहरू समावेश गरिएका छन्।

## बलपूर्वक बेपत्ता पारिने कार्य विरुद्ध अन्तर्राष्ट्रिय दिवस

इन्सेक, आइसीटीजे, एम्नेस्टी इन्टरनेशनल लगायतका १७ वटा सङ्घसंस्थाहरूको संयुक्त आयोजनामा बलपूर्वक बेपत्ता पारिने कार्य विरुद्ध अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा ०७१ भदौ १४ गते बिहान काठमाडौँमा प्रभातफेरी तथा कोणसभाको आयोजना गरी र साँझ भद्रकाली मन्दिर अगाडि दीप प्रज्ज्वलन गरी दिवस मनाइयो। काठमाडौँको भृकुटीमण्डपबाट निकालिएको प्रभातफेरी पद्मोदयमोड, पुतलीसडक, बागबजार हुँदै रत्नपार्कमा पुगेर कोणसभामा परिणत भएको थियो।

कोणसभामा बोल्दै राष्ट्रिय मानवअधिकार आयोगका पूर्वआयुक्त तथा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का संस्थापक अध्यक्ष सुशील प्याकुरेलले देशमा कति मानिस बेपत्ता भए भन्ने सरकारले यकिन विवरण सार्वजनिक गर्न नसक्नु लज्जास्पद भएको बताए। द्वन्द्वपीडित देवी सुनुवारले न्यायको पर्खाइमा लगातार ११ वर्षदेखि सङ्घर्षरत बेपत्ता परिवारलाई उल्टै राज्यले उपेक्षा गरी न्यायबाट वञ्चित गराएको आरोप लगाइन्। प्रत्येक वर्ष ३० अगस्टमा यो दिवस मनाइने गरिन्छ ।

## रोम विधान अनुमोदन गर्न माग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले अन्तर्राष्ट्रिय न्याय दिवसको अवसरमा रोम विधान अनुमोदन गर्न माग गर्दै ०७१ साउन १ गते प्रेस विज्ञप्ति जारी गरेको थियो। इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा सन् १९९८ मा हस्ताक्षर भई २००२ जुलाई १ बाट लागु भएको रोम विधानको अनुमोदनका लागि माग गरिएको थियो। विज्ञप्तिमा वर्तमान न्यायिक प्रणालीमा सुधार गर्न अत्यावश्यक भइसकेको रोम विधान लागु गर्ने सम्बन्धमा नेपालमा भएका प्रयासहरूको

स्मरण गराउँदै विधान अनुमोदनको विषयमा पुन: सरोकारवालाहरूलाई ध्यानाकर्षण गराइएको थियो।

जारी विज्ञप्तिमा भनिएको थियो "राज्यमा बढ्दै गएको दण्डहीनताको अवस्थाको अन्त्य गर्न, मानवअधिकारको संरक्षण तथा प्रवर्धनका लागि राज्यको प्रतिबद्धता तथा भविष्यमा पुन: युद्धअपराधका घटना नहून् भन्नका लागि रोम विधानको अनुमोदन जरुरी छ। सार्वभौम प्रतिनिधिसभाले रोम विधान पालना गर्न दिएको निर्देशन पालना गर्न र तत्सम्बन्धी कानुनको निर्माण गरी रोम विधान अनुमोदनका लागि मार्गप्रशस्त गर्न नेपाल सरकारसँग माग गर्दछौँ"।

१ सय २८ धारामा विभाजित रोम विधानको धारा ५ अनुसार आमसंहार, मानवताविरोधी अपराध, युद्धअपराध, विश्वको कुनै व्यक्तिले जहाँसुकै गरेमा पनि यस अदालतले कारबाही गर्न सक्ने व्यवस्था र दक्षिण एसियाबाट अफगानिस्तान बङ्गलादेश र मालदिभ्ससहित विश्वका १ सय १९ देशले विधान अनुमोदन गरिसक्दा रोम विधानको अपरिहार्यता प्रष्ट देखिएको बताउँदै अध्यक्ष प्याकुरेलले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्ने सम्बन्धमा विगत आठ वर्षदेखि सरकार र दलका नेताहरूले बारम्बार प्रतिबद्धता व्यक्त गर्दै आए तापनि अनुमोदनका लागि कुनै व्यवहारत: क्रियाशीलता नदेखाउनु विडम्बनापूर्ण रहेको विज्ञप्तिमा उल्लेख थियो।

## इन्सेक कार्यक्रम तथा परियोजना अभिमुखीकरण बैठक सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) केन्द्रीय कार्यालय काठमाडौँको आयोजनामा इन्सेकको कार्यक्रम तथा परियोजना अभिमुखीकरण बैठक इन्सेक केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालयको प्रतिनिधिहरूको उपस्थितिमा ०७१ भदौ ४ गते काभ्रेको धुलिखेलमा सम्पन्न भयो। बैठकमा इन्सेकका अध्यक्ष सुबोधराज




**कार्यक्रम तथा परियोजना अभिमुखीकरण बैठकका सहभागीहरू**

प्याकुरेलले नेपाली नागरिकको गरिमा बचाउने काममा केन्द्रित भएर मानवअधिकार घटनाको अभिलेखीकरण गर्दै द्वन्द्वकालमा नागरिकको जीवन रक्षा गर्ने कार्यमा इन्सेकले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए।

अनुगमन र अभिलेखीकरण अध्ययन अनुसन्धानमूलक रूपमा गर्न अध्यक्ष प्याकुरेलले सुझाए। इन्सेक कार्यकारी निर्देशक विजयराज गौतमले जिम्मेवार निकायलाई जवाफदेही बनाउन इन्सेक अभियानलाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिँदै अभिलेखीकरण तथा प्रलेखीकरण, जिम्मेवार निकायलाई जिम्मेवार बनाउन र मानवअधिकार पैरवी अभियानमा इन्सेकको कार्यक्रम केन्द्रित रहेको बताए। इन्सेक प्रशासन प्रमुख प्रेम पराजुलीले अबको चुनौतीलाई समाधान गर्ने गरी कार्यक्रम तथा परियोजनालाई प्रभावकारीरूपमा लागु गर्नु पर्नेमा जोड दिए। कार्यक्रममा इन्सेक केन्द्रीय कार्यालय तथा पाँच ओटै क्षेत्रका क्षेत्रीय संयोजक, कार्यक्रम अधिकृत र प्रलेख अधिकृत गरी २५ जनाको सहभागिता रहेको थियो।

## प्रकाश मानवअधिकार पुरस्कार थेवेलाई प्रदान

अनौपचारिक क्षेत्र वा केन्द्र (इन्सेक)ले संस्थापक महासचिव प्रकाश काफ्लेको स्मृतिमा २०५१ सालदेखि हरेक वर्ष प्रदान गर्दै आएको प्रकाश मानवअधिकार पुरस्कार  इलामका मानवअधिकारकर्मी मोहनसिंह थेवेलाई ०७१ साउन १६ गते प्रदान गऱ्यो। इन्सेकले मानवअधिकारको क्षेत्रमा उल्लेख्य योगदान गरेका व्यक्तित्वलाई प्रदान गर्ने यो पुरस्कार प्राप्त गर्ने थेवे २० औँ व्यक्ति हुन्। मानवअधिकार मञ्च नेपाल, इलामका अध्यक्ष रहेका थेवे द्वन्द्वकालदेखि नै मानवअधिकारको क्षेत्रमा क्रियाशील रहँदै आएका छन्।

साउन १६ गते इलाम सदरमुकाममा आयोजित एक कार्यक्रममा इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल, संविधानविद् निलाम्बर आचार्य र संस्थापक अध्यक्ष सुशील प्याकुरेलले थेवेलाई सम्मानपत्रसहित नगद ५० हजार रुपियाँ प्रदान गरेका थिए। लामो समयसम्म थेवेले मानवअधिकारको क्षेत्रमा निर्भिकतापूर्वक सक्रियता देखाएकाले यो पुरस्कार प्रदान गरिएको हो। लिम्बू जातिको भाषा संस्कृति संवर्द्धनमा समेत थेवेको योगदान रहेको छ। "किशोरावस्थादेखि नै आममानिसका अधिकारका लागि भएका हरेक



**प्रकाश मानवअधिकार पुरस्कार थेवेलाई प्रदान गर्नुहुँदै प्रमुख अतिथि निलाम्बर आचार्य**

आन्दोलनमा सकृय सहभागिताका लागि थेवे सुपरिचित हुनुहुन्छु", पुरस्कार दिनका कारण खुलाउँदै अध्यक्ष सुबोधराजले भने, "मानवअधिकारका काम गर्दा कति समस्या र अप्ठ्यारो हुन्छ, त्यो राज्यले थाहा पाओस् भन्ने हाम्रो अभिप्राय हो "।

मानवअधिकारकर्मी एवम् इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेका दुई विशेषता रहेको बताउँदै प्याकुरेलले भने, "जनता दैनिकीसँग मानवअधिकार आन्दोलन जोडिनुपर्छ। त्यसो हुँदा प्रजातन्त्र र मानवअधिकार एक अर्काका पर्याय हुन्। यस्तो प्रजातन्त्रमा जनताको आवाज सुनिन्छ र जनतालाई कदर गरिन्छ। यो सुनिने र कदर गरिने वातावारणलाई व्यवहारमा लागु गर्न मानवअधिकारकर्मी लाग्नुपर्छ भन्ने प्रकाश काफ्लेको विशेषता थियो। त्यहीअनुसार हामी पनि लाग्नु पर्छ"।

कार्यक्रममा प्रमुख अतिथि संविधानविद् निलाम्बर आचार्यले जहाँ दण्डहीनता हुन्छ त्यहाँ कानुनको संरक्षण नहुने बताए। मानवअधिकारको रक्षा हुँदैन भन्दै अहिले पनि मानवअधिकारकर्मीहरूलाई अप्ठ्यारो रहेको उनले बताए। "असल मानिसलाई असल भन्ने प्रचलन कम छ। तर, मानिसलाई असल भन्ने प्रक्रिया इन्सेकले प्रकाश मानवअधिकार पुरस्कारमार्फत गरेको छ। त्यसैले इन्सेक धन्यवादको पात्र छ"। आचार्यले भने, "देशमा नयाँ सविंधान आएर नागरिकका अधिकार प्राप्त नभएसम्म दण्डहीनता बाँचिरहन्छ। त्यसैले नयाँ संविधान जारी गर्न अब दलहरूको सहमति नै मुख्य कुरा बनेको छ"।

कार्यक्रममा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलले अहिलेको मानवअधिकार आन्दोलनलाई यो उचाइमा पुऱ्याउने श्रेय प्रकाश काफ्लेलाई जाने बताए। "जब इन्सेकले प्रकाश पुरस्कार स्थापना गऱ्यो र हरेक वर्ष त्यही प्रकाशको खोजीमा यो पुरस्कार इन्सेकले प्रदान गरेर प्रकाश जन्माउने गरेको छ। आज पुरस्कृत मोहनसिंह थेवेलाई अर्को प्रकाशका रूपमा जन्माएको छ"। मोहनसिंह थेवे पनि विगतको लामो द्वन्द्वका समयमा पीडितलाई बचाउन र मानवअधिकार रक्षा गर्दै न्यायका लागि लड्ने प्रमुख पात्र भएको प्याकुरेलले बताए।

सो अवसरमा मानवअधिकार आयोगका क्षेत्रीय संयोजक कोषराज न्यौपाने, नेपाली काङ्ग्रेसका जिल्ला नेता हिमालय कर्माचार्य, सहायक प्रमुख जिल्ला अधिकारी तेजेन्द्र गौतम, शान्ति समिति इलामकी संयोजक बसन्ती घातानी, गैसस महासङ्घ इलामकी उपाध्यक्ष कमला बराल, नेपाल पत्रकार महासङ्घ, इलामका अध्यक्ष रोहितचन्द्र भट्टराईलगायतले मन्तव्य व्यक्त गरेका थिए।


# हार्दिक बधाई



**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का महासचिव तथा त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक लालबाबुप्रसाद यादवलाई नेपाल सरकारले संविधानसभा सदस्य पदमा मनोनयन गरेकोमा उहाँप्रति इन्सेक परिवार हार्दिक बधाई ज्ञापन गर्दछ ।**

**संविधानसभामा यादवको उपस्थितिले मानवअधिकारमैत्री संविधान निर्माणमा सहयोग पुग्ने विश्वास गर्दै उहाँको कार्यकालको सफलताको कामना गर्दछौं ।**

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

# क्षेत्रीयस्तरका कार्यक्रम

## पूर्वाञ्चल क्षेत्रीय कार्यक्रम

### वर्षपुस्तक प्रकाशनपूर्व समीक्षा सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय विराटनगरको आयोजनामा ०७१ असोज ३० गते नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ को प्रकाशनपूर्व समीक्षा कायक्रम सम्पन्न भयो। तीन महिनाको अवधिमा जिल्लामा सङ्कलन गरिएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको विश्लेषण गर्दै इन्सेक जिल्ला प्रतिनिधिले तयार पारेको प्रतिवेदनमाथि सरोकारवालाहरुले उक्त कार्यक्रममा टिप्पणी गरेका थिए कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि सुकदेव चौधरीले मोरङ जिल्लामा भएका जुलाइदेखि सेप्टेम्बर २०१४ सम्मको मानवअधिकारका घटनाहरू समेटिएको प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रतिवेदनले यस अवधिमा जिल्लाको अवस्थालाई विश्लेषण गर्दा मानवअधिकर हनन, उल्लङ्घन तथा ज्यादतीका ५८ वटा घटनामा चार पुरुष र ५२ महिलासहित ५६ जना प्रभावित भएको देखाएको थियो।

कार्यक्रमका प्रमुख अतिथि न्यौपानेले मानवअधिकारको संरक्षण तथा संवर्द्धन गर्न राज्यको दायित्व त छँदैछ तथापि आमनागरिक पनि सचेत तथा कर्तव्यनिष्ठ हुन जरुरी रहेको बताए । आयोगलाई बलियो बनाउन सचेत नागरिकको भूमिका ठूलो भएको औँल्याउँदै कतिपय मानवअधिकारका सवालहरू मिडियामा आएकै भरमा आयोगले उजुरी दर्ता गरी सम्बन्धित निकायसँग जवाफ मागेको जानकारीसमेत



वर्षपुस्तक प्रकाशनपूर्व समीक्षाका सहभागीहरू

उनले सो अवसरमा दिएका थिए। कार्यक्रममा नेकपा एमालेका उपाध्यक्ष चन्द्रवीर राई, महिला मानवअधिकार रक्षक सञ्जालकी मन्जीता उपाध्याय, जिल्ला प्रहरी कार्यालयका सई शान्ताराम कार्की, नेपाल पत्रकार महासङ्घ मोरङका अध्यक्ष महेन्द्र विष्ट, नागरिक सरोकार मञ्चका मोहन भट्टराई, बाल समाज नेपालकी सीता पौडेल, ओपरडेककी सञ्जु साह, पत्रकार सत्यनारायण शर्मालगायतले प्रतिवेदनमा छुटेका घटना बुँदाहरू औँल्याउँदै सङ्कलित घटनाहरूमाथि सल्लाह सुझाव दिएका थिए। सो कार्यक्रममा विभिन्न सङ्घसंस्था, राजनीतिक दल, पत्रकार, मानवअधिकारकर्मीसहित ४४ जनाको उपस्थिति रहेको थियो। कार्यक्रम क्षेत्रीय संयोजक सोमराज थापाको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रमको प्रमुख अतिथि राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरका निर्देशक कोषराज न्यौपाने रहेका थिए। कार्यक्रममा स्वागत मन्तव्य इन्सेक प्रलेख शाखाका दीपेन नेउपानेले व्यक्त गरेका थिए।

### सरोकारवालाहरू र सेवाप्रदायक निकायहरूबीच संवाद कार्यक्रम

स्थानीय समुदायको शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका लागि पहल (कियोस) कार्यक्रमअन्तर्गत लखन्तरी गाविसमा स्थानीय सरोकारवाला र सेवाप्रदायक निकायहरूबीच गाविसस्तरीय संवाद कार्यक्रम मानवअधिकार निगरानी समूहका संयोजक कर्णबहादुर मगरको अध्यक्षतामा तथा गाविस सचिव माला सापकोटाको प्रमुख अतिथ्यतामा ०७१ असोज २८ गते सम्पन्न भयो । कार्यक्रम शिक्षा, स्वास्थ्य, कृषि तथा खाद्य अधिकारसम्बन्धी प्रावधानको कार्यान्वयनका लागि जिम्मेवारहरूलाई अझ जिम्मेवार बनाउने उद्देश्यले गरिएको थियो भने कार्यक्रममा गाविसस्तरीय विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू, वडा नागरिक मञ्चका संयोजकहरू, कृषि समूहका प्रतिनिधिहरू तथा महिला समूहका प्रतिनिधिहरूसमेत १३ महिला र



**स्थानीय सरोकारवाला र सेवाप्रदायक निकायहरूबीच गाविस स्तरीय संवाद कार्यक्रमका सहभागीहरू**

२० पुरुष गरी ३३ जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा इन्सेक क्षेत्रीय कार्यालयकी बागमती कट्टेलले स्थानीय जनताहरूका शिक्षा, स्वास्थ्य, कृषि तथा खाद्य सुरक्षामा देखिएका समस्याहरूलाई पहिचान गरी समाधानका लागि स्थानीय सेवाप्रदायक र सेवाग्राहीबीच छलफल हुने वातावरण सृजनाका लागि कार्यक्रमको आयोजना गरिएको बताएकी थिइन्। छलफलको क्रममा सहभागीहरूले कृषिका बारेमा स्वयम् कृषकहरू पनि सचेत नभएका, सिंचाइको सुविधा नभएको, समयमा मल बीउहरू पाउन नसकिएको जस्ता समस्याहरू औँल्याएका थिए। यस्तै, सहभागीहरुले वीरेन्द्र माविमा विद्यार्थीहरु नियमित उपस्थिति नभएको, नि:शुल्क कोचिङ कक्षा लिँदा पनि विद्यार्थीहरू नआउने समस्या रहेको, जातीय भेदभाव अझै कायम रहेको, दलित र पिछडा वर्गलाई ध्यानमा राखेर गाविसले काम गर्नु बताएका थिए।

सेवाप्रदायकको तर्फबाट स्वास्थ्य चौकी प्रमुख टङ्कनाथ ढकालले पोषण सेवा न्यून भएको, सेवाग्राही सेवा लिन खासै नआएको, सरकारले तोकेअनुसारको गुणस्तरीय सेवा दिन नसकिएको, ३५ प्रकारका औषधीहरू पनि सबै एकैचोटी स्वास्थ्यचौकीमा नआएको जानकारी गराएका थिए। यस्तै, गाविस सचिव माला सापकोटाले गाविसलाई सन् २०१५ सम्ममा खुल्ला दिसामुक्त घोषणा गर्ने जिविसको योजना रहेको जानकारी गराएकी थिइन्।

## बालअधिकार तालिम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरको आयोजनामा कार्यक्रम सञ्चालित विद्यालयमा रहेका बालअधिकार चेतना समूहका सदस्यहरूका लागि जिल्लास्तरीय बालअधिकार तालिम विभिन्न जिल्लामा विभिन्न मितिमा सम्पन्न भए। उक्त तालिमहरू, सुनसरीमा ०७१ असोज २ र ३ गते १४ बालिका र १६ बालक गरी जम्मा ३० जना, मोरङ जिल्लाको झोराहाट गाविसस्थित आरआरएनको भवनमा ०७१ असोज ४ र ५ गते १६ बालिका र १५ बालक गरी जम्मा ३१ जना तथा झापाको तोपगाछि गाविसस्थित मदन आश्रित स्मृति माविमा ०७१ असोज ६ र ७ गते १९ बालिका र १४ बालक गरी जम्मा ३२ जना बालबालिकाको सहभागितामा सम्पन्न भएका थिए। तालिमको सहजीकरण सोमराज थापा, सुकदेव चौधरी, सरस्वती राजवंशी, अर्जुन बस्नेत, रमेश अधिकारीलगायतले सो गरेका थिए। तालिममा बालअधिकार के हो ?, बालबालिका को हुन् ?, बालअधिकारको ऐतिहासिक विकासक्रम, बालअधिकार महासन्धि, १९८९, बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिका शान्ति क्षेत्र अवधारणा, बालश्रमका कारण



**बालअधिकार चेतना समूहका लागि सञ्चालित कार्यक्रमका सहभागीहरू**

र परिणाम, बालयौन दुर्व्यवहार, बालभित्ते पत्रिका र सृजनशील लेखाइ तथा बालक्लबको बारेमा जानकारी सहजीकरण गरिएको थियो। तालिमको समापनका क्रममा पब्लिक माविका बनीगामाका जयप्रसाद घिमिरे, प्रजातान्त्रिक मावि, भौडाहाका लिला तिम्सिना, वीरेन्द्र मावि लखन्तरीमा टीकाबहादुर कार्की, सरस्वती उमाविका माला राजवंशी, महेन्द्र मावि मोतीमुरका अमितकुमार सरदारले तालिममा सिकेका कुराहरू आफ्नो विद्यालयका बाल क्लबमा आदानप्रदान गर्ने, समूहलाई सबल बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने तथा बालबालिकाको हकहितका लागि आवाज उठाउने प्रतिबद्धता गरेका थिए।

## जिल्लास्तरीय मानवअधिकार निगरानी समूह गठन

स्थानीय समुदायको शिक्षा, स्वास्थ्य र आर्थिक अधिकारका लागि जिम्मेवार निकायलाई जवाफदेही बनाउन पहल (कियोस) परियोजनाअन्तर्गत जिल्लास्तरीय मानवअधिकार निगरानी समूह गठन तथा परिचयात्मक कार्यक्रम इन्सेकका क्षेत्रीय संयोजक सोमराज थापाको अध्यक्षतामा ०७१ असोज १ का दिन विराटनगरमा सम्पन्न भयो। जिल्लास्तरमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित खासगरी शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका सवालहरूमा अनुगमन गर्ने र सम्बन्धित सरोकारवालाहरूसँग समन्वय अनि सहकार्य गर्ने उद्देश्यले समितिको गठन गरिएको हो। त्रिलोक न्यौपानेको संयोजकत्वमा गठित ११ सदस्यीय जिल्ला निगरानी समूहको सदस्य सचिवमा इन्सेकमा सोमराज थापा तथा संयोजकमा ओरेकका बिमला ढुङ्गाना रहेका छन् भने अन्य सदस्यहरूमा, प्रतिनिधि मदन प्रतिष्ठान उर्लावारी, महेन्द्र विष्ट, सभापति नेपाल पत्रकार महासङ्घ, सीता शर्मा, महासचिव नारीविकास सङ्घ, सीता पौडेल, अध्यक्ष बाल समाज नेपाल, देवी बाँस्कोटा, मानवअधिकार निगरानी समूह पूर्व संयोजक बैजनाथपुर गाविस, मन्जीता, उपाध्याय संयोजक कोकन तथा प्रतिनिधि जिल्ला बार एशोसिएशन मोरङ रहेका छन्।

परिचयात्मक कार्यक्रममा वक्ताहरूले सहकार्य गरेर काम गर्नुपर्ने, स्थानीय मुद्दाहरूलाई उठान गर्नका लागि अन्य संस्थाहरूसँग समन्वय गरिनुपर्ने, स्थानीय समस्यामा स्थानीय निगरानी समितिले राज्यको नीतिगत व्यवस्थाअनुसार काम भए नभएको जानकारी राखी सुधारका लागि पहल थाल्नुपर्ने, स्थानीयस्तरमा अन्य विभिन्न सङ्घसंस्थाले गरेका कामहरूको पनि निगरानी गरिनुपर्ने साथै स्थानीय सवालहरूलाई सञ्चार माध्यमबाट प्रचारप्रसार गराउने र कानुनी सवालहरू भए पनि प्रभावकारी वकालत गर्ने प्रणालीको थालनीका लागि निगरानी समूहले भूमिका निर्वाह गर्नुपर्ने धारणा व्यक्त गरेका थिए। यसरी आफ्नो विचार राख्नेमा देवी बाँस्कोटा, उमेश विश्वकर्मा, सीता शर्मा, सीता पौडेल, कर्णबहादुर मगर, हिमलाल पाठक, सरस्वती लुंइटेल तथा विमला ढुङ्गानालगायतका रहेका थिए।

## सहजकर्ता छनौट सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरले जिम्मेवार निकायलाई जवाफदेही बनाउने (इएलपी) कार्यक्रमअन्तर्गत पूर्वाञ्चलका तीन जिल्लाका नौ गाविस र कियोस परियोजना सञ्चालन हुने मोरङ जिल्लाको एक गाविसका लागि स्थानीय सहजकर्ता छनौट गऱ्यो। यसअन्तर्गत लखनपुर गाविसका लागि बसुन्धरा नेपाल, धरमपुर गाविसका लागि सरस्वती राजवंशी र तोपगाछि गाविसका लागि एलिजा भण्डारी छनौट भएका थिए। त्यसै गरी, पकली गाविसमा यमुना गुँरागाई, भासी गाविसमा देवकृष्ण यादव र मधेसा गाविसमा त्रिवेणकुमार सिंह, लखन्तरीमा कल्पना चौधरी, मोतिपुरमा मनोज विश्वास, झोराहाटमा राधेश्याम बराल र भौडाहा गाविसका लागि केशव सर्दार छनौट भएका थिए।

## सहजकर्ताहरूका लागि परियोजना अभिमुखीकरण

इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरले इएलपी र कियोस परियोजनाका १० जना स्थानीय सहजकर्ताहरूलाई ०७१ भदौ १० र ११ गते परियोजनाअन्तर्गत गरिने क्रियाकलापहरूको बारेमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गऱ्यो। अभिमुखीकरणमा बागमती कट्टेल, रमेश अधिकारी र सोमराज थापाले कार्यक्रमको उद्देश्य, आधारभूत मानवअधिकार र इन्सेक गतिविधिबारे जानकारी, समन्वय, सहकार्य र समुदायमा सहजीकरण गरी विश्वास जित्ने सीप, गाविसस्तरीय कार्यक्रम र जिल्लास्तरीय कार्यक्रमका लागि सहजकर्ता र जिल्ला प्रतिनिधिको भूमिका, प्रतिवेदन लेखन सीप, सफलताका



**सहजकर्ताहरुका लागि परियोजना अभिमुखीकरण कार्यक्रमका सहभागीहरू**

कथाहरू बनाउने तरिका, योजना तर्जुमा र लेखा आदि विषयमा सहजीकरण गरेका थिए। कार्यक्रमको अन्तमा सहभागीहरूले गाविसमा गरिने कार्यक्रमहरूको वार्षिक योजनासमेत तयार पारेका थिए।

## बेइजिङ +२० विषयक एक दिवसीय कार्याशाला गोष्ठी

इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरको आयोजनामा ०७१ साउन २३ गते बिर्तामोडमा बेइजिङ +२० विषयक एक दिवसीय कार्याशाला गोष्ठी सम्पन्न भयो। इन्सेकका पूर्वाञ्चल क्षेत्रीय संयोजक सोमराज थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बेइजिङ्ग +२० मा महिलाको वर्तमान अवस्था, समस्या र चुनौतीको विषयमा 'युएन उमन'द्वारा पेश गरिने प्रतिवेदनका सन्दर्भमा नेपाली महिलाहरूको अवस्था, समस्या र समाधानका उपाय एवम् चुनौतीहरूलगायत विगत पाँच वर्षमा भएका उपलब्धि र आगामी पाँच वर्षमा सुधार गर्नुपर्ने कुराहरूको विषयमा छलफल गरिएको थियो।

कार्यक्रमका सहभागीहरूले बलात्कार, लैङ्गिक हिंसा, दाइजो प्रथा, वैदेशिक रोजगारीले ल्याएको समस्या र चुनौती बहुविवाहमा पुरुषवादी चिन्तन हावी, मानव बेचविखन, चेतनाको अभाव, अशिक्षा र गरिबीजस्ता कुराहरूलाई महिलाका समस्याका रूपमा पहिचान गरेका थिए। यस्तै, महिलाहरू प्रविधिक शिक्षा र आयआर्जनको बाटोमा सक्षम हुँदै गएको, नेतृत्व लिन सक्षम हुँदै गएको, विभिन्न समूहमा आबद्ध भई सामाजिक कुरीतिहरूका विरुद्ध आवाज उठाउन प्रयत्नशील रहेको, सम्पत्ति र आय-आर्जनमा महिलाको पहुँच, स्वास्थ्य क्षेत्रमा महिलाको पहुँचमा अभिवृद्धि आदि विगत पाँच वर्षमा भएका उल्लेख्य उपलब्धिहरूका रूपमा औँल्याएका थिए। सरकारी नीतिको अस्पष्टता र प्रभावकारी कार्यान्वयनको अभाव, जघन्य अपराधका घटनालाई राजनीतिकरण गरी दोषीलाई संरक्षण गर्ने प्रवृत्ति, दण्डविहीनता, रुढीवादी सोच, सामाजिक मूल्य र मान्यता आदि कुराहरूलाई महिलाका चुनौतीका रूपमा औँल्याएका थिए। साथै सहभागीहरूले आगामी दिनमा महिला सहभागिताका लागि सरकारले लिएको नीति कार्यान्वयन, जनसङ्ख्याको आधारमा सहभागिता, स्वदेशमै रोजगारी र आर्थिक उपार्जनका लागि विविध कार्यक्रम लागु गर्नुपर्ने, आमाको नामबाट नागरिकता दिने नीतिको प्रभावकारी कार्यान्वयन गरिनुपर्ने, महिला हिंसामा संलग्न व्यक्तिलाई राज्यबाट दिने सेवा सुविधा कटौती गरी कडा कारबाही गरिनुपर्ने, राष्ट्रिय नीति निर्माण गर्दा महिला विकास र सहभागितालाई प्राथमिकतामा राखी ठोस कार्ययोजना तयार गर्नेजस्ता सुझावहरू दिएका थिए।



**बेइजिङ +२० बारेमा बताउँदै**
**इन्सेक क्षेत्रीय कार्यालयका बागमता कट्टेल**

कार्यक्रमको समापनका क्रममा आफ्नो विचार राख्दै महिला तथा बालबालिका कार्यालयकी प्रमुख तारा अधिकारीले लैङ्गिक हिंसालाई १३ नम्बरमा राखिनुपर्ने, बलात्कारका घट्ना न्यूनीकरण गर्न योजना तथा कार्यक्रम ल्याइनुपर्ने, संयुक्त राष्ट्रसङ्घ प्रस्ताव नं. १३२५ र १८२० का तालिमहरूलाई गाउँगाउँसम्म पुऱ्याउनुपर्ने कुरामा जोड दिएकी थिइन्। यस्तै, स्थानीय शान्ति समिति संयोजक सूर्य नारायण गणेशले देशको हरेक क्षेत्रमा महिलाहरूको पहुँच हुनुपर्ने, द्वन्द्वपीडितको कार्यक्रममा महिलालाई अनिवार्य सहभागिता गराइनुपर्ने तथा महिला माथिको हिंसा न्यूनीकरण कार्ययोजना ल्याइनुपर्ने बताएका थिए। कार्यक्रममा महिला तथा बालबालिका कार्यालयकी प्रमुख उपसचिव तारा अधिकारी, बाल कल्याण अधिकृत लक्ष्मी कँडेल, नेपाली काङ्ग्रेसका देवेन्द्र गौतम, नेकपा (एमाले)का पवित्रा महत्तरा, एमाओवादीकी लक्ष्मी न्यौपाने, स्थानीय शान्ति समिति झापाका संयोजक सूर्यनारायण गणेश, प्यागका केन्द्रीय अध्यक्ष डम्बर बस्नेतलगायतको सहभागिता रहेको थियो। कार्यक्रमका २२ महिला र ११ पुरुष गरी ३३ जनाको उपस्थिति रहेको थियो।

## गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन

### मोरङ

इन्सेक क्षेत्रीय कार्यालय विराटनगर र लखन्तरी गाविसको आयोजनामा शिक्षा, स्वास्थ्य र



**गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठनका लागि उपस्थित सहभागीहरू**

खाद्यअधिकारका सम्बन्धमा जिम्मेवार निकायलाई जवाफदेही बनाउन पहल परियोजनाअन्तर्गत गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन ०७१ भदौ २४ मा सम्पन्न भयो। कार्यक्रममा इन्सेकद्वारा एक वर्षका लागि गाविसमा सञ्चालन गरिने गतिविधिका बारेमा समेत जानकारी गराइएको थियो। कर्णबहादुर मगरको संयोजकत्वमा गठित १० सदस्यीय मानवअधिकार निगरानी समूहका अन्य सदस्यहरूमा रामजी ऋषिदेव, संगीना माझी, ऋषिकान्त चौधरी, शोभा सर्दार, सावित्रा मण्डल, सीता खाँ, सुरेशकुमार माझी, सरनदेवी माझी, कर्णबहादुर मगर र सुनीता विश्वास रहेका छन्।

कार्यक्रममा इन्सेक विराटनगरका बागमती कट्टेलले शिक्षा, स्वास्थ्य र खाद्यअधिकारमा एक वर्षसम्म गरिने कार्यक्रमको ढाँचा प्रस्तुत गर्दै उद्देश्यका बारेमा बताएकी थिइन्। गाविसमा भएका शिक्षा स्वास्थ्य र खाद्य सुरक्षाका सवालमा बेगनलाल निमाविका प्रधानाध्यापक कृष्णहरि घिमिरे, स्वास्थ्यचौकीका प्रमुख टङ्क ढकाल र नेपाली काङ्ग्रेसका कृष्णकुमार सर्दारलगायतले आफ्नो विचार व्यक्त गरेका थिए। कार्यक्रमका अन्य सहभागीहरूले कृषि क्षेत्रमा आवश्यक मल, बीउ पाउन नसकेको, दलित समुदाय तथा थारु समदायका बालबालिका विद्यालयमा नियमित नभएका, गाविससम्मका बाटाघाटाहरू पनि राम्रो नभएको, गाविसले विनियोजन गरेको बजेट फ्रिज भएर गएको, शिक्षामा पनि गुणस्तरता नभएको जस्ता सवालहरू उठाएका थिए। कार्यक्रममा लखनतरी स्वास्थ्य चौकीका प्रमुख टङ्क ढकाल, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, महिला स्वास्थ्य स्वयम्सेविकाहरू, वडा नागरिक मञ्चका प्रतिनिधिहरू, गाविसस्तरीय महिला सञ्जालका प्रतिनिधि, युवा सञ्जालका प्रतिनिधि, शिक्षकहरूलगायत विभिन्न सङ्घसंस्थाका प्रमुख वा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

इन्सेक विराटनगर र मोतिपुर गाविसको आयोजनामा ०७१ भदौ २० गते मानवअधिकार निगरानी समिति गठन तथा परिचयात्मक कार्यक्रम गाविस सचिव लिला बास्तोलाको अध्यक्षतामा सम्पन्न भयो। उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, महिला स्वास्थ्य स्वयम्सेविकाहरू, वडा नागरिक मञ्चका प्रतिनिधिहरू, गाविसस्तरीय महिला सञ्जालका प्रतिनिधि, युवा सञ्जालका प्रतिनिधि, विद्यालयका प्रअ तथाशिक्षकहरूलगायत विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि गरी जम्मा ७० जनाको उपस्थिति रहेको थियो। कार्यक्रममा हेमलाल पाठकको संयोजकत्वमा १३ सदस्य मानवअधिकार निगरानी समूह गठन गरिएको थियो।

यसै गरी, ०७१ भदौ २२ गते झोराहाट गाविसमा परियोजना परिचयात्मक तथा मानवअधिकार निगरानी समूह गठन कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा सरस्वती लुइँटेलको संयोजकत्वमा १३ सदस्यीय मानवअधिकार निगरानी समूह गठन भएको थियो। समूहमा वडा नागरिक मञ्चका प्रतिनिधिहरू, दलका प्रतिनिधिहरू, अभिावकहरू, बुद्धिजीवीहरू रहेका छन्। कार्यक्रममा ३७ जनाको उपस्थितिमा रहेको थियो।

यसै गरी, ०७१ भदौ २४ गते भौडाहा गाविसमा गाविस सचिव ईश्वरीप्रसाद पोखरेलको अध्यक्षतामा परियोजना परिचयात्मक तथा मानवअधिकार निगरानी समूह गठन कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा १० महिला र २९ पुरुष गरी जम्मा ३९ जनाको सहभागिता थियो। भेलाले सुनिल मुडियारीको संयोजकत्वमा नौ सदस्यीय गाविसस्तरीय निगरानी समूह गठन गरेको छ।

## सुनसरी

जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रमअन्तर्गत सुनसरी जिल्लाको मधेसा गाविसमा ०७१ भदौ १९ गते इन्सेकका रमेश अधिकारीको अध्यक्षता र गाविस सचिव भागिरथ सन्जेलको प्रमुख आतिथ्यतामा परियोजना परिचयात्मक तथा गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन कार्यक्रम सम्पन्न भयो। १४ महिला र २८ पुरुष गरी ४२ जनाको उपस्थितिमा भएको सो कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरू, स्थानीय निकायका प्रतिनिधिहरू समाजसेवी, शिक्षकहरू, स्थानीय समुदाय

तथा बुद्धिजीवीलगायतको उपस्थितिले सत्यनारायण चौधरीको संयोजकत्वमा ११ सदस्य मानवअधिकार निगरानी समित गठन गरेको थियो।

यसै गरी, सुनसरीको भासी गाविसमा गाविस सचिव भक्तबहादुरको प्रमुख आतिथ्य र रमेश अधिकारीको अध्यक्षतामा ०७१ भदौ २० परियोजना परिचयात्मक तथा गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन कार्यक्रम सम्पन्न भयो। १९ महिला र २९ पुरुष गरी जम्मा ४८ जनाको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमले १३ सदस्य गाविसस्तरीय निगरानी समूह गठन गरेको थियो।

०७१ भदौ २३ गत पकली गाविसमा इन्सेक क्षेत्रीय कार्यालयकी बागमती कट्टेलको अध्यक्षतामा कार्यक्रम परिचयात्मक तथा मानवअधिकार निगरानी समूह कार्यक्रम सम्पन्न भयो। गाविस सचिव शक्तिराज रेग्मीको प्रमुख आतिथ्यता सम्पन्न सो कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरू, वडा नागरिक मञ्चका संयोजकहरू, स्थानीय सङ्घसंस्थालगायत १९ महिला र १८ पुरुष गरी ३७ जनाको सहभागिता थियो। कार्यक्रमको उद्देश्य बारेमा जिल्ला प्रतिनिधि शेखर ढकालले जानकारी गराएका थिए। कार्यक्रमले अम्बिका चौधरीको संयोजकत्वमा १३ सदस्यीय मानवअधिकार निगरानी कार्यसमितिको गठन गरेको थियो।

### झापा

झापा जिल्लाको लखनपुर गाविसमा गाविस सचिव राजमकुमार शाक्यको अध्यक्षतामा परियोजना परिचायत्मक तथा निगरानी समूह गठन कार्यक्रम ०७१ भदौ १९ गते सम्पन्न भयो। ३७ जनाको सहभागिता रहेको सो कार्यक्रमबाट ११ सदस्य निगरानी समूहको गठन भएको थियो।

यसै गरी, झापाको तोपगाछि गविसमा गाविस सचिव सविना दाहालको अध्यक्षतामा परिचयात्मक तथा निगरानी समूह गठन कार्यक्रम ०७१ भदौ २० सम्पन्न भएको थियो। २२ महिला र २८ पुरुष गरी ५० जनाको सहभागितामा सम्पन्न उक्त कार्यक्रमबाट १५ सदस्य गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन भएको थियो।

यसै गरी, इन्सेकको आयोजनामा धरमपुर गाविसमा सचिव पूर्णबहादुर कुँवरको अध्यक्षतामा परियोजना परिचयात्मक तथा निगरानी समूह गठन कार्यक्रम ०७१ भदौ २२ गते सम्पन्न भयो। ४० जनाको उपस्थिति रहेको कार्यक्रमबाट १७ सदस्य मानवअधिकार निगरानी समूह गठन गरिएको थियो।

## समन्वय बैठक/छलफल सम्पन्न

### सुनसरी

#### पकली गाविस

सुनसरीको पकली गाविसमा पनि ०७१ असोज २८ गते सेवाप्रदायक र सेवाग्राहीबीच समन्वय बैठक सम्पन्न भयो। इन्सेकका रमेश अधिकारीको अध्यक्षता र गाविस सचिव शक्तिराज रेग्मीको प्रमुख अतिथ्यतामा सञ्चालित सो कार्यक्रममा पशु सेवा केन्द्रका प्रमुख दुर्गाप्रसाद पराजुलीले किसानहरू कहिले पनि पशुका विषयमा कार्यालयले दिने सेवाहरूको बारेमा जानकारी नभएर हो वा आवश्यक नपरेर हो अहिलेसम्म कुनै पनि किसानले सहयोग माग्न नआएको बताउँदै कोही सेवा माग्न आएमा नि:शुल्क सेवा दिने प्रतिबद्धता व्यक्त गरेका थिए। गाविस सचिव शक्तिराज रेग्मीले सेवाप्रदायक निकायले गरेका कमजोरीहरू भएमा सेवाग्राहीले औँल्याउनुपर्ने र त्यसका लागि आवश्यक सहयोग पनि पुऱ्याउनुपर्ने बताए। उक्त कार्यक्रममा २६ जनाको सहभागिता रहेको थियो।

#### मधेसा गाविस

त्यसै गरी, मधेसा गाविसस्थित उपस्वास्थ्य चौकीको तालिम गाविस सचिव भागिरथ सञ्जेलको अध्यक्षतामा सेवाप्रदायक र सेवाग्राहीबीच समन्वय बैठक सम्पन्न भयो। बैठकमा हुलाक कार्यालयबाट हरिप्रसाद उप्रेती, सामुदायिक अध्ययन केन्द्रबाट गणेशबहादुर खड्का, कृषि सहकारी संस्थाबाट महेश बस्नेत, उपस्वास्थ्य चौकी प्रमुख महेश पोखरेल, जनता उच्च माविका प्रअ बसन्त अधिकारीलगायतले आफ्नो विचार राखेका थिए। कार्यक्रममा गाविस सचिव भागिरथ सञ्जेलले गाउँ शिक्षा समिति बन्न नसकेको र सामाजिक सुरक्षा भत्ता वितरणमा ढिलाइ भएको कुरा स्वीकार गरेका थिए भने त्यसलाई सबैको सहयोगमा सुधार गर्नुपर्ने बताएका थिए। बैठक ३० जनाको सहभागितामा सम्पन्न भएको थियो।

### भासी गाविस

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) विराटनगरको आयोजनामा सुनसरीको भासी गाविसमा ०७१ भदौ २७ गते मानवअधिकार निगरानी समूहका सचिव लक्षुमण निरौलाको अध्यक्षतामा सेवाग्राही र सेवाप्रदायकबीच छलफल कार्यक्रम सम्पन्न भयो। गाविस सचिव भक्तबहादुर सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा उपस्वास्थ्यचौकी भासीका प्रमुख पशुर्राम साह, पशुसेवा केन्द्र प्रमुख दुर्गाप्रसाद पराजुली, क्षेत्रीय कृषि तालिम केन्द्रका तालिम अधिकृत मित्रलाल पौडेल विशिष्ठ अतिथिको रूपमा रहेका थिए। कार्यक्रममा मानवअधिकार निगरानी समूहका प्रतिनिधिहरू, वडा नागरिक मञ्चका संयोजकहरू, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूलगायत ३२ जनाको उपस्थिति रहेको थियो।

कार्यक्रममा इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालयकी बागमती कट्टेलले शिक्षा, स्वास्थ्य, कृषि तथा खाद्यअधिकारका लागि राज्यले प्रदान गरेको सेवा सुविधा स्थानीय तहका सरकारी निकायहरूले कसरी प्रवाह गरिरहेका छन् र सेवाग्राही त्यसबाट कति लाभान्वित भए भन्ने थाहा पाउन लागि कार्यक्रमको आयोजना गरिएको बताएकी थिइन्। छलफलको क्रममा पशुसेवा केन्द्रप्रमुख दुर्गाप्रसाद पराजुलीले पशु सेवासम्बन्धी विभिन्न विषयमा जानकारी गराएका थिए। क्षेत्रीय कृषि तालिम केन्द्रका तालिम अधिकृत मित्रलाल पौडेलले किसानहरूमा बालीलाई माया गर्ने, माटो परीक्षण गरेर बाली लगाउने र विषादीको प्रयोग गर्दा प्राविधिकहरूको सुझाव लिने चलन नभएका कारण खाद्य सुरक्षामा चुनौती आएको बताएका थिए। उपस्वास्थ्य चौकी प्रमुख परशुराम शाहले प्रतिदिन विरामीको चाप बढेको, ठूला विरामीहरूको उपचार गर्न नसक्दा जनताको अपेक्षा पुरा नहुने, बर्थिङ सेन्टरमा जनशक्तिको कमीले गर्दा सेवा दिनलाई गाहरो भएको जानकारी गराएका थिए। गाविस सचिव भक्तबहादुर सुवेदीले गाविसले जनतालाई दिने आवश्यक सेवाहरू प्रवाह गरी रहेको र त्यो राज्यले निर्देशन गरेको सिद्धान्तको आधारमा रहेको बताए।


सरोकारवालाहरु र सेवाप्रदायक निकायहरूबीच संवाद कार्यक्रम

## मोरङ

### मोतिपुर गाविस

स्थानीय मानवअधिकार निगरानी समितिका संयोजक हेमलाल पाठकको अध्यक्षतामा ०७१ असोज २८ गते सेवाप्रदायक र सेवाग्राहीबीच मोतिपुर गाविसमा छलफल भयो। गाविस सचिव लिलाप्रसाद बाँस्तोलाका प्रमुख आतिथ्यतामा सञ्चालित बैठकमा शिक्षा, स्वास्थ्य तथा कृषिका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थितिमा ३० जनाको सहभागिता रहेको थियो। छलफलमा सहभागी देवीप्रसाद पराजुलीले शिक्षा, स्वास्थ्य र कृषिका बारेमा जिज्ञासा राखेका थिए राखिएका जिज्ञासाहरूमा सम्बन्धित निकायका प्रमुख तथा प्रतिनिधिहरूले जवाफ दिए।

### झोराहाट गाविस

मानवअधिकार निगरानी समूहका संयोजक सरस्वती लुँइटेलको अध्यक्षतामा ०७१ असोज २७ गते सेवाग्राही र सेवाप्रदायक निकायबीच मोरङको झोराडाट गाविसमा समन्वय बैठक सम्पन्न भयो। २६ जनाको उपस्थितिमा भएको सो बैठकमा गाविस सचिव, कृषिसेवा केन्द्रका प्रमुख तथा पशुसेवा केन्द्रका प्रमुखहरूको, निगरानी समितिका पदाधिकारीहरू, राजनीतिक दलका प्रतिनिधहरूलगायतको उपस्थिति रहेको थियो। छलफलमा गाविसमा गठन भएको निगरानी समितिको कामकर्तव्य र अधिकार बारेमा सबैलाई जानकारी गराउनुपर्ने, शिक्षा, स्वास्थ्य र कृषि पशुसेवाका सवालमा सेवाप्रदायक सचेत र जिम्मेवार रहनुपर्ने र सेवाग्राहीले पनि आवश्यक परेको बेलामा सेवाको माग राख्नुपर्ने, जायज मागका बारेमा जानकारी राख्नुपर्ने कुराहरू उठाका थिए।

## झापा

### लखनपुर गाविस

झापाको लखनपुर गाविसमा ०७१ असोज २४ गते गाविस सचिव राजकुमार शाक्यको अध्यक्षतामा सेवाग्राही र सेवाप्रदायकबीचको समन्वय

बैठक सम्पन्न भयो। बैठकमा स्वास्थ्य चौकीका प्रमुख लोकनाथ गौतम, स्रोत व्यक्ति सूर्य गौतम, कृषि सेवा केन्द्रका फणिन्द्र भट्टराईसमेत सेवाग्राही ३२ जनाको उपस्थिति रहेको थियो। कार्यक्रमका सहभागीहरूले स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारीको लापरवाहीका कारण क्षयरोगको म्याद सकिएको औषधी विवरण गरिएको, कृषिको लागि बजेटहरू गाविसले विनियोजन नगरेको र सरकारी विद्यालयमा नियमित पढाइ सञ्चालन नभएकोजस्ता सवालहरू उठाएका थिए।

स्वास्थ्यचौकी प्रमुख लोकनाथ गौतमले भुलबस क्षयरोगको मिति सकिएको औषधी विवरण गर्ने कर्मचारीलाई बैठक राखी सचेत गराउनुका साथै औषधी बाँडिएका व्यक्तिको घरघरमा गएर नखान सुझाव दिँदै अर्को औषधी पुऱ्याइएको जानकारी दिएका थिए। गाविस सचिव राजकुमार शाक्यले जनताले गुनासो गरिदिए भने मात्र सुध्रिने मौका पाइने विचार व्यक्त गरे।

# मध्यमाञ्चल क्षेत्रीय कार्यक्रम

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी तालिम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) केन्द्रीय कार्यालयको आयोजनामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी तालिम ०७१ असोज ३१ गतेबाट चितवनको भरतपुरमा सम्पन्न भयो। कार्यक्रममा इन्सेक मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको नागरिक तथा राजनीतिक अधिकार जतिकै महत्व रहेको बताए। वर्तमान समयमा यस अधिकारप्रति राज्यको ध्यान पुग्न नसकेको भन्दै उनले राज्यलाई जवाफदेही र ध्यान केन्द्रित गराउनमा मानवअधिकारकर्मी तथा नागरिकहरूको भूमिका




**तालिममा आफ्नो भनाइ राख्दै इन्सेक मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतम**

महत्वपूर्ण रहेको बताए।

नौ जिल्लाका ३० जना इन्सेक सहजकर्ताहरूका लागि आयोजना गरिएको यस तालिममा मानवअधिकारको परिचय, मानवअधिकारका सिद्धान्तहरू, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित खाद्य अधिकार र खाद्य गुणस्तरमा फरक, शिक्षा, स्वास्थ्य र खाद्य अधिकार सम्बन्धमा स्थानीय तहमा नीति तथा कार्यक्रमलगायतका विषयहरूमा सहजीकरण गरिएको थियो।

## जिल्लास्तरीय परिचयात्मक कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने परियोजनाअन्तर्गत जिल्लास्तरीय परिचयात्मक कार्यक्रम ललितपुरमा ०७१ असोज १३




**परिचयात्मक कार्यक्रममा आफ्नो भनाइ राख्दै इन्सेक मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतम**

गते सम्पन्न भयो। कार्यक्रममा जिल्ला विकास समिति ललितपुरका सामाजिक विकास अधिकृत रामजीप्रसाद चौँलागाईले मान्छेको स्वास्थ्यको अधिकारमा हेल्चेक्र्याँई गर्न नहुने बताए। उनले जिल्ला विकास समितिले शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको विषयमा आवश्यक काम गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका कार्यवाहक प्रमुख डाक्टर राजेन्द्रप्रसाद साह, जिल्ला कृषि विकास कार्यालयका बाली संरक्षण अधिकृत रमेश मिश्र, जिल्ला पशु सेवा कार्यालयका पशु विकास अधिकृत पृथ्वी नारायण जोशीले सेवाग्राहीलाई सेवा पुऱ्याउन कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाए। सहायक जिल्ला शिक्षा अधिकारी खेमनाथ पोखरेलले ललितपुर जिल्लालाई पूर्ण साक्षर जिल्ला घोषणा गरिएको बताउँदै शिक्षाको अधिकारबाट

कोही पनि कुनै पनि बहानामा वञ्चित हुन नहुने बताए। उनीहरूले सरकारी कार्यालयका कामकाजमा गैरसरकारी सङ्घसंस्थाका साथसाथै नागरिक समाज र जनस्तरबाट सहयोग हुनुपर्नेमा जोड दिए। कार्यक्रममा काङ्ग्रेसका रविन्स शर्मा, एमालेका हरिकृष्ण व्यञ्जनकार र एकीकृत नेकपा माओवादी ललितपुरका सदस्य राम आचार्यले इन्सेकले सुरु गरेको काममा कुनै पूर्वाग्रह नराखी सहयोग गर्ने बताएका थिए। कार्यक्रममा इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालयका संयोजक कृष्ण गौतमले शिक्षा, स्वास्थ्य र खाद्य अधिकार मानव जीवनका लागि आधारभूत अधिकार भएका कारण पनि जिम्मेवार निकायका अधिकारीहरू जनताप्रति जवाफदेही हुनुपर्ने बताए।

## अभिमुखीकरण तालिम

इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा स्थानीय सहजकर्ताहरूको लागि कार्यक्रम अभिमुखीकरण तथा योजना बैठक कार्यक्रम ०७१ भदौ १० गते काभ्रेको बनेपामा सम्पन्न भयो। तालिम कार्यक्रमको सुरुवात गर्दै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रममा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको विषयलाई बढी जोड दिइने बताए। उनले इन्सेककर्मीहरूले नेतृत्व विकाससँगै चेतना विकासका काम गर्न सुझाएका छन्। उनले इन्सेकले विगत २५ वर्षदेखि नेपालमा मानवअधिकारका क्षेत्रमा काम गर्दा नेपालका ग्रामीण क्षेत्रमा सञ्चालित महिला र बालबालिका लक्षित कार्यक्रमबाट चेतना विकास महत्वपूर्ण पक्ष रहेको सिकाइ भएको उल्लेख गरे।

मध्यमाञ्चल क्षेत्रका मकवानपुर जिल्लाको भैंसे, कोगटे, भीमफेदी र निबुवाटार, काभ्रेको




**अभिमुखीकरण तालिमका सहभागीहरू**

अनैकोट, पाँचखाल र देवभूमी बालुवा, ललितपुर जिल्लाको बडिखेल, झरुवारासी र चापागाउँ गाविसमा सञ्चालित स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउन (इएलपी) कार्यक्रमको अभिमुखीकरण तालिममा मानवअधिकारको अवधारणा र इन्सेकका गतिविधि, इएलपी र कियोस कार्यक्रम परिचय, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, कार्यक्रममा इन्सेक प्रतिनिधि र सहजकर्ताहरूको भूमिका, प्रतिवेदन र सफलताका कथाहरू लेखनका तौरतरिकाका विषयमा इन्सेक मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतम, क्षेत्रीय कार्यालयका गणेश भण्डारी, इन्सेक केन्द्रीय कार्यालयका सुशील चौधरी र विनोद गौतमले सहजीकरण गरेका थिए।

## पत्रकारको सुरक्षा र अभिव्यक्ति स्वतन्त्रतामा राज्य निकायको भूमिका विषय कार्यशाला गोष्ठी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र युनेस्कोको संयुक्त आयोजनामा ०७१ साउन ३० गते नगरकोटमा आयोजित पत्रकारको सुरक्षा र अभिव्यक्ति स्वतन्त्रतामा राज्य निकायको भूमिका विषय कार्यशाला गोष्ठी सम्पन्न भयो। कार्यक्रममा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले पत्रकारको सुरक्षा र अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्नका लागि सबैलाई जिम्मेवार बनाउनुपर्ने बताए। पत्रकारहरूले सूचना पाएपछि त्यसको गहिराइमा पुगेर समाचार सम्प्रेषण गर्नुपर्नेमा, पत्रकारको सूचनाको कमी कमजोरीले गर्दा असल पत्रकार पनि जोखिममा पर्ने गरेका बताए। सशस्त्र द्वन्द्व र जनआन्दोलनका क्रममा पत्रकारहरूलाई जोगाउने र संरक्षण दिने काम इन्सेकले गरेको उल्लेख गर्दै उनीहरूको सुरक्षाका लागि स्वयम् सम्बन्धित संस्था जिम्मेवार हुनुपर्नेमा जोड दिए। त्रिविका प्राध्यापक तथा पत्रकार कुन्दन अर्यालले पत्रकारमाथिको आक्रमण जारी रहेको उल्लेख गर्दै लोकतन्त्रमा पत्रकारको सुरक्षा आवश्यक रहेको बताए।

अपराध अनुसन्धान महाशाखा विभागका डीएसपी मनोज केसीले दैलेखका पत्रकार डेकेन्द्रराज थापाको अपहरणपछि हत्या भएको घटनाहरूले अभिव्यक्ति स्वतन्त्रताको कुरा उठिरहेकोले यस्तो घटनाको प्रहरीले संवेदनशील भएर घटनाको गहिराइमा पुगी अनुसन्धान गर्नुपर्ने बताए। वरिष्ठ




कार्यशाला गोष्ठीमा आफ्नो भनाइ राख्नुहुँदै दामोदर विष्ट

अधिवक्ता सतीशकृष्ण खरेलले अभिव्यक्ति स्वतन्त्रताका लागि छुट्टै विद्युतीय ऐन लगाउन सान्दर्भिक नहुने उल्लेख गर्दै जे अपराध गरेको छ सोहीअनुसार प्रचलित ऐन कानुनअनुसार दण्ड सजाय गरिनुपर्ने बताए।

अधिवक्ता हरि फुयाँलले संविधान निर्माण प्रक्रियामा रहेकोले संविधानले प्रेस स्वतन्त्रतासम्बन्धी कस्तो प्रावधान दिन्छ, त्यसलाई हेरेर अदालतको अपहलेनासम्बन्धी विधेयक आउनुपर्नेमा जोड दिए। आइएमएसका विनोद भट्टराईले कानुन निर्माण भएको तर कार्यान्वयन पक्ष भने फितलो रहेको उल्लेख गर्दै सरोकारवाला निकायबीच छलफल र समझदारी आवश्यक रहेको बताए। जिल्ला अदालत काठमाडौँका न्यायाधीश नरिशवर भण्डारीले मिडिया र न्यायिक निकायबीच राम्रो सम्बन्ध भएमा लोकतन्त्र बलियो हुने उल्लेख गर्दै पब्लिक कन्फिडेन्स बनाउन पनि सूचना संयन्त्र प्रभावकारी हुनु जरुरी रहेको बताए।

## जिल्लास्तरीय बालअधिकार तालिम

### ललितपुर

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालय काठमाडौँको आयोजनामा ०७१ असोज २४ र २५ गते धुलिखेलमा काभ्रेपलाञ्चोक र ललितपुर जिल्लाका बालअधिकार चेतना समूहका पदाधिकारीहरूका लागि बालअधिकार तालिम सम्पन्न भयो। तालिमको उद्घाटन गर्दै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले भने "बालबालिकाको सबैभन्दा महत्वपूर्ण अधिकार भनेको पढ्न पाउनु हो। सरकारले पनि शिक्षामा सबै बालबालिकाको पहुँच हुने कुरा दोहोर्‍याइ रहेको विषय उठाएका थिए। हामीले बनाएका बालअधिकार चेतना समूहमा बसेका व्यक्तिहरू आज राज्यका उच्च ओहोदामा पनि पुगेका छन्। यसैले बालअधिकार चेतना समूहहरूले सचेतना, सामाजिक, दबाबमूलक, अधिकार संरक्षण र व्यक्तित्व विकासका धेरै काम गरेका छन्।" कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै इन्सेकका मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमले शिक्षा, स्वास्थ्य र खाद्यअधिकारका सवालहरूलाई बाल समूहले उठाउन सक्ने बताउँदै बालअधिकारको सवालहरूलाई बालबालिकाले नै पहिचान गर्न सक्ने भएकाले समूहका गतिविधिहरूलाई प्रभावकारीरूपमा अगाडि बढाउन जोड दिए।

तालिममा बालअधिकार, बालअधिकार महासन्धि, बालअधिकारको ऐतिहासिक विकासक्रम, बालबालिकासम्बन्धी ऐन, भित्तेपत्रिका प्रकाशन र सिर्जनशील लेखाइ, बालश्रम, बाल यौन दुर्व्यवहार, बालअधिकार चेतना समूहका काम, कर्तव्य र अधिकार, विद्यालय शिक्षक, अभिभावक र जिल्ला शिक्षा कार्यालयले बालअधिकारका क्षेत्रमा गर्ने काम र कर्तव्य र वार्षिक कार्ययोजना निर्माणका विषयमा इन्सेकका मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतम, जिल्ला शिक्षा कार्यालय काभ्रेका अधिकृत शान्तिराम पौडेल, क्षेत्रीय कार्यालयका गणेश भण्डारी, इन्सेकका काभ्रे प्रतिनिधि भोजराज तिमल्सिना र ललितपुर प्रतिनिधि रमेशप्रसाद तिमल्सिनाले सहजीकरण गरेका थिए। तालिममा काभ्रे र ललितपुर जिल्लाका १२ विद्यालयका ६० जना बालबालिकाको सहभागिता रहेको थियो।

### मकवानपुर

त्यसै गरी, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयले आयोजनामा ०७१ असोज ३० गते मकवानपुर जिल्लाका बालअधिकार चेतना समूहका सदस्यहरूका लागि दुई दिने बालअधिकार तालिम हेटौँडामा सम्पन्न भयो। तालिम उद्घाटन गर्दै क्षेत्रीय संयोजक गौतमले तालिमले बालबालिकालाई आफ्ना अधिकारका बारेमा जानकारी गराउनुको साथै सृजनशीलता र क्षमता अभिवृद्धि गर्न पनि सहयोग पुर्‍याउने बताएका थिए। कार्यक्रम सञ्चालन इन्सेकका स्थानीय सहजकर्ता दीपेन्द्र ढकालले गरेका थिए। तालिममा भीमफेदी, निवुवाटार र भैंसेका छ वटा विद्यालयका ३० जना विद्यार्थी सहभागी थिए।

## निगरानी समूह गठन

### ललितपुर

### बडिखेल गाविस

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक), मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०७१ भदौ ३१ गते मानवअधिकार निगरानी समूह गठन भयो। कार्यक्रममा सहभागी भएका बडिखेलबासीमध्ये धेरैलाई आफ्नो अधिकार नै थाहा नभएको बताएका छन्। उनीहरूले मानवअधिकार भनेको सुनेका छौँ तर, मानवअधिकार भनेको के हो भन्दै मानवअधिकारबारे यथेष्ट जानकारी नहुँदा अन्यायमा पर्ने गरेको गुनासो पोखेका थिए। उनीहरूले राजनीतिक दलहरूलाई मानवअधिकारका कार्यक्रमहरू सहभागी गराउन सुझाव दिएका छन्। बडिखेलमा माधवप्रसाद नेपालको संयोजकत्वमा ११ सदस्यीय मानवअधिकार निगरानी समूह गठन भएको छ। आगामी दिनमा यसै समूहमार्फत गाउँमा मानवअधिकारको वकालती गर्ने र सरकारी कार्यालयको काममा निगरानी गर्ने स्थानीय राजनीतिक दलहरूले प्रतिबद्धता जनाए। कार्यक्रममा नेपाली काङ्ग्रेस, नेकपा एमाले एकीकृत माओवादी र राप्रपा नेपालका प्रतिनिधिहरू सहभागी थिए।

### झुरुवाराशी गाविस

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक), मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०७१ भदौ ३० गते मानवअधिकार निगरानी समूह गठन भयो। कार्यक्रममा गाविसका सचिव शारदा पोखरेलले इन्सेकले चापागाउँका पशु कार्यालय र कृषि कार्यालयका प्रमुखहरूलाई चिनाइदिएर ठूलो गुण लगाएको बताइन्। सात महिनादेखि झुरुवाराशीमा कार्यरत पोखरेलले दुवै कार्यालयका प्रतिनिधिहरूसँग यसअघि भेट तथा सम्पर्क नभएको सचिव पोखरेलले बताइन्। उनले झुरुवाराशीमा पहिलोपटक इन्सेकले काम शुरु गरेको भन्दै इन्सेकसँग सहकार्यमा कामहरू गर्न आफू इच्छुक रहेको बताइन्। चापागाउँ कृषि सेवा केन्द्रका कृषि प्रसार अधिकृत राद्वजेन्द्रप्रसाद यादव र चापागाउँ पशु सेवा केन्द्रका पशु सेवा अधिकृत मणिराम अधिकारी झुरुवाराशीको औपचारिक कार्यक्रममा पहिलो पटक पुगेको स्थानीयहरूले बताए। कार्यक्रममा नेकपा एमाले झुरुवाराशीका प्रतिनिधि भाष्कर थापाले शिक्षा, स्वास्थ्य र खाद्य अधिकारमा गाउँमा गर्नुपर्ने काम धेरै रहेको र आफूहरूले इन्सेकसँगको सहकार्यमा गर्ने बताए। एकीकृत नेकपा माओवादी झुरुवाराशीका प्रतिनिधि धनबहादुर केसीले इन्सेकको काममा पूर्ण साथ र सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। झुरुवाराशीमा भाष्कर थापाको संयोजकत्वमा ११ सदस्यीय मानवअधिकार निगरानी समूहको गठन भएको छ।

### चापागाउँ गाविस

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक), मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०७१ भदौ २९ गते चापागाउँ गाविसमा मानवअधिकार निगरानी समूह गठन भयो। कार्यक्रममा महानगरीय प्रहरी वृत्त चापागाउँकी डिएसपी दुर्गा सिंले इन्सेकले मानवअधिकारको संरक्षणका लागि विगतदेखि काम गर्दै आएको चर्चा गर्दै गाउँका स्थानीय नागरिकहरूलाई सचेत गराउने कार्यक्रम सञ्चालन गरेपछि अपराधमा कमी आउने आशा व्यक्त गरिन्। उनले मदिरा नियन्त्रण गर्ने काममा मानवअधिकार निगरानी समूह अगुवा हुनुपर्ने सुझाव दिँदै चापागाउँलाई मानवअधिारमैत्री बनाउँदै नेपालकै नमूना गाविस बनाउन अनुरोधसमेत गरिन्।

यसै गरी, कार्यक्रममा गाविसका सचिव मोहनप्रसाद चापागाईले हामीहरू आफैँमा समस्या भएको र समाधान पनि आफैसँग रहने उल्लेख गरेका थिए। उनले नागरिकमा राजनीतिक सचेतना भए पनि जिम्मेवारी र कर्तव्यका बारेमा कम जानकारी भएको आशङ्का व्यक्त गरे। इन्सेकले शुरु गरेको कार्यक्रमप्रति आफ्नो पूर्ण सहयोग र समर्थन रहने बताउँदै चापागाईले आफूहरूलाई खबरदारी गर्नुका साथै काममा सहयोगीको भूमिका निर्वाह गर्न मानवअधिकारकर्मीहरूलाई अनुरोध गरेका थिए।

चापागाउँ कृषि सेवा केन्द्रका कृषि प्रसार अधिकृत राजेन्द्रप्रसाद यादवले गएको पाँच महिनामा समस्या लिएर आफ्नो कार्यालयमा जम्मा २ जना मात्रै आएको बताए। उनले चापागाउँ, झुरुवाराशी, देबीचौर, ठेचो, धापाखेल र सुनाकोठी गरी छ वटा गाविसलाई चापागाउँ केन्द्रबाटै काम हुने गरेको बताए। उनले केही समस्या भएमा स्थानीय नागरिकहरू कृषि कार्यालयमा नआएर निजी भेटनरीहरूमा जाने गरेको गुनासो गरे। चापागाउँ पशु सेवा केन्द्रका पशु सेवा

अधिकृत मणिराम अधिकारीले गोठ सफा गरे ओठ पनि सफा हुने बताए। उनले पनि सेवाग्राहीहरू निजी भेटनरीमा जाने गरेको र सरकारी कार्यालयमा नआउने गरेको बताए।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) ललितपुरका पूर्व अध्यक्ष नवराज महतले रक्सी र दुध एउटै पसलमा बेच्ने, चामल र मल एउटै पसलबाट बेच्ने कामलाई अविलम्ब रोक्न पहल गनुपर्नेमा जोड दिए। उनले चापागाउँमा लेदो मिसिएको पानी खान बाध्य भएकाले त्यसको रोकथामका लागि सरोकारवालाको ध्यानाकर्षण गराए। झण्डै २० हजार जनसंख्या भएको गाविसमा उपस्वास्थ्यचौकी मात्रै हुनु र त्यो पनि पायक पर्ने ठाउँमा नहुनुले चापागाउँबासीले न्यूनतम स्वास्थ्य सेवा पनि नपाएको बताए। गाविसमा भएका सबै विद्यालयलाई बालमैत्री बनाउनुपर्नेमा पनि उनले जोड दिएका थिए। कार्यक्रममा शिक्षक रामकृष्ण हुमागाईले मानिसका न्यूनतम अधिकारका सवालबारे मानिसले नै अगुवाई गरी वकालत गर्नुपर्ने सुझाव दिए। कार्यक्रममा नेपाली काङ्ग्रेस चापागाउँका कार्यबहाक सभापति सुरज श्रेष्ठ, नेकपा एमाले चापागाउँ गाउँ कमिटीका अध्यक्ष महेश श्रेष्ठ तथा एकीकृत नेकपा माओवादी चापागाउँ गाउँ कमिटीका सचिव सागरमान श्रेष्ठले मन्तव्य राखेका थिए।

## कार्यक्रमको परिचयात्मक बैठक र निगरानी समूह गठन

**काभ्रे**

**पाँचखाल**

इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय काठमाडौँको आयोजनामा ०७१ भदौ २१ गते स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई




**मानवअधिकार निगरानी समूह गठन कार्यक्रमका सहभागीहरू**

जवाफदेही बनाउने कार्यक्रमको परिचयात्मक बैठक र मानवअधिकार निगरानी समूह काभ्रे जिल्लाको पाँचखालमा गठन भयो। बैठक कार्यक्रममा विष्णुहरि पौडेलको संयोजकत्वमा १५ सदस्यीय मानवअधिकार निगरानी समूह गठन भयो। समूहको सदस्यहरूमा सुभद्रा अधिकारी, लक्ष्मी लामा, विमला शर्मा, सरोजराज गिरी, पवन सापकोटा, सावित्री लामिछाने, झलकुमारी दुलाल, रणबहादुर बोहोरा, भोजराज पन्त, कमला दनुवार, ईश्वरी लुँइटेल र गोमा तिमल्सिना रहेका छन्। कार्यक्रममा विभिन्न सङ्घसंस्था र कार्यालयबाट ४४ जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधिहरूले इन्सेकले पाँचखालमा कार्यक्रम गर्न लागेकोमा खुशी व्यक्त गर्दै आफू र पार्टीको तर्फबाट सक्दो सहयोग गरिने प्रतिबद्धता जनाए। कार्यक्रममा स्थानीय महिला सहकारीबाट सुभद्रा अधिकारी, सामुदायिक स्वास्थ्य इकाईका इन्द्रनाथ अधिकारी, वडा कार्यालयका पवन सापकोटा, मसला बाली विकास केन्द्रका सुरेन्द्रप्रसाद रिजाल, शिक्षक भिमसेन गिरी, पशुसेवा उपकेन्द्रका देवराज पराजुली, दुग्ध चिस्यान केन्द्रका गोपालप्रसाद दाहाल, कृषि सेवा केन्द्रका कान्छा दनुवार र स्थानीय व्यक्तिहरूले शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका सवालहरूका विषयमा आफ्ना भनाइ राखेका थिए।

इन्सेककी स्थानीय सहजकर्ता गङ्गा ढकालले स्वागत गरेको कार्यक्रममा इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय काठमाडौँका गणेश भण्डारीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए भने इन्सेकका काभ्रे प्रतिनिधि भोजराज तिमल्सिनाले गाविस र सहजकर्ता छनौटलगायत मानवअधिकारका स्थानीय सवालहरूका विषयमा जानकारी दिएका थियो।

## गाविसस्तरीय परिचयात्मक बैठक र निगरानी समूह गठन कार्यक्रम

**देवभूमि बालुवा गाविस**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालय काठमाडौँको आयोजनामा काभ्रे जिल्लाको देवभूमी बालुवामा ०७१ भदौ २३ गते स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रमको परिचयात्मक बैठकका साथै १५ सदस्यीय मानवअधिकार निगरानी समूह गठन

भयो। सञ्जीव आचार्यको संयोजकत्वमा गठित १५ सदस्यीय (४ सदस्य बैठकले थप्ने गरी) मानवअधिकार निगरानी समूहमा मोहन विश्वकर्मा, सूर्य तिमल्सिना, मैना दनुवार, राशी तामाङ, सूनमाया श्रेष्ठ, बलबहादुर कुँवर, विशु पाठक, हरिबहादुर दनुवार, रेशम श्रेष्ठ र रामशरण दनुवार सदस्य रहेका छन्। उक्त कार्यक्रम काभ्रेको अनैकोट, पाँचखाल र देवभूमी बालुवा गरी देशका पाँच ओटै विकास क्षेत्रका १५ जिल्लामा सञ्चालन भएको छ।

कार्यक्रममा एकीकृत नेकपा माओवादीका सचिव रामगोपाल भुजेलले शिक्षा, स्वास्थ्य र खाद्यअधिकारका सवाल निकै राम्रो भएकाले इन्सेकको यो कार्यक्रमलाई आफ्नो पार्टी र व्यक्तिगतढङ्गबाट आवश्यक सहयोग गर्ने बताए। एमालेका हरिबहादुर दनुवार र काङ्ग्रेसका पुष्पप्रसाद न्यौपानेले देवभूमी बालुवामा स्वास्थ्य र शिक्षाको सवाल पनि महत्वपूर्ण रहेको बताए। परिचयात्मक कार्यक्रममा स्थानीय किसानहरूले राम्रो बीउ भनेर छक्याएका कारण धानबाली बिग्रिएको, गोलभैँडा, रामातोरिया लगायतका तरकारीका बीउ पनि नक्कली भएको, ठूटोमा काठको धुलो र बालुवा भेटिएको, पानीको समस्याका कारण बर्थिङ सेन्टर सञ्चालन र तरकारी खेती गर्न समस्या रहेको बताए।

स्थानीय सहजकर्ता कुमार दनुवारले स्वागत मन्तव्य राखेको कार्यक्रममा इन्सेकका काभ्रे प्रतिनिधि भोजराज तिमल्सिनाद्वारा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा विभिन्न क्षेत्रका ४५ जनाको सहभागिता थियो।

### अनैकोट गाविस

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाडौँको आयोजनामा ०७१ भदौ २४ गते अनैकोटमा स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रमको परिचयात्मक बैठक साथै १५ सदस्यीय मानवअधिकार निगरानी समूह गठन कार्यक्रम सम्पन्न भयो। मनोज श्रेष्ठको संयोजकत्वमा गठित मानवअधिकार निगरानी समूहका समितिको सदस्यहरूमा कुलशेखर ढुङ्गेल, अष्टबहादुर तामाङ, शिवप्रसाद ढकाल, रामकुमार खाती, अमृता परियार, नानीमैया लामा, अम्बिका लम्साल, राजेन्द्र पौडेल,



**जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रमको परिचयात्मक कार्यक्रमका सहभागीहरू**

सिर्जना बयलकोटी र सरस्वती दाहाल रहेका छन्।

कार्यक्रममा एमालेका अष्टबहादुर तामाङले मानवअधिकार भनेको शिक्षा, स्वास्थ्य र खाद्यअधिकारका सवाल मात्र नभएर सबै विषयलाई उठाउन सुझाए। एकीकृत नेकपा माओवादीका कुलशेखर ढुङ्गेलले जिम्मेवार निकायले जिम्मेवारढङ्गबाट अघि नबढेको उल्लेख गर्दै अनैकोटमा किसानहरूका समस्या बढी भएको बताए। नेकपा माओवादीका शिवप्रसाद ढकालले अधिकारको कुरा मात्र नगरेर कर्तव्यलाई भुल्न नहुने उल्लेख गरे। लिग नेपाल शान्ति एकता पार्टीका रामकुमार खातीले मानवअधिकारकर्मीहरू प्रत्येक वस्ती र घरमा पुग्न सुझाएका थिए। स्थानीय सहजकर्ता रमा दाहालले स्वागत मन्तव्य राखेको कार्यक्रममा इन्सेकका काभ्रे प्रतिनिधि भोजराज तिमल्सिनाद्वारा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए।

## बालअधिकार चेतना समूह गठन

### ललितपुर

#### वाणीविलास उच्च मावि

ललितपुर जिल्लास्थित वाणीविलास उच्च माध्यामिक विद्यालयमा परिचयात्मक अन्तरक्रियासँगै र बालअधिकार चेतना समूहको पुनर्गठन ०७१ भदौ २२ मा भयो। वाणी बालअधिकार सचेतना समूहकामा कक्षा ६ देखि कक्षा ९ सम्मका विद्यार्थीहरूको भेलाले राज तुलाधरको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति रहेको छ। कार्यसमितिको उपाध्यक्षमा रुपा दुलाल, सचिवमा शर्मिला सञ्जेल, सहसचिवमा ताराबाबु हुसेन र कोषाध्यक्षमा रोशनी तामाङ र सदस्यहरूमा सुनिल लामा, सजनी तामाङ, सौरभ खड्का, सृष्टि महर्जन, ज्योती नगरकोटी, मनिस थापा, सरोज दहाल, रोजिना तामाङ, सुषमा अधिकारी, नवीन थापामगर रहेका छन्।

#### किटीनी उच्च मावि

किटीनी उच्च माध्यामिक विद्यालय, गोदावरीमा ०७१ भदौ २४ गते कार्यक्रमको परिचयात्मक अन्तरक्रिया र किटिनी बालअधिकार चेतना समूहको गठन भयो । आस्था तामाङको अध्यक्षतामा गठित १५ सदस्यीय कार्यसमितिको उपाध्यक्षमा सुरेश विक, सचिवमा विवेक सिलवाल, सहसचिवमा सुजन तामाङ, कोषाध्यक्षमा अन्जु तामाङ र सहकोषाध्यक्षमा जानुका राई रहेका छन् भने सदस्यहरूमा निर्मला रेग्मी, नवराज दानी, सविना श्रेष्ठ, विजय कार्की, नेहा विक, समीक्षा ओझा, सागर बुढाथोकी, राजकुमार अस्लामी र विपिन सिग्देल रहेका छन्।

#### जनविकास मावि

झरुवाराशी गाविसस्थित जनविकास माध्यामिक विद्यालय झरुवाराशीमा ०७१ भदौ २५ गते सन्ध्या कार्कीको अध्यक्षतामा १५ सदस्यीय बालअधिकार चेतनासमूह गठन गरी भेलाले जनविकास बालअधिकार चेतना समूह निर्माण गरे। बालअधिकार चेतना समूहको कार्यसमितिको उपाध्यक्षमा ओमकार महत, सचिवमा सिविन राई, सहसचिवमा ममता तिमल्सिना र कोषाध्यक्षमा पूजा धिताल तथा सदस्यहरूमा इशा थापा, चण्डिका केसी, अनुशा महत, दिपा घिमिरे, ऋचा यादव, शिल्पा खड्का, रचना थापा, कुशलजङ केसी, दीपक घिमिरे र स्वर्णिमा केसी रहेका छन्।

#### पथप्रदर्शक असल छिमेकी मावि, बडिखेल

ललितपुर जिल्लास्थित बडिखेलको पथप्रदर्शक असल छिमेकी माध्यामिक विद्यालयमा ०७१ भदौ २६ गते श्रीकृष्ण पहरीको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। सो कार्यसमितिमा कुसुम पहरी उपाध्यक्ष, अर्चना आचार्य सचिव, विष्णु पहरी सहसचिव, अन्जु पहरी कोषाध्यक्ष तथा सदस्यहरूमा सन्जय पहरी, सुरेन्द्र पहरी, अमित पहरी, मनिषा पहरी, झरना पहरी र बन्दना पहरी रहेका छन्।

#### कन्चन अङ्ग्रेजी माध्यामिक विद्यालय

ललितपुर जिल्लास्थित चापागाउँको कन्चन अङ्ग्रेजी माध्यामिक विद्यालयमा ०७१ भदौ २७ गते कन्चन बालअधिकार चेतना समूह गठन भयो। रुपक



मानवअधिकार निगरानी समूह गठन कार्यक्रमका सहभागीहरू

घिमिरेको अध्यक्षतामा गठित १३ सदस्यीय समूहमा प्रमिला तिमल्सिना उपाध्यक्ष, विवेक घिमिरे सचिव, करुणा बजगाई सहसचिव र डेनिश महर्जन कोषाध्यक्ष तथा सदस्यहरूमा जुनिश महर्जन, मवि श्रेष्ठ, प्रशंसा घिमिरे, रोशन दाहाल, रविन्द्र महर्जन, स्वस्तिका घिमिरे, नविन शाह र सुजन विष्ट रहेका छन्। साथै, विद्यालयका शिक्षक बलबहादुर केसी संरक्षक शिक्षकका रूपमा रहेका छन्।

#### सन्तानेश्वर अङ्ग्रेजी मावि

ललितपुर जिल्लास्थित झरुवाराशीको सन्तानेश्वर अङ्ग्रेजी माध्यामिक विद्यालयमा ०७१ भदौ २७ गते सियोन महर्जनको अध्यक्षतामा ११ सदस्यीय कन्चन बालअधिकार चेतना समूह गठन भयो। बालअधिकार चेतना समूहको समितिमा दिपिका घिमिरे उपाध्यक्ष, ज्योति स्याङ्तान सचिव, आदर्श केसी कोषाध्यक्ष तथा सदस्यहरूमा अर्पणा केसी, अस्मीता केसी, सीमा बुढाथोकी, अस्मीता केसी, प्रशन्न पोखरेल, निर्जल केसी, समृद्ध धिताल र स्वस्तिक कुमाई रहेका छन्।

### काभ्रे

#### भक्रमदेवी मावि

भक्रमदेवी मावि अनैकोटमा ०७१ भदौ २७ गते विष्णुमाया तामाङको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समितिको उपाध्यक्षमा सन्दीप तिमल्सिना, सचिवमा सुदिप चौंलागाई, कोषाध्यक्षमा मन्जु तामाङ, सदस्यहरूमा स्पा गौतम, सकुल श्रेष्ठ, रचना बरिया, करुणा चौंलागाई, मिलन तामाङ, इसाक थापामगर, ओमकार श्रेष्ठ रहेका छन्। संरक्षक शिक्षकमा विश्वराम सापकोटा चयन भएका छन्।

### महाङ्काल मावि

महाङ्काल मावि, बालुवा-८ बेलामा ०७१ भदौ २६ गते रोशन श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा चन्द्रकुमार श्रेष्ठ, सचिवमा सुशील कुँइकेल, सचिवमा अनुश सापकोटा, कोषाध्यक्ष सन्जुला दाहाल र सदस्यहरूमा क्रमश: पूजा तिवारी, केवी श्रेष्ठ, मूना लामा, प्रदिप पुर्कोटी, शर्मीला सापकोटा, अभिषेक अधिकारी, नमूना भूजेल, ज्ञानेन्द्र घिमिरे रहेका छन्। संरक्षक शिक्षकमा भक्तसिह तामाङ चयन भएका छन्।

### जोरपाटी मावि

जोरपाटी मावि पाँचखालमा ०७१ भदौ २५ गते सुमन श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा सुरेश विश्वकर्मा, सचिवमा अस्मीता दनुवार, सहसचिवमा सर्मीला मिजार, कोषाध्यक्षमा लक्ष्मी भुर्तेल र सदस्यहरूमा क्रमश: मूना मानन्धर, बबिता कायस्थ, रन्जु सुनुवार, विष्णुहरि तिमल्सिना, विपना गौतम, नविना दनुवार, सुदिप चौंलागाई र पूजा खड्कालाई रहेका छन्।

### आजाद उमावि

आजाद उच्च मावि बालुवामा ०७१ भदौ २५ गते विराज विश्वकर्माको अध्यक्षतामा १३ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा सरिता शाह, सचिवमा शर्मिला मैनाली, सहसचिवमा जीवन दुलाल, कोषाध्यक्षमा सपना मानन्धर र सदस्यहरूमा क्रमश: पविता दनुवार, अनिल दनुवार, राजन दनुवार, सलिना मानन्धर, अन्जली विश्वकर्मा, दीपेन्द्र श्रेष्ठ, सुनिल लामा र मनिषा तामाङ रहेका छन्।

### सर्वमङ्गला उमावि

सर्वमङ्गला उच्चमावि पाँचखालमा ०७१ भदौ २५ गते कल्पना श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा विशाल बस्नेत, सचिवमा अरुणा रम्तेल, सहसचिवमा श्यामकुमार सापकोटा, कोषाध्यक्षमा सुष्मा गिरी र सदस्यहरूमा क्रमश: साधुराम तिमल्सिना, रोशनी दुलाल, सिर्जना पराजुली, सहदेब हुमागाई, सविना बजगाई, दीपेश श्रेष्ठ, बबिता जैसवाल र सविना लामा रहेका छन्।

### अनैकोटको ज्ञानेश्वरी मावि

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा काभ्रे जिल्लाको अनैकोटको ज्ञानेश्वरी माविमा ०७१ भदौ २५ गते निराजन ढकालको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा ध्रुव शिवभक्ति, सचिवमा गोकुल दाहाल, सहसचिवमा रश्मी घिमिरे, कोषाध्यक्षमा अश्मीता दाहाल र सदस्यहरूमा क्रमश: छेवाङ तामाङ, सर्मीला तामाङ, मीना गौतम र सीता तामाङ रहेका छन्।

## शैक्षिक गुणस्तर वृद्धिका लागि अन्तरक्रिया

### काभ्रे

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा काभ्रेपलाञ्चोक जिल्लामा कार्यक्रम सञ्चालित विभिन्न विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति र बालचेतना समूहका पदाधिकारीबीच विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि अन्तरक्रियाहरू समपन्न भयो। अन्तरक्रिया कार्यक्रम भक्रमदेवी मावि अनैकोटमा ०७१ भदौ २७, ज्ञानेश्वरी मावि अनैकोटमा भदौ २६ गते, महाङ्काल मावि, बालुवा-८ बेलामा भदौ २६ गते, सर्वमङ्गला उच्चमावि पाँचखालमा भदौ २६ गते र जोरपाटी मावि पाँचखालमा भदौ २६ गते सम्पन्न भयो।

## मानवअधिकार वर्षपुस्तक प्रकाशनपूर्व समीक्षा

### बारा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा प्रकाशित हुँदै आएको मानवअधिकार वर्षपुस्तकका लागि विगत तीन महिनामा भएका मानवअधिकार



**मानवअधिकार वर्षपुस्तक प्रकाशनपूर्व समीक्षाका सहभागीहरू**

उल्लङ्घनका घटनाबारे ०७१ साउन २ गते बारा जिल्लाको कलैयामा दोस्रो त्रैमासिक समीक्षा सम्पन्न भयो। इन्सेक प्रतिनिधि लक्ष्मी साहको सहजिकरणमा भएको कार्यक्रममा गत चैत १८ देखि असार १७ सम्ममा भएका घटना विवरण सङ्कलन गरी प्रस्तुत गरिएको थियो। यस अवधिमा सात हत्या, तीन हत्या प्रयास, चार बहुविवाह र १० वटा बलात्कारजन्य घटना भएको प्रतिवेदन सार्वजनिक गरिएको थियो।

सहायक प्रमुख जिल्ला अधिकारी योगेन्द्र दुलाल, नागरिक समाजका महासचिव हिरालाल साह, एमालेका इमरान अन्सारी, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामनाथ घिमिरे, महिला तथा बालबालिका सेवा केन्द्रकी प्रहरी नायब निरीक्षक सोभिता बास्तोलालगायत विभिन्न राजनीतिक दलका प्रतिनिधि, महिला अधिकारकर्मी, पेशाकर्मी, मानवअधिकारवादी, सञ्चारकर्मी र कानुनव्यवसायी गरी २० जनाको सहभागिता रहेको थियो।

त्यसै गरी, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बारा प्रतिनिधिको सहजिकरणमा ०७१ असोज ३१ गते कलैयामा मानवअधिकार वर्षपुस्तक २०१५ का लागि तेस्रो त्रैमासिक समीक्षा सम्पन्न भयो। इन्सेकद्वारा आयोजित कार्यक्रममा सहभागीहरूले जिल्लामा भएका विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूले मानवअधिकारसँग सम्बन्धित घटनाबारे राय सुझाव दिएका थिए। कार्यक्रममा प्रहरी, पत्रकार, अधिकारकर्मी, राजनीतिक दलका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो। कार्यक्रममा सङ्कलित हत्या, महिला हिंसा, बलात्कारलगायतका घटनाबारे इन्सेक प्रतिनिधि लक्ष्मी साह सोनारको तर्फबाट प्रतिवेदन प्रस्तुत भएपछि त्यसमाथि छलफल गरिएको थियो। सङ्कलित घटनाबारेमा सहभागी सबैले जिल्लाको मानवअधिकार अवस्थाबारे सन्तोष व्यक्त गरेका थिए।

## रसुवा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) रसुवाको आयोजनामा मानवअधिकार वर्षपुस्तक २०१५ का लागि सङ्कलित घटनाहरूको त्रैमासिक प्रकाशनपूर्व समीक्षा गोष्ठी ०७१ असोज २९ गते रसुवाको धुन्चेमा सम्पन्न भयो। समीक्षा गोष्ठीमा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडाले सन् २०१४ को जनवरीदेखि सेप्टेम्बर अन्त्यसम्ममा जिल्लामा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरू सरोकारवालाहरूबीच प्रस्तुत गरेका थिए। समीक्षा गोष्ठीमा प्रमुख जिल्ला अधिकारी उद्धव भट्टराई, सहायक प्रमुख जिल्ला अधिकारी गौतम रिमालले नेपालमा मानवअधिकार वर्षपुस्तक मानवअधिकारको रक्षाको निम्ति उल्लेनीय योगदान गरेको बताए। कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक प्रवीण पोखरेलले घटनाहरूको केही पछिल्लो अद्यावधिक गर्न पर्ने सुझाव दिएका थिए। बाल कल्याण अधिकृत भगवती पौडेलले रसुवाबाट महिला बेचबिखनका लागि लैंजादै गरेको अवस्थामा तराईका जिल्लामा उद्धार भएको घटनाहरू छुटेको बताइन्। एमालेका विजय लामाले कुटपिट र लुटपाटका केही घटनाहरू छुटेकाले समेट्न सुझाव दिए। कार्यक्रममा स्थानीय विकास अधिकारी गजेन्द्रकुमार ठाकुर, सरकारी तथा गैरसकारी कार्यालयका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, पत्रकार, मानवअधिकारकर्मीलगायतको सहभागिता रहेको थियो।

## मकवानपुर

मकवानपुरका मानवअधिकार उल्लङ्घनका घटनाहरूको नौ महिनाको अद्यावधिकसहितको समीक्षा गोष्ठी ०७१ असोज २८ गते हेटौँडामा सम्पन्न भयो। पुनरावेदन अदालत बार एसोसियशन हेटौँडाका निवर्तमान अध्यक्ष मदन दाहालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय हेटौँडा मुद्दा फाँटका प्रमुख तथा प्रहरी निरीक्षक विश्व थापा र प्रहरी महिला सेलकी प्रमुख लालुमाया श्रेष्ठ, मानवअधिकार तथा शान्ति समाजका अध्यक्ष



**प्रकाशनपूर्व समीक्षामा मकवानपुर जिल्लाका मानवअधिकार अवस्थाबारे जानकारी गराउँदै**

राजन दाहाल, महिला अधिकार सञ्जालकी अध्यक्ष माया लामा, शक्ति समूहकी अस्मीता लामा, हिमराइट मकवानपुरका सोमबहादुर लामा, पत्रकार महासङ्घका निवर्तमान अध्यक्ष भानुभक्त आचार्यलगायत ३७ जनाको सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा इन्सेक मकवानपुरका प्रतिनिधि प्रताप विष्टले पछिल्लो तीन महिनासहित नौ महिनाको अपडेट गरिएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको छ पृष्ठ लामो प्रतिवेदन प्रस्तुत गरेका थिए। उक्त प्रतिवेदनका बारेमा महिला सेलकी लालुमाया श्रेष्ठ, माइती नेपालकी माया लामा, नारी सीप सिर्जना केन्द्रकी शान्ता बराल, पत्रकार सुरेश श्रेष्ठ, मानवअधिकार तथा शान्ति समाजका अध्यक्ष राजन दाहालले आ-आफ्ना धारणाहरू व्यक्त गरेका थिए। कार्यक्रममा प्रहरी निरीक्षक विश्व थापाले इन्सेक मकवानपुरद्वारा सार्वजनिक गरिएका मानवअधिकार उल्लङ्घनका घटनाहरूले मकवानपुरको मानवअधिकारको अवस्थका चित्रित गर्नुको साथै अदालतले के कस्ता फैसलाहरू पनि गरेछ भन्ने कुरा जानकारी भएको बताए। कार्यक्रमका प्रमुख अतिथि मदन दाहालले प्रतिवेदनमा छुटेका घटनाहरू समेट्न सल्लाह दिँदै मकवानपुरमा यौनजन्य हिंसाका घटनाहरू बढ्दै गएकाले यसप्रति सबै सचेत र सजग हुन आग्रह गरेका थिए। कार्यक्रम सञ्चालन इन्सेकका सहजकर्ता दीपेन्द्र ढकालले गरेका थिए।

**दोलखा**

त्यसै गरी, मानवअधिकार वर्षपुस्तक २०१५ का लागि तेश्रो त्रैमासिक प्रकाशनपूर्व समीक्षा गोष्ठी दोलखाको चरिकोटमा सम्पन्न भयो। कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि उद्धव पोखरेलले जुलाईदेखि सेप्टेम्बर अर्थात् (०७१ असार १७ देखि असोज १४ गते)सम्म दोलखा जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटना प्रस्तुत गरेका थिए। कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य चिरञ्जीवी मास्केले आत्महत्या र घरेलु हिंसाका घटना दिनानुदिन बढ्दै जानुको कारण खोजीको विषय बनाउनुपर्ने बताए। सहायक प्रमुख जिल्ला अधिकारी औलखबहादुर आलेले मानवअधिकारको संरक्षण, संवर्द्धन गर्न आफ्नो कार्यालयका तर्फबाट प्रयास भइरहेको र आगामी दिनमा थप प्रभावकारी ढङ्गले कार्यान्वयनमा जाने बताए। जिल्ला प्रहरी कार्यालय दोलखाका असई राम राउतले आत्महत्या गर्नेको सङ्ख्या बढ्नुको कारण खोजीका लागि इन्सेकले छलफल कार्यक्रम गर्न आग्रह गरे। समीक्षा कार्यक्रममा इन्सेक प्रतिनिधि उद्धव पोखरेलले यस तीन महिनाको अवधिमा घरेलु हिंसाका १४, बहुविवाहका तीन, बलात्कारका दुई, बलात्कार प्रयासको एक र आत्महत्या गर्नेको सङ्ख्या १२ रहेको विवरण प्रस्तुत गरेका थिए।

# पश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम

## स्थानीय सहजकर्ताका लागि अभिमुखीकरण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराद्वारा स्थानीय सहजकर्ताको लागि दुई दिने कार्यक्रम अभिमुखीकरण तालिम ०७१ भदौ १७ गते पोखरामा सम्पन्न भयो। पश्चिमाञ्चल क्षेत्रका तनहुँ, कास्की र पर्वत जिल्लाका १० वटा गाविसमा आगामी आर्थिक वर्षका लागि सञ्चालन गरिएको शिक्षा, स्वास्थ्य र खाद्यअधिकारका बारेमा स्थानीय जनतालाई सचेत बनाउँदै जिम्मेवार निकायलाई जवाफदेही बनाउन पहल कार्यक्रमको बारेमा सहजकर्तालाई अभिमुखीकरण गरिएको थियो। उक्त अभिमुखीकरणमा इन्सेकका क्षेत्रीय संयोजक शिव खकुरेल, प्रलेख तथा पीएमई इकाइका टङ्क खनाल तथा फोकल पर्सन शवनम शर्मा, प्रशासन एकाइका मधु पन्थीलगायतले कार्यक्रम निर्देशिका तथा क्रियाकलाप, सफलताको कथा, सहजकर्ता र इन्सेक प्रतिनिधिको भूमिका, लेखा तथा प्रशासनका विषयमा सहजीकरण गरेका थिए। तालिममा कास्कीको देउराली, थुम्की, हंसपुर, रुपाकोट, पर्वतको बनौ,




अभिमुखीकरण तालिमका सहभागीहरू

क्याङ, बाजुङ र तनहुँको भानुमती, किहुँ र अरुणोदय गाविसमा क्रियाशील स्थानीय सहजकर्ता र इन्सेक जिल्ला प्रतिनिधि गरी १३ जना सहभागी थिए।

## खाद्य अधिकार र सरोकारवाला निकायको भूमिका विषयक अन्तरक्रिया

३४ औँ विश्व खाद्य दिवसको सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोग र इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको आयोजनामा ०७१ असोज ३० गते खाद्य अधिकार र सरोकारवाला निकायको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम पोखरामा सम्पन्न भयो। कार्यक्रममा सहभागीहरूले आमनागरिकको खाद्य सुरक्षाका लागि खाद्यन्नको उपलब्धतासँगै गुणस्तरीयतामा ध्यान दिनुपर्नेमा जोड दिए। उनीहरूले राज्यले खाद्य सुरक्षाको सुनिश्चित गर्नुपर्ने बताएका थिए।

खाद्यअधिकारसम्बन्धी ऐन, कानुन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई सरकारले कार्यान्वयन गर्नुपर्ने बताउँदै सहभागीहरूले कृषिलाई उद्योगको रूपमा मान्यता दिनुपर्ने, सामुहिक खेती, युवालाई स्वदेशमा रोजगारीको व्यवस्था गर्नुपर्ने, खाद्यान्न सङ्कट जिल्ला, क्षेत्रमा स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याए। खाद्य पदार्थमा हुने मिसावट, विषादी प्रयोग, सही तौल, गुणस्तर र समयावधिको बारेमा आमनागरिकलाई सचेत बनाउन सरोकारवाला निकायले पहल गर्नुपर्नेमा उनीहरूको धारणा थियो। कार्यक्रममा जिल्ला कृषि विकास कार्यालयका प्रमुख रमेशप्रसाद कोइरालाले बढ्दो शहरीकरण, युवाहरू विदेश पलायन खाद्य उत्पादनका चुनौती रहेको उल्लेख गर्दै सरकारले युवाहरूलाई स्वदेशमै रोजगारी दिलाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको बताए। कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग पोखराका निर्देशक डा. टीकाराम पोखेलले खाद्य अधिकारसम्बन्धी व्यवस्था र अवस्थासम्बन्धी अवधारणापत्र प्रस्तुत गरेका थिए।

जिल्ला जनस्वास्थ्य कार्यालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक रमेशप्रसाद अधिकारीले बालबालिकालाई कुपोषण र महिलामा रक्तअल्पता समस्या देखिएकोले सन्तुलित आहारमा जोड दिनुपर्ने बताए। गुणस्तर तथा नापतौल कार्यालयका प्रमुख मनोजप्रसाद पोखरेल, साल्ट ट्रेडिङका




**अन्तर्राष्ट्रिय शान्ति दिवसका अवसरमा उपस्थित सहभागीहरू**

निमित्त कार्यालय प्रमुख सुरेशराज भण्डारी, महिला तथा बालिका कार्यालयकी प्रमुख लक्ष्मी जिसी, शान्तिका लागि नागरिक समाजको सञ्जालका संयोजक रामप्रसाद सुवेदी, अधिकारकर्मी विष्णुप्रसाद बरालगायतले उपभोक्ता संरक्षण ऐनलाई राज्यका निकायबाट प्रभावकारीरूपमा कार्यान्वयन गरिनुपर्ने र नागरिकस्तरबाट समेत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने बताए।

## अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा प्रभातफेरी सम्पन्न

शान्ति र विकास हाम्रो अभियान भन्ने मूलनाराका साथ अन्तर्राष्ट्रिय शान्ति दिवस ०७१ असोज ५ गते पोखरामा प्रभातफेरीको आयोजना गरी मनाइयो। पोखराको सभागृहचोकबाट शुरु भएको प्रभातफेरी, न्यूरोड चिप्लेढुङ्गा हुँदै मानवअधिकार चोकमा पुगी कोणसभामा परिणत भएको थियो। स्थानीय शान्ति समिति, इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा शान्तिका लागि नागरिक समाजको सञ्जालको संयुक्त आयोजनामा सो कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले नयाँ-नयाँ प्रविधिका कारण शान्ति सुरक्षामा चुनौती रहेको बताउँदै हरेक घरघरबाट शान्तिको अभियान शुरु गर्नुपर्नेमा जोड दिए। वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बरालले समाजका शान्ति कायम गर्न सबैले एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए। शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीका संयोजक रामप्रसाद सुवेदीले विकासको अधिकार, शिक्षाको अधिकार,

रोजगारीको अधिकारलगायतका शान्तिका पूर्वाधारहरू तयार हुनुपर्ने बताए। महिला मानवअधिकार रक्षक सञ्जालकी अध्यक्ष सरलाकुमारी पाण्डेले विस्तृत शान्ति सम्झौताभएको आठ वर्ष बितिसक्दा पनि द्वन्द्वपीडितहरूले न्याय पाउन नसकेको बताउँदै पीडितले न्याय नपाएसम्म शान्ति स्थापना हुन नसक्ने धारणा व्यक्त गरिन्। स्थानीय शान्ति समितिका संयोजक रामजीप्रसाद बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन इन्सेक पश्चिमाञ्चल संयोजक शिव खकुरेलले गरेका थिए। कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नागरिक समाज, कानुनव्यवसायी, गैरसरकारी संस्थाका प्रतिनिधि, आदीवासी जनजाति, राजनीतिक दललगायतका १ सय ५० जना सहभागी थिए।

## सङ्क्रमणकालीन संयन्त्र स्थापनाका अन्तरक्रिया

३१ औं बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्ध अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा पोखरामा विभिन्न कार्यक्रमको आयोजना गरियो। यसै अवसरमा ०७१ भदौ १५ गते पोखरामा इन्सेक, एड्भोकेसी फोरम, बेपत्ता परिवार समाजलगायतका संस्थाद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, ०७१ विषयक अन्तरक्रिया सम्पन्न भयो। आयोजित अन्तरक्रियाका सहभागीहरूले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनले सशस्त्र द्वन्द्वको क्रममा गम्भीर मानवअधिकार उल्लङ्घनका दोषीलाई उन्मुक्ति दिने र द्वन्द्वपीडितलाई न्याय दिलाउनभन्दा मेलमिलाप गराउनतर्फ लक्षित भएकोले यससम्बन्धी छुट्टै कानुन निर्माण हुनुपर्ने बताएका थिए। उनीहरूले ऐनको दफा १३ (ग) हटाउनुपर्ने, दफा २४ को ४ मा सरकारी पदमा रहेको व्यक्ति दोषी देखिएमा केवल विभागीय कारबाही हुने, दफा २६ ले क्षमादान दिनसक्ने व्यवस्था पीडकको हितमा रहेको तथा सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय सिद्धान्तविपरीत सरकारले जबरजस्ती ऐन ल्याएको भन्दै यसलाई सुधार गरिनुपर्नेमा जोड दिएका थिए। यस्तै सहभागीहरूले बलपूर्वक बेपत्ता पारिनबाट व्यक्तिको संरक्षणसम्बन्धी महासन्धि, २००६ लाई तत्काल अनुमोदन गर्न मागसमेत गरेका थिए। बेपत्ता परिवार समाज कास्कीका अध्यक्ष अणनाथ बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रम बेपत्ता परिवार, द्वन्द्वपीडित, कानुनव्यवसायी, राजनीतिक दल, सञ्चारकर्मी, मानवअधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधिको उपस्थिति रहेको थियो।

अन्तरक्रिया कार्यक्रमपछि जिल्लास्थित मानवअधिकारकर्मी, द्वन्द्वपीडित, बेपत्ता परिवारलगायतले विस्तृत शान्ति सम्झौता भएको आठ वर्षसम्म पनि बेपत्ता नागरिकको अवस्था सार्वजनिक हुन नसकेको भन्दै तत्काल अवस्था सार्वजनिक गर्न माग गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका थिए ।

यसअघि सन्दर्भमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा, शान्तिका लागि नागरिक समाजको सञ्जाल, एड्भोकेसी फोरम, बेपत्ता परिवार समाज र न्यायका लागि द्वन्द्वपीडित समाजलगायतका जिल्लास्थित अधिकारकर्मीहरूले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ०७१ भदौ १३ गते हस्ताक्षर बुझाएका थिए।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदनको माग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराको आयोजनामा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदनको माग गर्दै०७१ साउन २ गते पोखराका अधिकारकर्मीहरूको एक टोलीले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझायो। ज्ञापन पत्रमा रोम विधानअन्तर्गत गठन भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित आमसंहार, मानवताविरुद्धको अपराध, युद्धअपराधजस्ता गम्भीर अपराधमा संलग्न हुने व्यक्तिहरूलाई जवाफदेही बनाउने ज्ञापनपत्रमा उल्लेख छ। तत्कालीन प्रतिनिधिसभाले नेपाल सरकारका नाममा निर्देशानात्मक आदेश गर्दै २०६३ साउन ९ गते सर्वसम्मतरूपमा सङ्कल्प प्रस्तावसमेत पारित गरी सरकारलाई निर्देशन गरिसकेकोले रोम विधान अनुमोदन गर्न सरकारलाई ज्ञापनपत्रमार्फत ध्यानाकर्षण गराइएको हो।




**मानवअधिकार वर्षपुस्तक प्रकाशनपूर्व समीक्षा कार्यक्रमका सहभागीहरू**

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराका क्षेत्रीय संयोजक शिव खकुरेल, अधिकारकर्मी टेकनाथ बराल, शान्तिका लागि नागरिक समाजको सञ्जाल, कास्कीका संयोजक तिलकप्रसाद आचार्य, गैसस महासङ्घका कास्की अध्यक्ष गोपाल खड्का, महिला मानवअधिकार रक्षक सञ्जाल, कास्कीका अध्यक्ष सरलाकुमारी पाण्डे, जनआन्दोलन शहिद परिवार तथा घाइते समन्वय समितिका अध्यक्ष ढाकाराम पौडेल, एड्भोकेसी फोरम पोखराका दीपक पौडेलले ज्ञापनपत्रमा हस्ताक्षर गरी ज्ञापनपत्र बुझाइएको थियो।

## मानवअधिकार वर्षपुस्तक प्रकाशनपूर्व समीक्षा कार्यक्रम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रअन्तर्गतका विभिन्न जिल्लामा नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ को त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम सम्पन्न भयो। सन् २०१४ को जुलाईदेखि सेप्टेम्बरसम्म कास्की जिल्लामा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूका बारेमा सरोकारवाला निकायबीच छलफलका लागि त्रैमासिक प्रकाशनपूर्व समीक्षा कायक्रम सम्पन्न भयो ।

कार्यक्रमका सहभागीहरूले मानवअधिकार उल्लङ्घनका दोषीलाई कारबाही र पीडितलाई न्यायको प्रत्याभूतिका लागि सरोकारवाला निकायले पहल गर्नुपर्नेमा जोड दिए। उनीहरूले महिला तथा बालिकामाथि बढेको हिंसाप्रति चिन्ता व्यक्त गर्दै घटनामा संलग्न दोषीलाई कारबाहीको लागि कडा कानुन बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए। साथै पीडकलाई राजनीतिक संरक्षण गर्न नहुने प्रति दलहरूको ध्यानाकर्षण गराउँदै अनुसन्धान प्रक्रियालाई व्यवस्थित बनाइनुपर्ने बताए। सन् २०१४ को जुलाईदेखि सेप्टेम्बरसम्म कास्कीमा बालअधिकारका १३ वटा, महिलाअधिकार १४ वटा घटना, एक महिलाको बलात्कारपछि हत्या र एक बालिकाको कुटपिटबाट हत्या भएको प्रतिवेदनमा उल्लेख छ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग पोखराका निर्देशक डा. टीकाराम पोखरेलले महिला तथा बालबालिकामाथि हुने गरेका हिंसाका घटना न्यूनीकरणका लागि घटना किन र के कारणले भएको हो सो सम्बन्धमा तथ्य पत्ता लगाएर अभियान चलाउनुपर्ने बताए। वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बरालले समाज संस्कारविहीन र नैतिकपतन भएकोले हिंसाका घटना बढ्दै गएको भन्दै मानवीय सभ्यता र संस्कारको शुरुवात गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा राजनीतिक दलहरूका तर्फबाट नेपाली काङ्ग्रेसका जिल्ला सचिव युवराज कुँवर, नेकपा एमालेकी जिल्ला सदस्य सन्तु सुवेदी, एनेकपा माओवादीका जिल्ला अध्यक्ष दीपक कोइरालालगायतले दोषीलाई राजनीतिक दलले संरक्षण गर्न नहुनेमा जोड दिँदै गाउँगाउँमा भएका मानवअधिकार हनन्का घटना उजागर गर्नुपर्ने, राजनीतिक दल, सरोकारवाला निकायबीच समन्वय र सहकार्य गरी मानवअधिकार उल्लङ्घनका घटनाको न्यूनीकरण गर्नुपर्ने बताए।

## बालअधिकार चेतना समूह गठन

स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने (इएलपी) कार्यक्रमअन्तर्गत विभिन्न जिल्लाका सामुदायिक विद्यालयमा बालअधिकार चेतना समूहहरू गठन गरिएका छन्। चेतना समूहको गठनसँगै विद्यालयस्तरमा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबीच अन्तरक्रियासमेत सम्पन्न गरियो।

### तनहुँ

**अरुणोदय मावि जिलाङ**

अरुणोदय गाविसको अरुणोदय मावि जिला, फूलबारीमा ०७१ भदौ २७ गते अर्जुन तिम्सिनाको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा सुपच राना, सचिव, उमेश थापा, सहसचिवमा नरिना थापा, कोषाध्यक्षमा ग्रीस्मा थापा, सदस्यहरूमा मेनुता अच्छामी, सुशील थापा, लक्ष्मी पुन, जीवन आले, आरती रसाइली रहेका छन्।

**पृथ्वी मावि, हुक्काँ**

किहुँ-८ हुक्काँमा ०७१ भदौ २५ गते फातुमा खातुन मिँयाको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा जन्नत मियाँ, सचिवमा ममता थापा, सहसचिवमा फूलमाया नेपाली, कोषाध्यक्षमा सपना जिटी र सदस्यहरूमा सागर लम्साल, विनीसा थापा, अमीसा परियार, जस्मीन विक, सीता सिग्देल र बसन थापा रहेका छन्।

**हिमालय उमावि**

भानुमती गाविसको हिमालय उमाविमा ०७१ भदौ २४ गते हिमकुमार विकको अध्यक्षतामा १३ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा विनीता गुरुङ, सचिवमा जुना गुरुङ, सहसचिवमा एशिका गुरुङ, कोषाध्यक्षमा विशाल परियार र सदस्यहरूमा पूजा श्रेष्ठ, विष्णुमाया थापा, पूजा मल्ल, सुमीना नेपाली, अनु क्षेत्री, तुलबहादुर नेपाली, विकास सुनार र निकास नेपाली रहेका छन्।

**बुच्चाखानी उमावि**

भानुमती गाविसकै बुच्चाखानी उमाविमा ०७१ भदौ २४ गते अमृता क्षेत्रीको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा अनिस थापा, सचिव रितिका गुरुङ, सहसचिवमा रितिका गुरुङ, कोषाध्यक्षमा लङ्का मल्ल र सदस्यहरूमा डम्बरबहादुर गुरुङ, गीता मल्ल, मनिका परियार, धनमाया गोतामे, दिपीन थापा र सरिफ थापा रहेका छन्।

**सिद्धार्थ उमावि, वडरभञ्ज्याङ**

किहु गाविसको सिद्धार्थ उमावि, वडरभञ्ज्याङमा ०७१ भदौ २४ गते सुवास लम्सालको अध्यक्षतामा १३ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा संगीता थापा, सचिवमा विन्दु लम्साल, सहसचिवमा अस्मीता तिम्सिना, कोषाध्यक्षमा आशीष नेपाली र सदस्यहरूमा शुक्रराज लम्साल, विशाल सिग्देल, सुस्मीता सुवेदी, सुमन श्रेष्ठ, सुशीला सिग्देल, श्यामकला आले, आशीष सुवेदी र सुरज दर्जी रहेका छन्।

**रघु मावि, अरुणोदय**

यसैगरी अरुणोदय गाविसकै रघु मावि, अरुणोदय ०७१ भदौ २३ गते कुशा थापाको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा विशाल विक, सचिवमा सुस्मिता थापा, कोषाध्यक्षमा शान्ति नेपाली, सदस्यहरूमा विमल थापा, सुजन थापा, सम्झना परियार, समिट थापा, विमल थापा, प्रिति थापा र सृजना थापा रहेका छन्।

## पर्वत

**शालिजा उमावि, सालिजा**

शालिजा गाविसको शालिजा उमावि, सालिजामा ०७१ भदौ ३० गते ममता चोचाङ्गीको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा सोमत भुषाल, सचिवमा सुष्मीता पुर्जा, कोषाध्यक्षमा आस्मा खोजा र सदस्यहरूमा गणेश अधिकारी, सुनिल सापकोटा, पुष्पा सुनार, पूजन विक, इन्द्र न्यौपाने, मनिका खोजी र वीना खोरजा रहेका छन्।

**धैरनी उमावि, पाङ**

पाङ गाविसको धैरनी उमावि पाङमा ०७१ भदौ ३० गते भरत रिजालको अध्यक्षतामा १३ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा प्रतीक्षा रिजाल, सचिवमा सुजन रिजाल, कोषाध्यक्षमा आकृति पौडेल, सदस्यहरूमा सन्जय नेपाली, सन्तोष नेपाली, टङ्कनाथ रिजाल, कमला चापागाई, गङ्गा रिजाल, भगवती रिजाल, मनिष नेपाली, सागर रिजाल र सन्तोष नेपाली रहेका छन्।

**शालिजा मावि, क्याङ**

क्याङ गाविसको शालिजा मावि क्याङ-३ लेस्पारमा ०७१ भदौ २७ गते पूर्णबहादुर पाइजाको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा मनी पुन, सचिवमा पार्वती पुन र सदस्यहरूमा सङ्गीता रामदान, रूपक फगामी, शर्मीला विक, सागर रामदाम, लक्ष्मी पुन, जीवन विक, युनिका पुन र रञ्जना पुन रहेका छन्।

**सरस्वती मावि**

बाजुङ गाविस सरस्वती माविमा ०७१ भदौ २५ गते निर्मल मल्लको अध्यक्षतामा १३ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहका उपाध्यक्षमा प्रमीसा केसी, सचिवमा प्रशंसा अधिकारी, र सदस्यहरूमा सन्तोष लिम्बु, वर्षा पौडेल, मनिसा

केसी, एलिसा पुन, पशुपति पौडेल, सागर परियार, मनोज परियार, सर्जुन केसी र अनिल सुवेदी रहेका छन्। प्रधान संरक्षक प्रकाशबहादुर क्षेत्री एवम् संरक्षक शिक्षक विमल क्षेत्री रहेका छन्।

**महेन्द्रसिखरी उमावि**

बाजुङ गाविस महेन्द्रसिखरी उमावि ०७१ भदौ २४ गते रोशन प्रसाईको अध्यक्षतामा १३ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा सोनी मल्ल, सचिवमा अनिल हमाल, कोषाध्यक्षमा बविता हमाल र सदस्यहरूमा अस्मिता गुरुङ, अजन विक, प्रदीप शर्मा, राजेश हमाल, कमल कुँवर, दीपा थापा, शोभा कुँवर, ममता शर्मा र प्रकाश पौडेल रहेका छन्।

**बनौ माविमा**

बनौ गाविसको बनौ माविमा ०७१ भदौ २३ गते मन्जु शर्माको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भएको छ। समूहको उपाध्यक्षमा यममाया फकामी, सचिवमा तोकबहादुर चोचाङ्गी, सहसचिवमा दिलिप फकामी, कोषाध्यक्षमा चन्द्रा पाइजा, सदस्यहरूमा सागर जिसी, नविना फकामी, सुमन जिसी, विमला विक र सागर विक र गणेश आचार्य रहेका छन्।

## कास्की

**ब्रम्हरूपा उमावि**

लेखनाथ नपाको ब्रम्हरूपा उमावि लेखनाथ नपा-१३ मा मिति ०७१ भदौ ३० गते राजेश विकको अध्यक्षतामा बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा सुमीता पौडेल, सचिवमा सन्तोष मल्ल, सहसचिवमा सन्ध्या बसौला, कोषाध्यक्षमा अनीता तिमिल्सिना, सदस्यहरूमा सुस्मीता मिजार, सुस्मीता नेपाली, अब्दुल रसिद सुनार, निर्मला केसी, मनीषा परियार, विष्णु कार्की र विशाल विक रहेका छन्।

**विश्वशान्ति उमावि**

देउराली गाविसको विश्वशान्ति उमाविमा ०७१ भदौ २७ गते बसेको विद्यार्थीहरूको भेलाले विपुन बसौलाको अध्यक्षतामा १७ सदस्यीय बालअधिकार चेतना समूह गठन गरियो । समूहको उपाध्यक्षमा रश्मी घिमिरे, सचिवमा अस्मीता घिमिरे, सहसचिवमा प्रमीला बसौला र कोषाध्यक्षमा निशा गुरुङ रहेकी छन्। त्यसै गरी, सदस्यहरूमा सुरज परियार, आशिष पौडेल, जमुना घिमिरे, सन्ध्या क्षेत्री, सुनिल घिमिरे, आशिष बराल, अनिषा रेग्मी, तिलकराज रेग्मी, दीक्षित घिमिरे, सविना क्षेत्री, सुमित रेग्मी र सञ्जीव श्रेष्ठ रहेका छन्।

**चन्द्रप्रभाव उच्च मावि**

रुपाकोट गाविसको चन्द्रप्रभाव उच्च माविमा वसन्त मगरको अध्यक्षतामा ०७१ भदौ २६ गते ११ सदस्यीय बालअधिकार चेतनासमूह गठन गरिएको छ। समूहको उपाध्यक्षमा अस्विरन मियाँ, सचिवमा उषा गुरुङ, सहसचिवमा मदन भण्डारी र कोषाध्यक्षमा अश्मी गुरुङ रहेकी छन्। त्यसै गरी, सदस्यहरूमा राजकुमार नेपाली, थारुक मोहमद मियाँ, कृतिमा पुलामीमगर, सञ्जोग गुरुङ, मोनिका खड्का र सुस्मीता खड्का रहेका छन्।

**पृथ्वीरूपा मावि**

रुपाकोट गाविसकै पृथ्वीरूपा माविमा अनिल बस्नेतको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन ०७१ भदौ २५ गते गरियो । समूहको उपाध्यक्षमा सञ्जय अधिकारी, सचिवमा, स्वस्तीका गुरुङ, सहसचिवमा सीमा थापा र कोषाध्यक्षमा निशा बस्नेत रहेका छन्। सदस्यहरूमा पूजना खड्का, क्षितिक विक, निशान गुरुङ, सरीता सुवेदी, अस्मीत सुनार र अश्विन अधिकारी रहेका छन्।

**रामकोट उमावि, रामकोट**

हंसपुर गाविसको रामकोट उमावि, रामकोटमा ०७१ भदौ २५ गते सुनिल विकको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको उपाध्यक्षमा अन्जना पौडेल, सचिवमा विशाल न्यौपाने, सहसचिवमा स्वतन्त्र विक, कोषाध्यक्षमा मोनिका गुरुङ र सदस्यहरूमा अनिसा विक, कृष्ण गुरुङ, सुरुची सुवेदी, दिक्षा गुरुङ, प्रतिक्षा भट्टराई, सुक्मीता विक रहेका छन्।

**रूपाज्योती मावि**

यसै गरी, लेखनाथ नपाको रुपाज्योती मावि, तालवेशीमा ०७१ भदौ २४ गते सञ्जय सुवेदीको अध्यक्षतामा ११ सदस्यीय बालअधिकार चेतना समूह

गठन भयो। समूहको उपाध्यक्षमा पुनम सुवेदी, सचिवमा पुनम गुरुङ, कोषाध्यक्षमा विष्णु थापा र सदस्यहरूमा कञ्चन गुरुङ, समीक्षा जिसी, दीपा थापा मगर, सनम गुरुङ, टिका गुरुङ, जमूना परियार, आयूषा गुरुङ रहेका छन्।

## मानवअधिकार निगरानी समूह गठन

### कास्की

स्थानीय समुदायको शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका लागि जिम्मेवार निकायलाई जवाफदेही बनाउने परियोजनाअन्तर्गत ०७१ भदौ १९ गते सरोकारवाला निकायको भेलाले कृष्णप्रसाद बरालको संयोजकत्वमा ११ सदस्यीय मानवअधिकार निगरानी समूह गठन गर्‍यो। समूहको सदस्यहरूमा पुण्य पौडेल, प्रेम सोङ्मेन, बलराम घिमिरे, दुर्गा केसी, काशी गुरुङ, जानकी शर्मा, गोमा प्रधान, इन्दिरा पौडेल, राज क्षेत्री र सरु अधिकारी रहेका छन्। समूहको सल्लाहकारमा विष्णु बराल, खगराज आचार्य, कमल अर्याल र सरलाकुमारी पाण्डे रहेका छन्। कार्यक्रममा इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक शिव खकुरेलले राज्यले शिक्षा, स्वास्थ्य र खाद्यअधिकारका लागि निर्दिष्ट गरेका कार्यक्रमहरू स्थानीय नागरिकले प्रत्याभूति गर्न नसकेकाले स्थानीय समुदायलाई अधिकारका बारेमा सचेत बनाउँदै जिम्मेवार निकायलाई जवाफदेही बनाउनका लागि परियोजना सञ्चालन गरिएको बताएका थिए। कार्यक्रममा जिल्ला कृषि विकास कार्यालयका कृषि प्रसार अधिकृत गंगाबहादुर थापा, जिल्ला जनस्वास्थ्य कार्यालयका अधिकृत नानीबाबु ढकाल, जिल्ला शिक्षा कार्यालयका प्रकाश ओझा, महिला तथा बालबालिका कार्यालयकी सुपरभाइजर बेलकुमारी गुरुङ, इन्सेक पोखराकी कार्यक्रम फोकल पर्सन सवनम शर्मा, टंक खनाल लगायतले आ-आफ्नो विचार व्यक्त गरेका थिए।

### देउराली गाविस

देउराली गाविसमा ०७१ भदौ २५ गते गाविस तहमा मानवअधिकार निगरानी समूह गठन भयो। समूहको संयोजकमा टेकबहादुर गुरुङ रहेका छन् भने सहसंयोजकमा कमला श्रेष्ठ र सचिवमा राजन खनाल तथा सदस्यहरूमा पुष्पराज ढुङ्गाना, श्यामलाल श्रेष्ठ, अप्सरा श्रेष्ठ, कल्पना घिमिरे, सेर बहादुर नेपाली, हरिचन्द्र पौडेल, यमबहादुर गुरुङ, इन्द्रराज बसौला, पानमाया परियार, खोमाया गुरुङ रहेका छन्।

### थुम्की गाविस

यसै गरी, स्थानीय समुदायको शिक्षा, स्वास्थ्य र खाद्यअधिकारका लागि जिम्मेवार निकायलाई जवाफदेही बनाउन पहल (कियोस) कार्यक्रमअन्तर्गत थुम्की गाविसमा ०७१ भदौ २४ गते मानवअधिकार निगरानी समूह गठन तथा परिचयात्मक कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा दुर्गाबहादुर विकको संयाजकत्वमा मानवअधिकार निगरानी समूह गठन गरिएको थियो। उक्त समूहको अन्य सदस्यहरूमा नन्दलाल ओझा, कृष्णमुरारी खनाल, कृष्णप्रसाद सुवेदी, चन्द्रबहादुर थापा, चन्द्रकान्त खनाल, हिमलाल ओझा, लालुमाया ओझा, शान्ता अधिकारी, शान्ता पौडेल, शिवराज अधिकारी, विष्णुकुमार श्रेष्ठ र अतिसरा गुरुङ रहेका छन्।

### रूपाकोट गाविस

रुपाकोट गाविसमा ०७१ भदौ २३ गते दैवबहादुर गुरुङको संयोजकत्वमा ११ सदस्यीय मानवअधिकार निगरानी समूह गठन भयो। समूहको सदस्य सचिवमा दुर्गाबहादुर विकर सदस्यहरूमा थममाया थापा, हस्तबहादुर खड्का, धिरेन्द्र गुरुङ, सीता थापा, नरकाजी गुरुङ, खेमबहादुर गुरुङ, धहुरा मिया, कृष्णप्रसाद लामिछाने, विष्णु अधिकारी रहेका छन्।

### हंसपुर गाविस

हंसपुर गाविसमा ०७१ भदौ २२ गतेका गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन भयो। गाविस सचिव धर्मदत्त बरालको अध्यक्षतामा




**परिचयात्मक कार्यक्रममा उपस्थिति अतिथिहरू**

सम्पन्न कार्यक्रममा भैरवलाल श्रेष्ठको संयोजकत्वमा १५ सदस्यीय मानवअधिकार निगरानी समूह गठन भएको थियो। सदस्यहरूमा बलबहादुर श्रेष्ठ, देवी न्यौपाने, कृष्णमणी सुवेदी, राधा गुरुङ, इन्द्रबहादुर गुरुङ, विभा गुरुङ, चित्र बहादुर गुरुङ, यामबहादुर भुजेल, चिजा नेपाली (परियार), रामकोट उमाविका प्रअ शुक्रराज सापकोटा, सत्यराज सुवेदी, रतनकुमार गुरुङ, तारानाथ भट्टराई र पुष्पराज सुवेदी रहेका छन्।

## तनहुँ

इन्सेकको आयोजनामा तनहुँ जिल्लामा जिल्लास्तरीय मानवअधिकार निगरानी समूह गठन तथा अन्तरक्रिया कार्यक्रम ०७१ भदौ २६ गते जिल्ला सदरमुकाममा सम्पन्न भयो। समूहको संयोजकमा गोविन्द पन्थ रहेका छन् भने सदस्यहरूमा नेपाल बार एसोसियसनका निवर्तमान अध्यक्ष देवेन्द्र हमाल, सामुदायिक वन उपभोक्ता महासङ्घ, तनहुँका अध्यक्ष केशवचन्द्र न्यौपाने, नेपाल पत्रकार महासङ्घ तनहुँका उपाध्यक्ष समुन्द्र पौडेल, क्रियाशिल पत्रकार महिला समूहकी अध्यक्ष सोनी खनिया, महिला मानवअधिकार रक्षक सञ्जालका कला पुन, रिसेडका अध्यक्ष मदन पौडेल, रामलिला सुवर्णकार, दीपेन्द्र शाही, चेतबहादुर थापा र दुर्गा भण्डारी रहेका छन्।

### अरुणोदय गाविस

यसै गरी, तनहुँ जिल्लाको अरुणोदय गाविसमा ०७१ भदौ ३० नरबहादुर थापाको संयोजकत्वमा १३ सदस्यीय मानवअधिकार निगरानी समूह गठन गरिनुका साथै तीन सदस्यीय सल्लाहकार समिति चयन गरियो। समूहका अन्य सदस्यहरूमा मीरा थापा, बलबहादुर विक, गोविन्दबहादुर आले, तुलसीराम काफ्ले, छलीमाया थापा, श्रीबहादुर थापा, चोमाया थापा, भीममाया थापा, आनन्ददेवी राना, सुनीता विक, लेकमाया सुवेदी र मधुमाया थापा रहेका छन्।

### भानुमती गाविस

यसै गरी, भानुमती गाविसमा ०७१ भदौ २६ गते गौमाया रानाको अध्यक्षतामा १२ सदस्यीय मानवअधिकार निगरानी समूह गठन भयो। समूहको सदस्य सचिवमा मनबहादुर थापा रहनुभएको छ भने सदस्यहरूमा मौनबहादुर गुरुङ, तेजबहादुर गुरुङ, भक्तबहादुर खड्का, डिलकुमारी बस्याल, बुद्धिमाया श्रेष्ठ, सुनीता थापा, दिलमाया थापा, लोकबहादुर मल्ल, धनकुमारी आले र कल्पना श्रेष्ठ रहेका छन्।

### किहुँ गाविस

किहुँ गाविसमा ०७१ भदौ २५ गते होमबहादुर थापाको संयोजकत्वमा १३ सदस्यीय गाउँस्तरीय मानवअधिकार निगरानी समूह गठन भयो।समूहको सदस्य सचिवमा टममाया राना तथा दस्यहरूमा धना सिग्देल, टेकबहादुर थापा, वर्षा नेपाली, बालकृष्ण लम्साल, इदमहम्द मियाँ, होमबहादुर राना, इन्द्रिरा सिग्देल, पहलसिं रसाइली, खड्कसिं राना, केशरबहादुर सार्की र सोमकला थापा चयन भएका छन्।

## पर्वत

पर्वत जिल्लामा ०७१ असोज १ गते जिल्लास्तरीय मानवअधिकार निगरानी समूह गठन भयो। समूहको संयोजकमा यम विक रहेका छन् भने सदस्य सचिवमा शेषराज रेग्मी तथा सदस्यहरूमा मनकुमारी गिरी, सरीता भण्डारी, उत्तम अधिकारी, गोपाल विक, गणेश सुवेदी, सीता केसी, सङ्गीता सुवेदी, किशोर सापकोटा, शिव शर्मा, जगदीश पौडेल, दुर्गाप्रसाद शर्मा, राजेन्द्रप्रसाद पौडेल रहेका छन्।

### बाजुङ गाविस

बाजुङ गाविसमा ०७१ भदौ २८ गते गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन भयो। विदुर हमालको संयोजकत्वमा नौ सदस्यीय मानवअधिकार निगरानी समिति गठन गरिएको थियो। कार्यक्रममा गाविसको सेवा सुविधाहरूमा सबैको पहुँच हुनुपर्ने, सरकारी निकायलाई जिम्मेवार बनाउनुपर्नेमा जोड दिइएको थियो। कार्यक्रममा वक्ताहरूले शिक्षाको कुरामा शिक्षकहरूले बालबालिकाहरूलाई शिक्षा राम्रोसँग दिनुपर्नेमा शिक्षकहरू आफै विद्यालयमा




**बालअधिकार चेतना समूहका सदस्यहरूका लागि गरिएको तालिमका सहभागीहरू**

रक्सी खाएर जाने गरेकोमा पनि निगरानी गर्नुपर्ने अवस्था रहेको, स्वास्थ्यको कुरामा दरबन्दीअनुसारको कर्मचारी नरहेको आदि समस्याहरू रहेको बताएका थिए। समूहका सदस्यहरूमा महेन्द्र एसी, दिपक हमाल, जसुदा मल्ल, गणेश सुवेदी, देवबहादुर कुँवर, रत्नाखर अधिकारी र चिन्तामणी सुवेदी रहेका छन्।

**क्याङ गाविस**

क्याङ गाविसमा ०७१ भदौ २७ गते मानवअधिकार निगरानी समूहको गठन भयो। कार्यक्रममा कुलबहादुर पुनको संयोजकत्वमा १५ सदस्यीय कार्यसमिति तथा तीन जनाको सल्लाहकार समिति गठन भयो। समूहका सदस्यहरूमा धनबहादुर पुन, वीरबहादुर पुन, यमकुमार पुन, गंगा विक, गौबहादुर मगर, प्रतबहादुर पुन, दलबहादुर पुन, बलबहादुर पुन, गौमाया पुन, सनबहादुर पुन, कुमारी पुन र मीना विक रहेका छन्।

**बनौ गाविस**

बनौ गाविसमा ०७१ भदौ २६ गते गौबहादुर पुर्जाको संयोजकत्वमा १३ सदस्यीय मानवअधिकार निगरानी समूह गठन भयो। समूहको सचिवमा गौमाया गर्वुजा र सदस्यहरूमा निलप्रसाद फकामी, मीनादेवी पुर्जा, मिरमती पुर्जा, लालबहादुर पुर्जा, कुमबहादुर गर्वुजा, तमबहादुर पुन, एकबहादुर फकामी, बुद्धिप्रसाद कडेल, मंगली रुचेल, होमबहादुर पुर्जा र मनीषा पुर्जा रहेका छन्।

## बालअधिकार तालिम

### पर्वत

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०७१ असोज १२ र १३ गते पर्वतको कुश्मामा बालअधिकार चेतना समूहका सदस्यहरूका लागि तालिम सम्पन्न भयो। तालिममा क्याङ, बनौ र बाजुङ गाविसमा रहेका दुई/दुई वटा विद्यालय गरी छ वटा विद्यालयका ३० जना बालबालिकाको सहभागिता रहेको थियो। बालश्रमका कारण र परिणाम, बालअधिकार महासन्धि, बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू, वार्षिक कार्ययोजना आदिको बारेमा इन्सेकका सवनम शर्मा र माधवराज पाण्डेयले सहजीकरण गर्नुभएको थियो।



**बालअधिकार चेतना समूहका सदस्यहरूका लागि गरिएको तालिमका सहभागीहरू**

### तनहुँ

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०७१ असोज ८ र ९ गते किहुँ, अरुणोदय र भानुमती गाविसमा गठन गरिएका बालअधिकार चेतना समूहका सदस्यहरूका लागि तालिम सम्पन्न भयो। दुलेगौडामा सञ्चालन गरिएको उक्त तालिमा प्रत्येक गाविसबाट दुई/दुई वटा विद्यालय गरी जम्मा छ वटा विद्यालयका ३० जना बालबालिकाको सहभागिता रहेको थियो। तालिममा बालअधिकार, बालअधिकारको ऐतिहासिक अवधारणा, बाल भित्तेपत्रिका, आवश्यकता र चाहाना, बालक के हो ? बालश्रम कारण र परिणाम, बालअधिकार महासन्धि, बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरू, वार्षिक कार्ययोजना आदिको बारेमा इन्सेक क्षेत्रीय संयोजक शिव खकुरेल, सवनम शर्मा, प्रकाशचन्द्र भट्टराई र जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद अधिकारीले सहजीकरण गर्नुभएको थियो।

### कास्की

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०७१ असोज ४ र ५ गते कास्की जिल्लाको रुपाकोट, देउराली र हंसपुर गाविसमा गठन गरिएका बालअधिकार चेतना समूहका सदस्यहरूलाई बालअधिकारसम्बन्धी तालिम सम्पन्न भयो। तालिममा प्रत्येक गाविसका दुई/दुई वटा विद्यालय गरी जम्मा छ वटा विद्यालयका ३० जना बालबालिकाको सहभागिता रहेको थियो। तालिममा बालअधिकार, बालअधिकारको ऐतिहासिक अवधारणा, बाल भित्तेपत्रिका, आवश्यकता र चाहाना, बालक के हो ? बालश्रम कारण र परिणाम, बालअधिकार महासन्धि, बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू आदिको बारेमा इन्सेकका




**बालअधिकार चेतना समूहका सदस्यहरूका लागि गरिएको तालिमका सहभागीहरू**

शिव खकुरेल, सवनम शर्मा तथा टङ्क खनालले सहजीकरण गरेका थिए।

## सेवाप्रदायक र सेवाग्राही निकायबीच बैठक

### तनहुँ

किहुँ गाविसमा ०७१ असोज २९ गते गाविसस्तरीय सेवाप्रदायक र सेवाग्राही निकायबीच समन्वयात्मक बैठक सम्पन्न भयो। मानवअधिकार निगरानी समूहका अध्यक्ष होमबहादुर थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाविस सचिव देवीभक्त सुवेदीले गाविसबाट प्रदान गरिने सेवा सुविधाहरू स्थानीय जनतालाई सरलढङ्गबाट नै दिँदै आएको बताएका थिए। कार्यक्रममा स्थानीय समाजसेवी रामप्रसाद सिग्देलले गाउँमा जेटिए महिनाको एक पटक मात्र आउने भएकोले कृषि क्षेत्र सेवा केन्द्रलाई इन्सेकद्वारा जानकारी गराउन अनुरोध गरेका थिए। उक्त कार्यक्रममा मानवअधिकार निगरानी समूहका सदस्य सचिव टममाया रानाले महिलाहरूका लागि बर्थिङ सेन्टर आवश्यक परेको बताइन्। कार्यक्रमा स्वास्थ्यचौकी किहुँकी पुष्पा सिग्देल, नेकपा एमालेका सोमनाथ शर्मा, नेकपा-माओवादीका, तुलसीप्रसाद लम्साल, एमाओवादीका दिनेश सिग्देललगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको बारेमा इन्सेक किहुँ गाविसका सहजकर्ता ऋषिकान्त दुवाडीले जानकारी गराएका थिए।

### पर्वत

#### क्याङ गाविस

पर्वत जिल्लाको क्याङ गाविसमा ०७१ असोज २६ गते गाविस तहमा सेवाप्रदायक र सेवाग्राही निकायको बैठक सम्पन्न भयो। बैठकमा प्रसुतिगृह क्याङ गाविसको स्वास्थ्यचौकीमा नभएको कारण र कच्ची सडक भएकोले अस्पताल पुऱ्याउन कठिन भएकोले सम्बन्धित निकायसँग माग गर्ने। क्याङ गाविसको स्वास्थ्यचौकीमा आइसबक्स नभएको कारणले सम्बन्धित निकायमा आइसबक्स माग गर्ने निर्णय गरियो।

#### बनौ गाविस

बनौ गाविसमा ०७१ असोज २६ गते गाविस तहका सेवाप्रदायक निकाय र सेवाग्राहीबीचमा बैठक सम्पन्न भयो। बैठकमा खाद्यको अधिकारमा औषधी र बजारमा रहेको खाद्य वस्तुहरूको मिति हेरेर मात्र खानुपर्ने, शिक्षाको विषयमा पनि हामी निगरानी समूहका पदाधिकारीहरू सचेत हुनुपर्नेमा जोड दिने निर्णय गरिएको थियो।

#### बाजुङ गाविस

बाजुङ गाविसमा ०७१ असोज २३ गते गाविस तहका सेवाप्रदायक निकाय र सेवाग्राहीबीचमा बैठक सम्पन्न भयो। बैठकमा मानवअधिकार निगरानी समूहका संयोजक विदुर हमालले खाद्यको लागि गाविसमा निश्चित बजेट आउने तर त्यो बजेट खर्च नभइरहेको अवस्था बताउनुभयो। विद्यालयमा पढ्न आउने बालबालिकाले आफ्नो जातीय पहिचान नखुलाउने गरेका कारणले गर्दा छात्रवृत्तिमा समस्या रहेको बताए।

### कास्की

#### हंसपुर गाविस

कास्की जिल्लाको हंसपुर गाविसमा ०७१ असोज २८ गते गाविस तहका सेवाप्रदायक र सेवाग्राही निकायबीचमा बैठक सम्पन्न भयो। मानवअधिकार निगरानी समूहमा लिखित निवेदन आएकोमा सो निवेदन प्रहरीचौकीमा न्यायको लागि सिफारीस गर्ने, स्वास्थ्यचौकीका आएका औषधीहरूको सिल गाविस सचिवको अनिवार्य उपस्थितिमा खोल्ने, मानवअधिकारसम्बन्धी सडक नाटकहरू आवश्यक रहेकोले यसको तयारी मानवअधिकार निगरानी समूहले गर्ने, इन्सेक क्षेत्रीय कार्यालयको लागि हंसपुर गाविसको नौ वटै वडाहरूमा रहेका पदाधिकारीहरूको लागि अभिमुखीकरण गर्न माग गर्ने, गाविसद्वारा

मानवअधिकार निगरानी समूहलाई एउटा कोठा उपलब्ध गराइदिने बारेमा छलफल भएको थियो।

**थुम्की गाविस**

यसै गरी, ०७१ असोज २९ गते थुम्की गाविसमा स्थानीय सरोकारवाला र सेवाप्रदायक निकायहरूबीचमा गाविसस्तरीय संवाद कार्यक्रम मानवअधिकार निगरानी समूहको संयोजक दुर्गाबहादुर विकको अध्यक्षता र गाविस सचिव कुलप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भयो। कार्यक्रममा स्वास्थ्यचौकीको प्रमुख, शिक्षाको विद्यालयका प्रधानाध्यापक, कृषि अधिकृतहरूलाई आ-आफ्नो संस्थाले दिने सेवा सुविधाको बारेमा जानकारी दिएका थिए। कार्यक्रममा स्वास्थ्यचौकी प्रमुखले ३३ प्रकारका औषधीहरू नि:शुल्क वितरण गरिरहेको जानकारी गराएका थिए। कार्यक्रममा, जटेश्यवर माविका प्रधानाध्यापक तीर्थ न्यौपानेले विद्यालयमा अभिभावकहरूले बढीभन्दा बढी अनुगमन गर्नुपर्नेमा जोड दिएका थिए। आगामी दिनमा राज्यले दिने सेवा सुविधाको कुराहरूमा सबैलाई जानकारी गराउने र सोही अनुरूप नै कार्य गर्ने सम्बन्धित निकायका पदाधिकारीहरूले प्रतिबद्धता व्यक्त गरेका थिए।

# मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम

## सङ्क्रमणकालीन संयन्त्र स्थापनामा ढिलाइ र यसले शान्ति प्रक्रियामा पारेको असर विषयक अन्तरक्रिया

इन्सेक क्षेत्रीय कार्यालय नेपालगन्ज र नेपाल पत्रकार महासङ्घ संयुक्त आयोजनामा ०७१ असोज ३१ गते नेपालगञ्जमा सङ्क्रमणकालीन संयन्त्र स्थापनामा ढिलाइ र यसले शान्ति प्रक्रियामा पारेको असर विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा सङ्क्रमणकालीन संयन्त्र गठन नभएका कारण द्वन्द्व पीडितहरूमा आक्रोश र निराशा बढ्दै गएकाले छिटोभन्दा छिटो सङ्क्रमणकालीन संयन्त्र गठन गर्न सहभागीहरूले सुझाएका थिए।

कार्यक्रममा न्यायका लागि द्वन्द्वपीडित समाजकी अध्यक्ष चन्द्रकला उप्रेतीले ६० दिनभित्र बेपत्ता नागरिकको अवस्था सार्वजनिक गर्ने राजनीतिक दलको प्रतिबद्धता विस्तृत शान्ति सम्झौता भएको आठ वर्षसम्म पूरा नभएको बताइन्। राष्ट्रिय मानवअधिकार आयोग नेपालगन्जका निमित्त निर्देशक रमेश थापाले मानवअधिकार आयोगले पूर्णता पाउनासाथ द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घनका मुद्दा अगाडि बढ्ने बताए। अधिवक्ता विनु श्रेष्ठले सङ्क्रमणकालीन अवस्थालाई टुङ्ग्याउन आयोग स्थापना आवश्यक भएको बताइन्।

कार्यक्रममा एमालेका निरक गुरुङ, नेपाली काङ्ग्रेसका रमेश गुप्ता, एनेकपा माओवादीका वेदप्रसाद आचार्य, राष्ट्रिय जनमोर्चाका कृष्णराज पाण्डेलगायतले आ-आफ्नो धारणा व्यक्त गरेका थिए। यस्तै, इन्प्रोकका तेजविक्रम शाह, बिग्रुपका गोपीनाथ योगी, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य झलक गैरे, पत्रकार शुक्रऋषि चौलागाई, निरज गौतम, दैनिक पत्रिका सञ्जालका अध्यक्ष शिव डोटेल, नेपाल मजदुर किसान पार्टीका रसिद अहमदलगायतले विचार राखेका थिए।

## अन्तर्राष्ट्रिय खाद्य दिवसको अवसरमा प्रभातफेरी कार्यक्रमको आयोजना

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय, नेपालगञ्ज, फियान, आरआरएन र खाद्य सञ्जालको संयुक्त आयोजनामा ०७१ असोज ३० गते ३४ औं विश्व खाद्य दिवसको अवसरमा प्रभात फेरी कार्यक्रम सम्पन्न भयो। परिवारिक खेती सबैलाई खुवाउँ, पृथ्वी जोगाउँ भन्ने नाराका साथ सेतु विक चोकबाट निस्केको प्रभात फेरी वीरेन्द्रचोकमा पुगेर समापन गरिएको थियो। कार्यक्रममा अधिकारकर्मी, सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधि पत्रकार, नागरिक समाजका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो।

समापन कार्यक्रममा बोल्दै कृषि कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत राजेन्द्र प्रधानले कृषि उत्पादनविना खाद्य सुरक्षा सम्भव नहुने बताउँदै पराम्परागत कृषि उत्पादन बढाउन सके वातावरण संरक्षणमा समेत प्रभावकारी हुने बताए। उनले वैदेशिक रोजगारबाट युवाहरूलाई कृषितिर उन्मुख बनाउन राज्यले विभिन्न खालका कार्यक्रमहरू ल्याएको जानकारी दिए। कार्यक्रममा नेपालगञ्ज नगरपालिकाका कार्यकारी प्रमुख लोकबहादुर सुनार र खाद्य सञ्जालका अध्यक्ष घनश्याम आचार्यलगायतले

बोलेका थिए। उनीहरूले कृषि उत्पादन विना खाद्य सुरक्षा हुन नसक्ने बताएका थिए।

## महिला हिंसा न्यूनीकरणमा मुस्लिम धर्मगुरुको भूमिका विषयक अन्तरक्रिया

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय नेपालगञ्ज र रुसुफ नेपालको आयोजनामा ०७१ असोज १२ इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जमा महिला हिंसा न्यूनीकरणमा मुस्लिम धर्मगुरुको भूमिका विषयमा छलफल कार्यक्रम सम्पन्न भयो। जिल्लामा महिला हिंसाका घटना वृद्धि भइरहेकाले न्यूनीकरणका उपाय खोजी गर्न कार्यक्रम आयोजना गरिएको थियो। महिला हिंसा विशेष गरी मुस्लिम समुदायमा बढी भइरहेकाले हिंसा न्यूनीकरण गर्ने उद्देश्यले इन्सेक र रुसुफ नेपालले संयुक्तरूपमा कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रमका सहभागीहरूले महिला हिंसा न्यूनीकरणका लागि शिक्षामा जोड दिनुपर्ने बताएका थिए। कार्यक्रममा इन्सेक क्षेत्रीय संयोजक भोला महतले उद्देश्यमाथि प्रकाश पार्दै हिंसा न्यूनीकरणमा धर्मगुरुहरूले निर्वाह गर्ने सकारात्मक भूमिकाले समाजमा सकारात्मक परिणाम ल्याउने बताए। रुसुफ नेपालका अध्यक्ष मुस्ताक अली राइले पछिल्लो समय मुस्लिम समुदायमा महिला हिंसाका घटना बढी देखाएको बताए। इस्लामिक सङ्घ नेपालका भेरी सदस्य माइनुदिन अन्सारीले शिक्षाको कमीका कारण मानिस हिंसात्मक भएको बताउँदै इस्लामले कही कतै हिंसा गर्न छुट नदिएको बताए। उनले सामाजिक सचेतनाका कमीका कारण हिंसाका घटना हुने गरेको बताए। फातिमा फाउण्डेशनकी शहिदा शाहले इस्लामले महिलाहरूको स्वतन्त्रतामा बन्देज नलगाएको बताइन्। पत्रकार महासङ्घका अध्यक्ष रुद्र सुवेदीले रिहाना र चाँदनीलाई आगो लगाएको घटनाको प्रसङ्गलाई जोड्दै अबका दिनमा घटना हुन नदिन सबैको पहल हुनुपर्ने बताए। अधिवक्ता बिनु श्रेष्ठले धर्मगुरुहरूको कुरा सबैले मान्ने हुँदा प्रत्येक शुक्रबार जमा भएको समयमा महिला हिंसा न्यूनीकरण विषयमा गुरुहरूलाई बोलिदिन सुझाइन्।

## जनतासँग सभासद् विषयक कार्यक्रम

बर्दिया नागरिक समाज सञ्जालको संयोजन तथा अनौपचरिक क्षेत्र सेवा केन्द्र (इन्सेक), सिविन नेपाल र दलित महिला उत्थान सङ्घको संयुक्त आयोजनामा जनतासँग सभासद् विषयक कार्यक्रम ०७१ असोज ११ गते बर्दिया जिल्लाको सदरमुकाम गुलरियामा सम्पन्न भयो।

कार्यक्रमका सहभागी नागरिकहरूले आफ्ना गुनासो राख्नुको साथै तोकिएको समयमै संविधान बनाउन र जिल्लाका समस्या समाधानप्रति उत्तरदायी बन्न सभासद्हरूलाई आग्रह गरेका थिए। उनीहरूले संविधान सभा चुनावको क्रममा आफ्नै घरआँगनमा पुगी विभिन्न समस्या बारे खोजी नीति गरे पनि सभासद् चुनिएपछि भने आफैले गरेको प्रतिबद्धता भुलेको गुनासो गरेका थिए। यस्तै, वक्ताहरूले निर्धारित समयभित्र संविधान निर्माण गर्नका लागि सभासद्हरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने, साउन अन्तिम साता आएको बाढीबाट प्राभावित क्षेत्रका जनताहरूको उचित पुनर्वासको व्यवस्था गर्नुपर्ने, बबई नदी नियन्त्रण गरी जिल्लाका अधिकांश क्षेत्रहरूको डुवान तथा कटानको दीर्घकालीन समस्या समाधानको निकास खोज्नुपर्ने लगायतका विषयमा सभासद्हरूको ध्यानाकर्षण गराएका थिए।

कार्यक्रममा बर्दिया क्षेत्र नं. २ का संञ्जयकुमार गौतम, समानुपातिकतर्फबाट सभासद् भएका लिला



**अन्तरक्रिया कार्यक्रममा आफ्नो विचार राख्नुहुँदै इन्सेक क्षेत्रीय संयोजक भोला महत**



**नागरिकसँग सभासद् कार्यक्रमका सहभागीहरू**

राना र क्षेत्र नं. २ का मानबहादुर थारु गरी तीन जना सभासद्ले जनताका गुनासाहरूमाथि आ-आफ्नो धारणा राखेका थिए। संविधान निर्माण प्रक्रियामा जनताको निरन्तर खबरदारीले संविधान निर्माणमा महत्वपूर्ण टेवा पुऱ्याउने विचार सभासद्हरूले व्यक्त गरेका थिए।

## अन्तर्राष्ट्रिय शान्ति दिवसको सन्दर्भमा परिसंवाद

अन्तर्राष्ट्रिय शान्ति दिवसको सन्दर्भमा इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्ज, यूएनडिपी बाँके, हिमराइटस् र स्थानीय शान्ति समितिको संयुक्त आयोजनामा ०७१ असोज ४ गते सरोकारवाला निकायबीचमा परिसंवाद कार्यक्रम सम्पन्न भयो।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै इन्सेक क्षेत्रीय संयोजक भोला महतले नागरिकको स्वभिमानता स्थापित नभई शान्ति स्थापना हुन नसक्ने बताए। सहायक प्रमुख जिल्ला अधिकारी गञ्जबहादुर एमसीले जबसम्म शान्ति स्थापना हुँदैन तबसम्म विकास सम्भव नहुने बताए। धर्मगुरु चन्द्रनाथ योगीले आफ्नो अधिकार खोज्दा अरुको अधिकारको पनि सम्मान गर्नुपर्ने बताए। स्थानीय शान्ति समितिका संयोजक कमरुद्दीन राईनले स्थानीय शान्ति समितिमा स्रोत साधनको कमी भएकोले शान्ति समितिको काम प्रभावकारी हुन नसकेको बताए। नेकपा एमालेका निरक गुरुङले राज्यले दिने सेवा सुविधा निष्पक्षरूपमा वितरण गर्न सकेमा मात्र स्थायी शान्ति हुने बताए।

यस्तै, विभिन्न राजनीतिक दलका प्रतिनीधिहरूले राज्यले आफ्ना प्रतिबद्धता पुरा नगरेको, राज्यका निकायहरूले दिने सेवा सुविधामा जनताको पहुँच नभएको भन्दै राज्यले प्रदान गर्ने सेवा सुविधा जनताले समान र सहजरूपमा उपभोग गर्न पाए मात्र शान्ति स्थापना हुने बताएका थिए। द्वन्द्वपीडित समाजकी अध्यक्ष चन्द्रकला उप्रेतीले राज्यले द्वन्द्वपीडितको समस्या सम्बोधन गर्न नसकेको बताइन। पुनरावेदन बारका तेजकुमार धितालले राज्यका संयन्त्रहरूले ठीक ढङ्गले काम गर्न सकेमा मात्र स्थायी शान्ति हुने बताएका थिए।

## मानवअधिकार रक्षकहरूको बीचमा अनुभव आदानप्रदान

इन्सेक क्षेत्रीय कार्यालयको आयोजनामा ०७१ भदौ १९ गते मानवअधिकार रक्षकहरूको बीचमा अनुभव आदानप्रदान बैठक आयोजना गरियो। बैठकको उद्देश्यमाथि प्रकाश पार्दै इन्सेक क्षेत्रीय संयोजक भोला महतले समसामयिक मानवअधिकारका सवालमा छलफल गरी आगामी दिनका लागि योजना बनाउने उद्देश्यले बैठक आयोजना गरिएको बताउनुभएको थियो।

बैठकमा बाढीबाट प्रभावितहरूका विषयमा राज्यले ध्यान पुऱ्याउन नसकेकोमा मानवअधिकार सञ्जालको गम्भीर ध्यानाकर्षण भएको थियो। वर्षातको बाढीबाट प्रभावित परिवारलाई राहत पुऱ्याउन स्थानीय सरकारको अतिरिक्त सामाजिक सङ्घसंस्था, राष्ट्रसङ्घीय नियोक र अन्य सरोकारवाला निकायको ध्यानाकर्षण गराउने सहमति भएको थियो। राज्यले समयमा सेना र पुलिस परिचालन गर्न सकेको भए बाढीबाट धेरै क्षति हुनबाट रोक्न सकिने अवस्था रहेको बैठकले मूल्याङकन गरिएको थियो।  राज्यले एकद्वार प्रणालीबाट राहत वितरण गर्ने भने तापनि राज्यको राहत वितरण प्रणाली व्यवस्थित हुन नसकेको र राहत वितरणमा विभेद भएको मानवअधिकार रक्षकहरूले बताएका थिए।

बैठकले बाढीबाट प्रभावितहरूको व्यवस्थित तथ्याङ्क निकाली राज्यलाई सघाउने उद्देश्यले नेपाल पत्रकार महासङ्घको संयोजकत्वमा आरआरएन, इन्सेक, फियान नेपाल, फातिमा फाउण्डेशन, दलित सेवा सङ्घ, बहुमुखी सेवा केन्द्र सदस्य रहेको सात सदस्यीय कार्यदल गठन गरेको थियो।

## बाढीपीडित मुक्तकमैयालाई इन्सेकको पहलमा सहयोग हस्तान्तरण

बैजापुर गाविस-६ स्थित मुक्तकमैया शिविरका बाढी पीडितलाई ०७१ भदौ १७ गते सहयोग हस्तान्तरण गरियो। उक्त सहयोग इन्सेकको समन्वयमा नेपालगञ्जस्थित विभिन्न सामाजिक सङ्घसंस्थामा कार्यरत कर्मचारीहरूले व्यक्तिगतरूपमा सङ्कलन गरेका थिए। साउन २९ गते राप्ती नदीमा आएको बाढीले बैजापुर गाविस-६ स्थित मुक्तकमैया शिविरका १३ घरभित्र पसेपछि मुक्तकमैयाका घर क्षति हुनुका साथै खाद्यान्न, लत्ताकपडा र भाँडाकुडा बगाएको थियो। इन्सेकको समन्वयमा बैजापुरका बाढी पीडित मुक्तकमैयालाई ३७ थान बाल्टिनभित्र



**बाढीपीडित मुक्तकमैयालाई**
**राहत वितरणका लागि तयार गरिएको सामग्री**

राखिएका सामानहरू वितरण गरिएको थियो। बाढी पीडितलाई वितरण गरिएका सामानहरूमा चामल, बाल्टी, जग, मन्जन, ब्रस, पियूस, बिस्कुट, जीवनजल, साबुनलगायतका सामानहरू रहेका थिए।

सङ्कलित सामानहरू राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक मुरारी खरेल, इन्सेकका क्षेत्रीय संयोजक भोला महत, मेलमिलाप तथा विकास मञ्चका अध्यक्ष पूजा भुषाल, सचिव लक्ष्मी चौधरी, नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष रुद्र सुवेदी, यूवा समूहका उपाध्यक्ष रेणुका लामिछाने, नागरिक दैनिकका रुद्र खड्का, सद्भाव दैनिकका दामोदर भण्डारी, मेलमिलाप तथा विकास मञ्चका सल्लाहकार डिल्ली ओली, मञ्चकी सदस्य कलावती भण्डारीलगायतले वितरण गरेका थिए।

## कार्यक्रम अभिमुखीकरण बैठक सम्पन्न

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ भदौ ९ र १० गते अभिमुखीकरण तथा योजना बैठक नेपालञ्जमा सम्पन्न भयो। इन्सेक क्षेत्रीय संयोजक भोला महतले कार्यक्रमले स्थानीयस्तरमा रहेका मुख्य सरोकारवाला र स्थानीय निकायलाई जिम्मेवार र जवाफदेही बनाउने र सेवाग्राहीलाई समेत आफ्नो कर्तव्य र अधिकारप्रति सचेत बनाउने बताए।

अभिमुखीकरण बैठकमा इन्सेक अभियान, मानवअधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र अनुगमनविधि, समन्वय र सहजीकरण र विश्वास आर्जन, जिल्लाप्रतिनिधि र सहजकर्ताको भूमिका, इन्सेक कार्यक्रम र परियोजना, गाविसको अवस्था विश्लेषण, प्रतिवेदन लेखन, र सफलताको कथा, लेखाबारे जानकारी, कार्ययोजना निर्माणलगायतका विषयमा इन्सेकका क्षेत्रीय संयोजक भोला महत, कार्यक्रम फोकल पर्सन सरस्वती मल्ल र पीएमई एकाइका गणेश श्रेष्ठले सहजीकरण गरेका थिए। कार्यक्रममा १० वटा गाविका १० जना सहजकर्ता, तीन जना जिल्ला प्रतिनिधि गरी जम्मा १६ जनाको सहभागिता रहेको थियो।

## द्वन्द्व नक्साङ्कन तालिम

### बर्दिया, धधवार गाविस

धधवार गाविसमा गाविस प्रतिनिधि, प्रहरी, बडघर, श्रीमानश्रीमती, सासुससुरा, हजुरबुवा हजुरआमा, युवा, भाइबहिनी, पारालिगल समितिका प्रतिनिधि, आमा समूह, मेलमिलाप तथा विकास मन्च, युवा समूहलगायतका १४ जना महिला र १४ जना पुरुष गरी जम्मा २२ जनाको सहभागितामा द्वन्द्व नक्साङ्कन तालिम ०७१ असोज २९ र ३० गते सम्पन्न भयो। इन्सेकको साझा बुझाइका लागि सामुदायिक पहल परियोजनाअन्तर्गत उक्त तालिममा सेफरबर्ल्डका परियोजना अधिकृत रमेश श्रेष्ठ, इन्सेकका शोभा चौधरी र सिविन नेपालका प्रमेश श्रेष्ठले सहजीकरण गरेका थिए।

### विनौना गाविस

इन्सेक र सिविन नेपालको संयुक्त आयोजनामा बाँके जिल्लाको विनौना गाविसमा आयोजित दुई दिने द्वन्द्व नक्साङ्कन तालिम ०७१ असोज ७ गते सम्पन्न भयो। तनाव वा मनमुटावमा रहेका समुदायका प्रतिनिधिहरू, राजनीतिक दल तथा स्थानीय सरोकारवाला निकायहरूलाई एकै ठाउँमा ल्याई हानी नगरौं अवधारणाको विकासका लागि सहभागितामूलक परिवेश विश्लेषणका विधि तथा औजारहरूको विषयमा



**द्वन्द्व नक्साङ्क तालिमका सहभागीहरू**

क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उक्त तालिमको आयोजना गरिएको इन्सेकका जिल्ला कार्यक्रम संयोजक नारायण सुवेदीले जानकारी दिए। कार्यक्रममा द्वन्द्व संवेदनशील अवधारणा, वृत्तचित्र विश्लेषण, पात्र नक्साङ्कन, अभिनय विधिलगायतका विषयमा सेफरवर्ल्डकी कार्यक्रम अधिकृत सूर्या विश्वकर्मा र इन्सेकका परियोजना संयोजक सुशील चौधरीले सहजीकरण गरेका थिए। गाविसस्थित राजनीतिक दलका प्रतिनिधि, सरकारी निकायका प्रतिनिधि, द्वन्द्व पीडित, पूर्व लडाकु र समुदायका व्यक्तिहरूको सहभागिता रहेको थियो।

## सरोकारवाला निकायबीच छलफल

### बाँके, कचनापुर गाविस

इन्सेक र सिविनद्वारा कचनापुर गाविसमा सञ्चालित साझा बुझाइका लागि सामुदायिक पहल (सिसु) कार्यक्रमअन्तर्गत मेलमिलाप तथा विकास मञ्च कचनापुरको आयोजनामा ०७१ साउन २६ गते प्रस्तावित कार्ययोजना सम्बन्धमा सरोकारवाला निकायबीच छलफल कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा गाविस सचिव दामोदर शर्मा, नेपाली काङ्ग्रेसका पवनकुमार शाह, एमालेका दीर्घबहादुर बुढा, राप्रपाका भूपेन्द्र ओली, सङ्घीय समाजवादी पार्टीका प्रतिनिधि मस्तबहादुर पुनलगायतले कचनापुर प्रहरीचौकीलाई स्थायी बनाउनुपर्ने र अगैयामा इलाका प्रशासन कार्यालय राख्नका लागि पहल गर्ने क्रियाकलाप समावेश गर्नुपर्ने, भूमिहीनहरूको समस्या कचनापुर गाविसको वडा नम्बर सातमा बढी भएकोले उक्त वडालाई मध्यनजर गरी कार्यक्रम गर्नुपर्ने सुझाव दिएका थिए। यस्तै, कार्यक्रमका अन्य वक्ताहरूमा समाजसेवी केशव पौडेलले गाविसको समग्र विकासका लागि प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, सिक्टा कार्यालयका प्रमुखलगायतका सेवाप्रदायक निकायका प्रमुखहरूको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिनुपर्ने सुझाव दिएका थिए। इन्सेक केन्द्रीय कार्यालयका परियोजना संयोजक सुशील चौधरीले प्रस्तावित कार्ययोजना कार्यान्वयनपछि समुदायमा सकारात्मक परिवर्तन आउने बताउँदै जागरुक, सिर्जनशील, जिज्ञासु र चासो राख्ने समाज कहिल्यै पछि नपर्ने बताए। इन्सेकका जिल्ला कार्यक्रम संयोजक नारायण सुवेदीले सञ्चालन गरेको कार्यक्रममा सहभागीहरूले सडक नाटकमा स्थानीय कलाकारलाई प्राथमिकता दिनुपर्ने, गाविसमा काम गर्ने अन्य सङ्घसंस्थाहरूसंग समन्वय र सहकार्य बढाउनुपर्ने, कचनापुर र विनौना जोडने राप्ती नदिमा झोलुङ्गे पुल बनाउनका लागि आवाज उठाउनुपर्ने सुझाव दिए। कार्यक्रममा सिविन नेपालका परियोजना संयोजक खुसीला लामाको पनि सहभागिता रहेको थियो। मेलमिलाप तथा विकास मञ्च कचनापुरले आगामी दुई वर्षका लागि कचनापुर गाविसमा लैङ्गिक हिंसा, भूमिहीन समस्या र मुगुवा, परुवा खोला, राप्ती नदी कटान सम्बन्धमा स्थानीयबासी र ठेकेदारबीचको विवाद प्राथमिकीकरण गरेको थियो।

### सुर्खेत, छिन्चु गाविस

मेलमिलाप तथा विकास मञ्च (आरडीएफ) छिन्चुले निर्माण गरेको दुई वर्से कार्ययोजनामा ०७१ साउन २८ गते छलफल सम्पन्न भयो। साझा बुझाइका लागि सामुदायिक पहल 'सिसु' परियोजनाअन्तर्गत इन्सेकद्वारा गठित आरडीएफले राजनीतिक असमझदारी, चेलिवेटी बेचविखन र जातीय विभेद गरी तीन वटा समस्यामा केन्द्रित रहेर कार्ययोजना बनाएको इन्सेक संयोजक टीका विष्टले बताइन्। कार्ययोजनामा क्षमता विकास, जन चेतना अभिवृद्धि र पैरवी गर्ने उद्देश्य बोकेका १९ वटा कार्यक्रम तय गरिएको थियो। त्यसका लागि ५ लाख १ हजार ५ सय रुपियाँ छुट्याइएको थियो। जसमा १ लाख रुपियाँ बाढी/पहिरो पीडितका लागि राहतस्वरूप छुट्याइएको छ भने बाँकी रकमको अन्य कार्यक्रम तय गरेको थियो।

कार्यक्रममा गाविसका प्राविधिक डम्मर ढकालले बाढी/पहिरो पीडितका लागि राहतस्वरूप छुट्याइएको रकम गाविसअन्तर्गत वितरण गर्न सुझाव दिए। इप्रका छिन्चुका इन्चार्ज प्रकाश डाँगीले चेलिबेटी बेचबिखन, जातीय विभेदलगायतका विषयमा प्रहरीले सहयोग गर्न सक्ने जानकारी गराएका थिए। कार्यक्रममा स्वास्थ्यचौकी छिन्चुका इन्चार्ज नेत्रबहादुर देवकोटा, वर्ल्डभिजन, एड्भोकेसी फोरम सुर्खेतका जिल्ला कार्यक्रम संयोजक रामबाबु विसी, आरडीएफ र यूवा समूहका सदस्यहरूको उपस्थिति रहेको थियो। आरडीएफका अध्यक्ष वसन्ती परियारले संयोजन गरेको छलफलमा सचिव टीकाराम खड्काले कार्ययोजना प्रस्तुत गरेका थिए।

# बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवस

## बर्दिया

बलपूर्वक बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा ०७१ भदौ १४ गते बर्दिया जिल्लाको सदरमुकाम गुलरीयामा र्‍याली र प्रवचन कार्यक्रम सम्पन्न भयो। कार्यक्रम द्वन्द्वपीडित समिति, इन्सेक, एड्भोकेसी फोरम, शान्ति समिति, गैसस महासङ्घ, राष्ट्रिय मानवअधिकार आयोग, आइसिआरसि, आइसिजे, आइसिटिजेलगायतका राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको संयुक्त आयोजनामा सम्पन्न भएको थियो।

कार्यक्रममा अवधारणापत्र प्रस्तुत गर्दै इन्सेक क्षेत्रीय संयोजक भोला महतले पीडितले न्यायको पक्षमा निरन्तर आवाज उठाउनुपर्ने बताउनुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि सभासद् श्याम ढकालले अन्तर्राष्ट्रिय मापदण्डअनुसार बेपत्ता छानबिन आयोग र सत्य निरूपण आयोग गठन गर्न पहल गर्ने बताउनुभएको थियो। कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक मुरारी खरेलले पीडितहरूलाई मेलमिलापका लागि आह्वान गर्दा न्याय मर्न नहुने बताउनुभयो। अधिवक्ता तथा इन्सेकका कार्यसमिति सदस्य हरी फुयाँल र अधिवक्ता भूपेन्द्र खनालले विचार व्यक्त गर्दै न्याय निरूपण नगरी शान्ति प्रकृया पुरा नहुने बताउँदै, बेपत्ता छानबिन तथा सत्य निरूपण गर्न बनेको ऐनले पीडितको न्याय निरूपण गर्न नसक्ने भन्दै संसदद्वारा पारित बेपत्ता छानबिन तथा सत्य निरूपण कानुन संसोधन गर्नुपर्ने बताउनुभएको थियो। यस्तै, एनेकपा माओवादीका तिलक शर्मा हिमाल, नेकपा एमालेका हरि ज्ञवाली नेपाल बार एसोसिएसन बर्दियाका अध्यक्ष नरेन्द्र शर्मा, एड्भोकेसी फोरमका वसन्त गौतमलगायतले पनि आ-आफ्नो धारणा राखेका थिए।

कार्यक्रममा आफ्नो विचार राख्दै बर्दियाकी बेपत्ता परिवार सदस्य लक्ष्मी खड्काले राज्यले पीडितको भावना नबुझेको भन्दै राज्यले मिल्नुपर्छ भने पनि न्याय नपाई मेलमिलाप हुन नसक्ने बताइन्। यस्तै बेपत्ता परिवार सदस्यका तर्फबाट रोल्पा जिल्लाकी श्रीकुमारी रोका, जाजरकोटका दीपक खनाल, बाँकेका भेदीलाल ओली, दाङकी सुशीला चौधरी, रुकुमका हरी खनाल र दैलेखका घनश्याम खनाललगायतले आफ्नो धारणा व्यक्त गरेका थिए।

## बाँके, नेपालगञ्ज

यसै सन्दर्भमा ३१ औं बलपूर्वक बेपत्ता विरुद्ध अन्तर्राष्ट्रिय दिवसको अवसरमा ०७१ भदौ १३ गते नेपालगञ्जममा बिहान नेपालगञ्जको धम्बुजीचोकबाट प्रभातफेरी निकालिएको थियो। प्रभातफेरी जिल्ला प्रशासन कार्यालय पुगेर प्रजिअमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको थियो। ज्ञापनपत्र बुझाउँदै बाँके जिल्ला न्यायका लागि द्वन्द्व पीडित समाजकी अध्यक्ष चन्द्रकला उप्रेतीले बेपत्ता नागरिकको अवस्था छिटो सार्वजनिक गर्न माग गर्नुभयो। बेपत्ता नागरिकको अवस्था छिटो सार्वजनिक नगरे पीडित परिवाले आन्दोलन गर्ने बताउनुभयो। ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी जीवन ओलीले प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र पुर्‍याउने भन्दै पीडितलाई न्यायदिने कार्यमा राज्यले ढीला गर्नु नहुने बताउनुभयो।

यसै अवसरमा न्यायका लागि द्वन्द्वपीडित समाजको आयोजना तथा राष्ट्रिय मानवअधिकार अयोग, इन्सेक, एड्भोकेसी फोरम, आइसीआरसी र रेडक्रसको सहकार्यमा नेपालगञ्जमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रमका वक्ताहरूले सत्य निरूपण तथा मेलमिलापसम्बन्धी व्यवस्था गर्न बनेको ऐनले पीडितको न्यायलाई दिन नसक्ने भन्दै कानुन सच्याउनुपर्ने बताएका थिए। राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक मुरारी खरेल तथा एड्भोकेसी फोरमका बसन्त गौतम राजनीतिक दलहरूले नचाहेका कारण पीडितहरूले न्याय पाउन नसकेको बताए। आइसीआरसीका कविराम मगरले बेपत्ता परिवारका मागलाई राज्यले सम्बोधन गर्न नसक्दा पीडितहरू थप पीडित हुन परेको बताए। द्वन्द्वपीडित समाजकी अध्यक्ष चन्द्रकला उप्रेतीले राज्यले पीडितहरूलाई न्याय दिन ढिलासुस्ती गरेकोले सरकारप्रति विश्वास हराउँदै गएको बताउँदै आन्दोलन गर्नुको विकल्प नरहेको बताइन्। बेपत्ता परिवारका सदस्य मुजफर शेखले राज्य आफूहरूको मागप्रति संवेदनशील नभएको बताए। त्यसै गरी, पीडित देबीसरा बिकले न्याय नपाउँदै दुई बेपत्ता परिवारका साथीहरूको मृत्यु भएको प्रसङ्गलाई जोड्दै राज्यले छिटोभन्दा छिटो मागहरू सम्बोधन गर्नु पर्ने बताइन्।

यसै अवसरमा ०७१ भदौ १४ गते आयोजक संस्थाहरूले धम्बुजीचोकमा मैनबत्ती प्रज्ज्वलन कार्यक्रम आयोजना गरेका थिए।

## जिल्लास्तरीय बालअधिकार तालिम

### बाँके

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा जिल्लास्तरीय बालअधिकार तालिम ०७१ असोज ११ र १२ गते नेपालगञ्जमा सम्पन्न भयो। तालिममा बाँके जिल्लाका कार्यक्रम सञ्चालित तीन वटा गाविसका छ वटा विद्यालयहरू गणेश उच्चमावि ढकेरी, शिवशक्ति उमावि, नेपाल राष्ट्रिय मावि, श्री विपी मेमोरियल मावि, श्री त्रिभुवन उच्चमावि, श्री राम उच्चमाविका बालअधिकार चेतना समूहका पाँच/पाँच जना पदाधिकारीको सहभागिता रहेको थियो। दुई दिनसम्म सञ्चालित बालअधिकार तालिममा बालअधिकार के हो ?, बालअधिकारसम्बन्धी राष्ट्रिय कानुनी, बालअधिकारको ऐतिहासिक पृष्ठभूमि र बालअधिकारसम्बन्धी महासन्धि, १९८९, भित्ते पत्रिका प्रकाशन, बालमैत्री र दण्डरहित शिक्षा, बालअधिकार जिम्मेवार, दायित्व, वार्षिक कार्ययोजना निर्माणलगायत विषयमा सहजीकरण गरिएको थियो। तालिममा जिल्ला शिक्षा अधिकारी देवेन्द्र राज खनाल तथा इन्सेकका तर्फबाट क्षेत्रीय संयोजक भोला महत, सरस्वती मल्ल, गणेश श्रेष्ठ, विनोद पाण्डेले सहजीकरण गरेका थिए। तालिमको समापन कार्यक्रममा त्रिभुवन उच्चमावि कोहलपुरका आशिस पाण्डेले तालिममा सिकेका कुरा व्यवहारमा लागु गर्ने बताए।

### बर्दिया

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा जिल्लास्तरीय बालअधिकार तालिम ०७१ असोज ३ र ४ गतेसम्म बर्दियामा सम्पन्न भयो। तालिममा श्री शारदा उच्चमावि मैनापोखर, श्री इन्दीरा भुसाल मावि बढ्इयाताल मैनापोखर, श्री सरस्वती मावि सोरहवा, श्री अशुबर्मा मावि मगरागाडी, श्री जनता उच्चमावि मगरागाडी र श्री भवानी उच्च मावि सेमरामा गठित बालअधिकार चेतना समूहका पाँच/पाँच जना पदाधिकारी गरी जम्मा ३० जनाको सहभागिता रहेको थियो। तीन दिनसम्म सञ्चालित तालिमका विविध विषयहरूमा जिल्ला शिक्षा अधिकारी जीतबहादुर शाह तथा इन्सेकका सरस्वती मल्ल, गणेण श्रेष्ठ, मानबहादुर चौधरीलगायतले सहजीकरण गरेका थिए।

### दाङ

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा जिल्लास्तरीय बालअधिकार तालिम ०७१ असोज ७ र ८ गते सम्पन्न भयो। तालिममा श्री मावि हापुर विजौरी, श्री जनता संस्कृत उमावि, श्री जनश्रम उमावि खाद्रे, श्री उमावि निघुवार श्री उमावि कालाखोला र श्री मावि भित्रीसङ्क्राममा गठित बालअधिकार चेतना समूहका पाँच/पाँच जना पदाधिकारी सहभागी रहेका थिए। तीन दिनसम्म सञ्चालित तालिमको क्रममा शिक्षा अधिकारी प्रल्हाद अर्यालले बालमैत्री विद्यालय बनाउनको लागि शिक्षक, अभिभावक व्यवस्थापन समिति र बालबालिकाको समान जिम्मेवारी रहने कुरा बताए।

## गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन

### बर्दिया

इन्सेकको आयोजनामा कार्यक्रम सञ्चालित विभिन्न गाविसहरूमा गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन भएका छन्। यसै सन्दर्भमा, बर्दिया जिल्लाको सोरहवा गाविसमा ०७१ भदौ १६ गते धनजीत गन्धर्वको संयोजकत्वमा १५ सदस्यीय मानवअधिकार निगरानी समूह गठन गरियो। यस्तै, ०७१ भदौ १९ गते मैनापोखर गाविसमा लिलाधर त्रिपाठीको संयोजकत्वमा ११ सदस्यीय मानवअधिकार निगरानी समूह गठन भयो। मगरागाडी गाविसमा ०७१ भदौ २० गते पूर्णबहादुर वलीको संयोजकत्वमा १४ सदस्यीय मानवअधिकार निगरानी समूह गठन भयो।



**कांक्रम परिचयात्मक बैठकमा आफ्नो विचार राख्नुहुँदै**

**बाँके**

यसै गरी, बाँके जिल्लाको ०७१ भदौ २६ गते गङ्गापुरमा हेमकुमार यादवको संयोजकत्वमा गठित १२ सदस्यीय, ०७१ भदौ २० गते महादेवपुरी गाविसमा कुलबहादुर पुनको संयोजकत्वमा ११ सदस्यीय, ०७१ भदौ २७ गते शमशेरगञ्जमा मानवअधिकारकर्मी शेरबहादुर शाहीको संयोजकत्वमा १४ सदस्यीय तथा ०७१ भदौ २३ गते नौवस्ता गाविसमा पनि मानवअधिकार निगरानी समूह गठन गरिएका थिए।

**दाङ**

दाङ जिल्लाका हापुर गाविसमा ०७१ भदौ २३ गते रमादेवा केसीको संयोजकत्वमा १३ सदस्यीय, विजौरी गाविस ०७१ भदौ २५ गते तथा ०७१ भदौ २४ गते हलवार गाविसमा केतु विकको संयोजकत्वमा मानवअधिकार निगरानी समूह गठन गरियो।

## गाविस तहका सेवाप्रदायक र सेवाग्राही निकायबीच बैठक

### बाँके

**गङ्गापुर गाविस**

इन्सेक क्षेत्रीय कार्यालयको आयोजनामा ०७१ असोज ७ गते गाविस तहको अनुभव आदानप्रदान तथा योजना बैठक सम्पन्न भयो। बैठकमा गाविस सचिव नियमितरूपमा कार्यालयमा नआउने गरेको जनगुनासो आएको हुँदा मानवअधिकार निगरानी समूहमार्फत गाविस सचिवलाई भेट गरेर नआउनको कारण पत्ता लगाई नियमित कार्यालयमा आउनका लागि पहल गर्ने निर्णय गरेको थियो। कार्यक्रम निगरानी समूहका संयोजक हेमकुमार यादवको अध्यक्षतामा भएको थियो भने सञ्चालन सहजकर्ता लक्षिराम यादवले गरेका थिए।



**परियोजना परिचयात्मक कार्यक्रमका विषयमा बताउँदै इन्सेक मध्यपश्चिमाञ्चलकी सरस्वती मल्ल**

**नौवस्ता गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ असोज २२ गते नौवस्ता गाविसमा गाविस तहका सेवाप्रदायक र सेवाग्राही निकायबीच बैठक सम्पन्न भयो। कार्यक्रममा नेकपा एमालेका कालिबहादुर खड्काले विद्यालयमा निःशुल्क भनिए पनि निःशुल्क हुन नसकेको कुरा बताए। स्वास्थ्य कार्यालयका इन्चार्ज मानबहादुर नेपालीले गाविसका जनतालाई स्वास्थ्य सेवामा कुनै पनि कमी नगरेको बताए।

**शमशेरगञ्ज गाविस**

यसै गरी, इन्सेकको आयोजनामा ०७१ असोज १३ गते शमशेरगञ्जमा गाविस तहका सेवाप्रदायक र सेवाग्राही निकायबीच बैठक सम्पन्न भयो। नेकपा माओवादीका प्रतिनिधि नरेश पौडेलले सेवाप्रदायक र सेवाग्राहीको निरन्तर छलफलले सुशासन कायम हुने विश्वास व्यक्त गरे। वडा नागरिक मञ्च सदस्य दुर्गाबहादुर हमालले सेवाप्रदायक निकायले आफ्नो कर्तव्य पालना गर्न सके सेवाग्राहीले सहजरूपमा सेवा पाउन सक्ने बताए। उक्त कार्यक्रमको अध्यक्षता मानवअधिकार निगरानी समितिका संयोजक शेरबहादुर शाहीले गरेका थिए।

**महादेवपुरी गाविस**

यसै गरी, ०७१ असोज २३ गते महादेवपुरी गाविसमा गाविस तहका सेवाप्रदायक र सेवाग्राही निकायबीच बैठक सम्पन्न भयो। कार्यक्रममा ढकेरी प्रहरी चौकी इन्चार्ज लिलाबहादुर विकले जनतालाई कुनै पनि समस्या परे आफूले दिन रात नभनी सहयोग गर्ने बताए। नेकपा एमालेका दशरथ वली आफूले सक्दो सहयोग गर्ने बताए। प्रमुख अतिथि एवम् गाविस सचिव पुष्करसिंह ठकुरीले इन्सेकले ल्याएको यस परियोजना जनतामुखी भएको हुँदा सेवाग्राहीहरूलाई सेवाको बारेमा सूचित गर्नुपर्ने कुरा राखेका थिए।

### दाङ

**हापुर गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ असोज १० गते हापुर गाविसमा योजना आदानप्रदान बैठक सम्पन्न भयो। कार्यक्रममा



**गाविसस्तरीय सेवाप्रदायक र सेवाग्राही निकायबीच बैठकमा उपस्थित सहभागीहरू**

मानवअधिकार निगरानी समूहका संयोजक गीरबहादुर बस्नेतले एक आपसमा समन्वय गरी समुदायको विकास गर्नुपर्छ भन्ने कुरा राख्नुभयो। कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधिहरूले कुनै पनि काम गर्दा योजनाअनुसार जाँदा काम सफल हुने र मानवअधिकार निगरानी समूहले बनाएको वार्षिक कार्य योजनाअनुसार गाविसमा आएको योजनाको आधारमा समुदायमा भएका समस्या सामाधानको लागि सम्बन्धित निकायलाई जवाफदेही बनाउन निगरानी समूहले सक्रिय भूमिका निभाउनुपर्ने बताए।

**हलवार गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जद्वारा इएलपी कार्यक्रमअन्तर्गत ०७१ असोज २३ गते हलवार गाविसमा सेवाग्राही र सेवाप्रदायक निकायबीच समन्वय बैठक सम्पन्न भयो। हलवार गाविसका सचिव मस्तबहादुर थापाले शिक्षा, स्वास्थ्य र खाद्य क्षेत्रमा गत आवमा गाविसबाट विनियोजित बजेटका बारेमा जानकारी गराउँदै आगामी दिनमा पनि सो क्षेत्रमा अझ धेरै बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरे। निगरानी समूहका संयोजक केतु विकको अध्यक्षता तथा गाविस सचिव मस्तबहादुर थापाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्ने सहभागीहरूले गत वर्ष विनियोजन गरिएको बजेट प्रभाकारी भयो भएन भन्ने बारेमा अनुगमन गर्नुपर्ने कुरामा जोड दिए।

## बर्दिया

**मैनापोखर गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजना ०७१ असोज ३० गते मैनापोखर गाविसमा सेवाप्रदायक र सेवाग्राहीबीच बैठक मानवअधिकार निगरानि समूहका सयोजक लिलाधर त्रिपाठीको अध्यक्षतामा सम्पन भयो। सेवाग्राहीहरूले सेवाप्रदायक (कृषि, स्वास्थ्य, वन, पशु सेवा, शिक्षा, सुरक्षा र गाविस) का सम्बन्धित समस्या राखेका थिए। कार्यालयले दिने सेवा सुविधाको बारेमा सेवाप्रदायक निकायले स्पष्ट पारेका थिए। कार्यक्रममा इन्सेक क्षेत्रीय कार्यालयकी फोकल पर्सन सरस्वती मल्ल, राजनीतिक दलका प्रतिनिधि विभिन्न सङ्घसंस्थाका प्रतिनिधि आदिको उपस्थिति रहेको थियो।

**सोरहवा गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजना ०७१ असोज ३१ गते सोरहवा गाविसमा सेवाप्रदायक र सेवाग्राहीबीच बैठक मानवअधिकार निगरानी समूहका सदस्य भेषराज सुवेदीको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रममा प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख कृष्ण गोपाल चौधरीले प्रथामिक स्वास्थ्य केन्द्रमा गत वर्षबाट अहिलसम्म ३५ प्रकारका औषधी नि:शुल्क दिने व्यवस्था रहेको र अहिले ७० प्रकारका औषधीको नीति सरकारले ल्याउन लागेको जानकारी गराए। पशु सेवा उपकेन्द्र प्रमुख उमेशकुमार कर्णले पशुसेवा उपकेन्द्रमा सेवाग्राहीलाई पूर्णरूपले सेवादिन नसकिएको सेवाग्राहीकै घरदैलोमा सेवा दिन निकै अप्ठ्यारो रहेको बताए।

## योजना तथा अनुभव आदानप्रदान बैठक

## बाँके

**शमशेरगञ्ज गाविस**

इन्सेकको आयोजनामा ०७१ असोज ८ गते शमशेरगञ्ज गाविसमा मानवअधिकार निगरानी समूह संयोजक शेरबहादुर शाहीको अध्यक्षतामा योजना आदानप्रदान बैठक कार्यक्रम सम्पन्न भयो। कार्यक्रमका आफ्ना भनाइ राख्दै वडा नागरिक मञ्चका दुर्गाबहादुर हमालले खाने पानीको समस्या र शमशेरगञ्जको वडा ८ र ९ मा विद्यालय नभएको कारण समस्या भएको बताए। कार्यक्रममा समाजसेवी विभिन्न सङ्घसंस्था, पत्रकार वडा नागरिक मञ्चका संयोजकहरू मानवअधिकारकर्मी सरकारी निकायका प्रमुखहरू र विद्यालय शिक्षकहरूको पनि उपस्थिति रहेको थियो।

**महादेवपुरी गाविस**

इन्सेकको आयोजनामा ०७१ असोज ७ गते महादेवपुरी गाविसमा योजना तथा अनुभव आदानप्रदान बैठक सम्पन्न भयो। कार्यक्रममा इन्सेकका गणेश श्रेष्ठले कार्यक्रमको उद्देश्य बारेमा बताउँदै इन्सेक आर्थिक, सामाजिक र सांस्कृतिक कुरालाई अगाडि बढाएको बताउँदै राज्यले कृषि क्षेत्र र स्वास्थ्य क्षेत्रमा धेरै लगानी गरेको र सरोकारवालाले त्यसमा ध्यान दिनुपर्ने बताए। बैठकको प्रमुख अतिथि गाविस सचिव पुस्करसिंह ठकुरीले गाविसको विकासको लागि आफूले सक्दो प्रयास गर्ने कुरा बताउँदै शिक्षा क्षेत्रमा विद्यालयमा उपयुक्त लाइब्रेरीको कमी र स्वास्थ्यचौकीमा इमेरजेन्सी सेवाको पनि उपलब्ध हुनुपर्ने बताउनुभयो।

**नौवस्ता गाविस**

इन्सेकको आयोजनामा ०७१ असोज १३ गतेका नौवस्ता गाविसमा योजना तथा अनुभव आदानप्रदान बैठक सम्पन्न भयो। कार्यक्रममा सहभागीहरूले सिचाइँको सुविधा नहुँदा बेमौसमी खेती गर्न कठिनाइ भएको भनाइ राखेका थिए। उप स्वास्थ्यचौकीकी अनमी शिला गिरीले सरकारले दिएको सबै सुविधा उपलब्ध नभएकाले स्थानीय जनतालाई दिनुपर्ने सुविधा दिन नसकेको बताइन्।

## दाङ

**विजौरी गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा मानवअधिकार निगरानी समूहका संयोजक गोविन्द पोखेलको अध्यक्षता ०७१ असोज १४ गते योजना आदानप्रदान बैठक सम्पन्न भयो। योजना आदानप्रदान बैठकमा विशिष्ट अतिथि केशवकुमार शर्माले शिक्षा, स्वास्थ्य र खाद्य जनताका मौलिक हक अधिकार हुन यी अधिकार प्राप्त गर्नबाट जनता वञ्चित हुनु हुँदैन भन्ने कुरामा जोड दिनुभएको थियो। गाविस सचिव ठाकुरप्रसाद न्यौपानेले इन्सेकसँग सहकार्य र सहयोगमा कुनै कसुर नराख्ने बताए।

**हलवार गाविस**

इन्सेक क्षेत्रीय कार्यालयद्वारा जिल्लामा सञ्चालित इएलपी कार्यक्रमअन्तर्गत स्थानीय जनतालाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रमअन्तर्गत ०७१ असोज १२ गते हलवार गाविसमा योजना आदानप्रदान बैठक सम्पन्न भयो। गाविसस्तरीय मानवअधिकार निगरानी समूहका अध्यक्ष केतु विकको अध्यक्षतामा सम्पन्न बैठकमा गाविसमा भएका शिक्षा, स्वास्थ्य र खाद्यअधिकारका सवालमा गत आवमा गाविसबाट विनियोजन गरिएको बजेटको बारेमा छलफल र अनुगमन गर्नुपर्ने, विद्यालय र स्वाथ्यचौकीबाट प्रदान गरिने सेवा सुविधाका बारेमा पनि अनुगमन गरी सेवा सुविधा सहज बनाउनुपर्ने कुरामा जोड वक्ताहरूले दिएका थिए।

**हापुर गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ असोज १० गते हापुर गाविसको सहजकर्ता गिरबहादुर बस्नेतको अध्यक्षतामा योजना आदानप्रदान बैठक सम्पन्न भयो। कार्यक्रममा सहजकर्ता गीरबहादुर बस्नेतले इन्सेकद्वारा सञ्चालित निगरानी समूहले बनाएको वार्षिक कार्ययोजनाअनुसार शिक्षा, स्वास्थ्य र खाद्यअधिकारको बारेमा काम गरेमा समुदायका धेरै जनताहरू सचेत हुने बताए। त्यसै गरी, वडा प्रहरी कार्यालयका प्रमुख हिमबहादुर खत्रीले कुनै पनि काम गर्दा एक आपसमा समन्वय गरेर अगाडि बढेमा धेरै समस्याको सामाधान हुने विचार व्यक्त गर्नुभयो।

## बर्दिया

**मैनापोखर गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ असोज २३ गते मैनापोखर गाविसमा योजना आदानप्रदान बैठक सम्पन्न भयो। उक्त कार्यक्रममा गाविस सचिव भरतकुमार न्यौपानेले यस किसिमको योजना आदानप्रदान कायक्रमले गाविसको योजना बनाउन पनि सहयोग हुने भनाइ राखे। कार्यक्रममा शिक्षा, स्वास्थ्य, खाद्यको समस्याहरू तथा अब गर्न पर्ने कामको बारेमा संयोजक लिलाधर त्रिपाठी, स्वास्थ्यचौकीका प्रमुख मोहन खड्का र निगरानी समूहका सदस्यहरूले आ-आफ्नो भनाइहरू राखेका थिए।

**सोरहवा गाविस**

इन्सेक क्षेत्रीय कार्यालयको आयोजनामा ०७१ असोज २४ गतेका दिन योजना आदानप्रदान बैठक सम्पन भयो। गाविस सचिव कृष्ण सापकोटाले योजना

आदानप्रदान कायक्रमले गाविसमा रहेका समस्याहरू समाधान गर्न सजिलो हुने बताए। साथै शिक्षा, स्वास्थ्य, खाद्यको समस्याहरूको बारेमा मानवअधिकार निगरानी समितिका संयोजक धनजीत गन्धर्वले आफ्ना भनाइ राखेका थिए।

**रागाडी गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा योजना आदानप्रदान बैठक मानवअधिकार निगरानी समिति मगरागाडीका अध्यक्ष श्री गणेशबहादुर वलीको अध्यक्षतामा ०७१ असोज २३ गते सम्पन्न भयो। गाविस सचिव फर्षकुमार तिवारीले गाविसको स्वास्थ्य, शिक्षा र खाद्यअधिकारको समस्या पहिचान भइसकेकाले समस्या समाधानको लागि पहल गर्ने र गाविसको बजेट शीर्षकअनुसार कार्यान्वयन गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। निगरानी समितिका अध्यक्ष श्री गणेशबहादुर वलीले गाविसको समस्याहरू समाधानको लागि आफूहरूले समन्वय गर्दै जाने प्रतिबद्धता व्यक्त गरेका थिए।

## प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबीच अन्तरक्रिया

### बाँके

**शिव शक्ति उमावि, महादेवपुरी**

इन्सेकको आयोजनामा ०७१ भदौ ३० गते महादेवपुरी गाविसको श्री शिव शक्ति उमाविमा प्रअ, शिक्षक एवम् विद्यार्थीहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा प्रअले शैक्षिक गुणस्तर सुधार्न आफूहरूले सक्दो प्रयास गर्ने र विद्यार्थीहरूलाई समयमा भर्ना हुन, विद्यालय नियमित आउन, विद्यालयका अतिरिक्त क्रियाकलापमा भाग लिन अनुरोध गर्नुभयो।

### दाङ

**विजौरी मावि**

इन्सेक क्षेत्रीय कार्यालयको आयोजनामा ०७१ भदौ २० गते विजौरी माविमा विद्यालयका प्रअ सूर्यबहादुर बस्नेतको अध्यक्षतामा विद्यालय छनौट तथा शिक्षक विद्यालय व्यवस्थापन समितिबीच अन्तरक्रिया सम्पन्न भयो। कार्यक्रममा विद्यालयका प्रअ सूर्यबहादुर बस्नेतले विद्यालयको आर्थिक, भौतिक र शैक्षिक अवस्थाबारे जानकारी गराउनुभयो। विद्यालयमा विद्यार्थीहरूले कक्षा छोड्ने कारणमा अभिभावकहरूको चेतनाको कमी र विद्यार्थीहरूलाई घरायसी काममा लगाउनेजस्ता समस्या रहेको बताउनुभयो। आगामी दिनमा अभिभावकहरूले पनि यस्ता कमी कमजोरीलाई सुधार गर्नुपर्ने कुरामा जोड दिनुभयो।

**जनता संस्कृत उच्च मावि**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा जनता संस्कृत उच्चमाविमा विद्यालयका प्रअ अरुणकुमार आचार्यको अध्यक्षतामा र विद्यालय व्यवस्थापन समितिका सदस्य ऋषिराम पोखेलको प्रमुख आतिथ्यमा ०७१ भदौ २९ मा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा प्रमुख अतिथि ऋषिराम पोखेलले विद्यालय बालमैत्री हुनुपर्ने कुरामा जोड दिए भने प्राचार्य अरुणकुमार आचार्यले बालमनोविज्ञानलाई बुझेर विद्यार्थीहरूलाई पढाउनुपर्ने, विद्यालयलाई बालमैत्री बनाउन व्यवस्थापन समिति लागि परेको बताए।

**उच्च मावि हापुर, निघुवार**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ भदौ २२ गते उच्चमावि हापुर निघुवारमा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीहरूबीच अन्तक्रिया सम्पन्न भयो। उमावि हापुर निघुवारको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष राजन गौतमको अध्यक्षता तथा विद्यालयका प्राचार्य कृष्णप्रसाद गौतमको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा अध्यक्ष गौतमले विद्यालयमा आउन नसकेका गरिब तथा विपन्न परिवारको घरमा घरदैलो गरी उनीहरूको बालबालिकालाई निःशुल्क शिक्षा दिने सँगसँगै राज्यले दिएको सेवा सुविधाको बारेमा जानकारी गराई विशेष स्थान दिएको जानकारी दिनुभयो।

**श्री जनश्रम उमावि, हलवार**

श्री जनश्रम उमावि हलवार-८ खाद्रेमा ०७१ भदौ २० गते विद्यालय छनौट तथा प्रअ, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबीच शैक्षिक गुणस्तरका बारेमा छलफल

कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा बोल्दै मोहन शमशेर थापा, छविकुमार आले, विनोदकुमार आचार्य, अरुणा घिमिरे, शोभा राणालगायतकाले विद्यालयको पठनपाठन गुणस्तरीय बनाउन अभिभावक तथा शिक्षकहरूको सम्बन्ध नङ र मासुजस्तै हुने कुरामा जोड दिएका थिए। विद्यार्थीहरूलाई डरत्रास नभई मायालु तरिकाले अध्यापन गराउनुपर्ने वक्ताहरूको जोड रहेको थियो।

### हापुर उमावि

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ भदौ २० गते उमावि हापुर बिजौरीमा प्रअ, शिक्षक र विद्यालय व्यवस्थापन समिति र विद्यार्थीहरूबीच अन्तरक्रिया सम्पन्न भयो। विद्यालय व्यवस्थापन समितिको सदस्य देवा केसीको अध्यक्षता तथा विद्यालयका प्रचार्य माधवप्रसाद न्यौपानेको प्रमुख अतिथिमा भएको कार्यक्रममा मानवअधिकार, बालअधिकार र नागरिक शिक्षाबारे सचेत गराउने विषयमा छलफल भएको थियो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर न्यौपानेले बालबालिकाको लागि शिक्षा सँगसँगै अतिरिक्त क्रियाकलाप पनि अति आवश्यक रहेको कुरा बताएका थिए।

## बर्दिया

### शारदा उमावि, मैनापोखर

इन्सेकको आयोजनामा ०७१ असोज ८ गते मैनापोखर-१ स्थित शारदा उमावि मैनापोखरमा विद्यालयको छनौट तथा विद्यालयका प्रधानाध्यापक, शिक्षक, बालअधिकार समूहका सदस्यहरू र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन भयो। कार्यक्रम स्रोतव्यक्ति विमला गुरुङले सहजीकरणमा सम्पन्न भएको थियो।

### भवानी उमावि

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ असोज ७ गते श्री भवानी उमाविमा शिक्षक विद्यालय व्यवस्थापन समिति सदस्यहरू र बालअधिकार चेतना समूहबीच शैक्षिक गुणस्तरबारे छलफल अन्तरक्रिया सम्पन्न भयो। कार्यक्रममा विद्यालयका प्राचार्य बेलनाथ शर्माले शिक्षालाई गुणस्तरीय बनाउन विद्यार्थी, शिक्षक विद्यालय व्यवस्थापन समिति, अभिभावक सबैको समान भूमिका हुनुपर्ने बताए। विद्यालय व्यवस्थापन समितिका सदस्य सङ्गीता केसीले पनि विद्यालयको शैक्षिक स्थिति सुधारको लागि शिक्षकहरूको नियमित उपस्थिति र विद्यार्थीहरू अनुशासित भई पढाइ भएमा शैक्षिक गुणस्तर बढ्ने बताए।

### जनता उमावि, मगरागाडी

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जद्वारा इएलपी कार्यक्रमअन्तर्गत विद्यालयको छनौट तथा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबीच अन्तरक्रिया ०७१ असोज ५ गते श्री जनता उमावि मगरागाडी-८ रम्मापुर बर्दियामा सम्पन्न भयो। कार्यक्रम सञ्चालन एवम् उद्देश्यको बारेमा जानकारी स्थानीय सहजकर्ता कालीराम थारुले गर्नुभएको थियो। संरक्षक शिक्षक श्री विष्णुप्रसाद ज्ञवालीले विद्यालयमा बालमैत्री तथा दण्डरहित शिक्षा व्यवहारमा उतार्न शिक्षकहरू लागिरहेको बताए।

### सरस्वती मावि, जगतिया

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ असोज १ गते श्री सरस्वती मावि जगतियामा शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समिति सदस्यहरूबीच शैक्षिक गुणस्तरबारे अन्तरक्रिया सम्पन्न भयो। कार्यक्रममा विद्यालयको प्रअ बुद्धिराम थारुले शिक्षालाई गुणस्तरीय बनाउन विद्यालय मात्र नभई अभिभावक पनि जिम्मेवार हुने बताए। अभिभावक सङ्घको अध्यक्ष परशुराम थारुले विद्यालयको शैक्षिक स्थिति कमजोर देखिनुमा गरिबी मुख्य समस्या रहेको बताए।

### नेपाल राष्ट्रिय इन्दीरा भुसाल मावि, मैनापोखर

इन्सेक नेपालगञ्जको आयोजनामा ०७१ भदौ ३० गतेका दिन नेपाल राष्ट्रिय इन्दीरा भुसाल माविमा विद्यालयको छनौट तथा विद्यालयका प्रअ शिक्षक, बालअधिकार चेतना समूहका सदस्यहरू र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबीच अन्तरक्रिया सम्पन भयो कार्यक्रममा विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष रामशरण थारुले विद्यालयहरूमा शैक्षिक गुणस्तर कायम गर्नका लागि सरकारी नीति नै ठिक नभएको बताए।

**श्री अंशुवर्मा उच्चमावि, मगरागाडी**

श्री अंशुवर्मा उमावि मगरागाडीमा ०७१ भदौ २७ गते विद्यालयका प्रअ श्री सरोजकुमार गौतमको अध्यक्षतामा प्रअ, शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीहरूबीचमा अन्तरक्रिया सम्पन्न भयो। कार्यक्रममा विद्यालय व्यवस्थापन समिति सदस्य प्रणय ओलीले न्याय नपाएर पीडामा परेका व्यक्तिको लागि पैरवी गर्नुपर्ने बताए। मगरागाडी गाविस निःशुल्क शिक्षा घोषणा भएको गाविस भए तापनि राज्यले आवश्यकताअनुसार शिक्षक दरबन्दी परिपूर्ति गर्न नसकेका कारण नीतिगत कुरा व्यवहारमा उतार्न समस्या रहेको सहभागीले बताए।

## बाँके

**विपी मेमोरियल मावि बाँनियाभार**

इन्सेक क्षेत्रीय कार्यालय नेपालञ्जको आयोजनामा ०७१ असोज ६ गते बाँके नौवस्ता गाविसको विपी मेमोरियल मावि बाँनियाभारमा बालअधिकार चेतना समूह गठन र अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। विद्यालयमा विषयगत शिक्षकको अभाव भएकोले विद्यार्थीमा गुणस्तर नभएको कुरा विद्यार्थीहरूले बताएका थिए। विद्यालयका प्रअ गुन्ज केसीले गुणस्तरीय शिक्षाका लागि सबै पक्षको सहयोग आवश्यक रहेको बताए।

**राम उच्चमावि, शमशेरगञ्ज**

इन्सेकको आयोजनामा ०७१ असोज ३ गते श्री राम उच्चमावि शम्शेरगञ्जमा विद्यालय छनोट तथा प्रअ शिक्षक विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबीच बैठक सम्पन्न भयो। शिक्षक दिनेश्वर प्रसाद यादवले अधिकारसँगै कर्तव्यलाई पनि लैजान सके बालमैत्री वातावरण हुने कुरा बताए। बाल अधिकार चेतना समूहका अध्यक्ष घनश्याम विकले आफूहरूको लागि कार्यक्रम ल्याएकोमा खुशी व्यक्त गरेका थिए।

**गणेश उमावि**

इन्सेकको आयोजनामा ०७१ असोज ३ गते महादेवपुरी गाविसको श्री गणेश उमाविमा प्रअ, शिक्षक, विव्यसका सदस्य एवम् विद्यार्थीहरूबीच अन्तरक्रिया कार्यक्रम भयो। कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोकुल वलीले शैक्षिक गुणस्तर सुधार्न आफूहरूले सक्दो प्रयास गर्ने र विद्यार्थीहरूलाई समयमा भर्ना हुन, विद्यालय नियमित आउन, विद्यालयका अतिरिक्त क्रियाकलापमा भाग लिन अनुरोध गरेका थिए।

**राष्ट्रिय मावि नौवस्ता**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जले ०७१ असोज २ गते बाँके नौवस्ता गाविसको नेपाल राष्ट्रिय मावि नौवस्तामा प्रअ, व्यवस्थापन समिति, शिक्षक र अभिभावकसँग शैक्षिक गुणस्तरका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा विद्यालयका प्रअ चन्द्र न्यौपानेले गुणस्तर शिक्षा नहुनु शिक्षक र अभिभावकको कमजोरीले भएको बताए। विद्यार्थी दिपा दलार्मीले विद्यालयका शिक्षक घण्टी लाग्दा पनि समयमा कक्षामा आउनु हुँदैन। यसका लागि पनि प्रअ, व्यवस्थापन समिति र अभिभावकले नियमित अनुगमन गर्नुपर्ने बताइन्।

**श्री त्रिभुवन उच्चमावि, कोहलपुर**

इन्सेकको आयोजनामा ०७१ भदौ ३१ गते कोहलपुर गाविसस्थित श्री त्रिभुवन उमाविमा प्रअ, शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबीच परिचयात्मक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा विद्यालयका प्रअ विमला शाहीले कार्यक्रमको स्वागत गर्दै आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य, प्रअ शिक्षक शिक्षिका तथा विद्यार्थीहरूको सहभागिता रहको थियो।

# मानवअधिकार सञ्जाल बैठक

## दाङ

स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफ देही बनाउने (इएलपी) कार्यक्रमअन्तर्गत दाङ जिल्लामा ०७१ असोज ३१ गते मानवअधिकार निगरानी समूह गठन भयो। शिक्षा, स्वास्थ्य र खाद्यअधिकारको बारेमा अनुगमन गर्न मानवअधिकार सञ्जालका संयोजक केशवकुमार शर्माको संयोजकत्वमा १८ सदस्सीय मानवअधिकार निगरानी समूह गठन गरिएको छ। इन्सेक जिल्ला प्रतिनिधि गमनसिंह खड्काको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा वक्ताहरूले शिक्षा, स्वास्थ्य र

खाद्यअधिकारको बारेमा अनुगमन गर्ने र सम्बन्धित निकायलाई कार्यान्वयन गराउने कुरामा जोड दिएका थिए।

### बाँके

इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्जको आयोजनामा ०७१ भदौ १९ गते नेपालगञ्जमा कार्यरत मानवअधिकार रक्षकको बैठक आयोजना गरियो। बैठकको शुरुवातमा बाढीबाट मृत्यु भएकाहरूको आत्माको चीर शान्तिको कामना गर्दै र पीडित परिवारप्रति हार्दिक समवेदना प्रकट गरेको थियो। बैठकमा बाढी प्रभावित क्षेत्रमा राज्यले ध्यान पुऱ्याउन नसकेको विषयमा मानवअधिकार सञ्जालको गम्भीर ध्यानाकर्षण भएको भन्दै बाढीबाट महिला, अपा  ता भएकाहरू र बालबालिकामा धेरै असर परेको र विद्यालयहरूमा पानी पसेर कति विद्यालय चल्न नसकेको बताएका थिए। राज्यले समयमा सेना र पुलिस परिचालन गर्न सकेको भए बाढीबाट धेरै क्षति हुनबाट रोक्न सकिने अवस्था रहेको मूल्याङ्कन सो बैठकमा गरिएको थियो।

### बर्दिया

इन्सेक बर्दियाको आयोजनामा बर्दिया जिल्लामा नागरिक समाजको सञ्जालको बैठक सम्पन्न भयो। बैठकले बर्दिया नागरिक समाज सञ्जाललाई सङ्गठित चुस्तरूपमा सक्रिय बनाई राख्न सचिवालयका सदस्य थप गर्ने निर्णय गरेको थियो। सचिवालयमा द्वन्द्व पीडित समिति बर्दियाका भागिराम चौधरी, बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्र बर्दियाका दलबहादुर सुनार, सुन्दर संसार नेपालकी सपना चौधरी, मानवअधिकार तथा शान्ति समाजबाट सदस्य थप गर्ने निर्णय गरेको थियो। यसै गरी, जिल्लामा शिक्षा, स्वास्थ्य, र खाद्यअधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय र सेवा प्रदायसँग संवाद कार्यक्रम गर्ने, जिल्ला दैवीप्रकोप उद्धार समिति र बाढीपीडितबीच संवाद कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ।

## अन्तरक्रिया तथा मानवअधिकार निगरानी समूह गठन कार्यक्रम

इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्जको आयोजनामा ०७१ असोज ८ गते स्वस्तिक कटेज नेपालगञ्जमा शिक्षा, स्वास्थ्य र खाद्यअधिकारका लागि जिम्मेवार निकायलाई जवाफदेही बनाउन पहल कार्यक्रमको परिचयात्मक कार्यक्रम र मानवअधिकार निगरानी समूह गठन भयो। सोही अवसरमा उपभोक्ताको खाद्यअधिकारका विषयमा सरोकारवालाबीच अन्तरक्रिया गरिएको थियो।

कार्यक्रममा इन्सेक क्षेत्रीय संयोजक भोला महतले शिक्षा, स्वास्थ्य र खाद्यअधिकारका लागि जिम्मेवार निकायलाई जवाफदेही बनाउन पहल परियोजनामा अन्तरगत वर्षभरी गर्ने कार्यक्रमका विषयमा जानकारी गराएका थिए। इन्सेक, खाद्यअधिकार सञ्जाल, फियान, आरआरएनलगायतका सङ्घसंस्थाहरूको संयुक्त आयोजित कार्यक्रममा "स्थानीय बजारमा सुरक्षित खाद्यवस्तु तथा सेवाप्रवाह सुनिश्चितका लागि सरोकारवालाहरूको भूमिका" विषयमा कोहलपुर नगरपालिकाका कार्यकारी अधिकृत गोविन्द पाण्डेले सहजीकरण गरेका थिए। कार्यक्रममा प्रमुख अथिति तथा सभासद् देवराज भारले सुरक्षित खाद्यवस्तु सबै नागरिकका लागि आवश्यक भएको बताए। सभासद् भारले आमनागरिकको स्वास्थ्यमा कसैले पनि खेलवाड गर्न नहुने बताए।

अन्तरक्रियापछि शिक्षा, स्वास्थ्य र खाद्यअधिकार अनुगमनका लागि सहकर्मी समाजका घनश्याम आचार्यको अध्यक्षतामा १३ सदस्यीय मानवअधिकार निगरानी समूह गठन गरिएको थियो। सदस्यहरूमा सन्तोष यादव, प्रेम विक, मौलेआर्य धोवी, धुर्वराज ठकुरी, कमला सुनार, टीकाकुमारी विक, टेकेन्द्र बस्याल, नमस्कार शाह, नारायणी वाल्मिकी, अमृता केसी, सावित्री बराल र कल्पना बराल। कार्यक्रममा खाद्यअधिकार सञ्जालका संयोजक धर्मलाल रोकायाको अध्यक्षतामा सम्पन्न भएको थियो।

## कार्यक्रम परिचयात्मक कार्यक्रम

### बर्दिया

#### मगरगाडी गाविस

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनमा मगरागाडी गाविसमा परियोजना परिचयात्मक बैठक ०७१ भदौ २० गते सम्पन्न भयो। कृषि सेवा केन्द्रका प्रमुख गगन हमालले संस्थाबाट जनतालाई प्रदान गरिने सेवाको बारेमा

जानकारी गराएका थिए। यस्तै, प्राथमिक स्वास्थ्य केन्द्र मगरागाडीका इन्चार्ज हरिप्रसाद शर्माले प्राथमिक स्वास्थ्यमा डक्टरको दरबन्दी भए तापनि डाक्टर नभएकोले उपचारको समस्या भएको बताए।

**मैनापोखर गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ भदौ १९ गते मैनापोखर गाविस भवनमा परिचयात्मक कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा बोल्दै स्वास्थ्य केन्द्रका प्रमुख मोहनबहादुर खड्काले स्वास्थ्य केन्द्रले दिएका सेवासुविधा र त्यहाँका समस्याबारेमा जानकारी गराएका थिए। मैनापोखर स्रोत केन्द्रका स्रोतव्यक्ति विमला गुरुङले शिक्षामा रहेका नीतिगत कमजोरी, शिक्षामा सरकारले दिएका सेवा सुविधा र विद्यालयहरूले सरकारले दिएका सेवा सुविधाविपरीत विद्यार्थीबाट शुल्क लिएको, पढाइमा विद्यालय प्रशासनले लापरवाही गरेको प्रमाणसहित आफूसँग आएमा कारबाही गर्ने बताइन्।

**सोहवा गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनमा ०७१ भदौ १६ गते सोरहवा गाविसमा कार्यक्रम परिचयात्मक बैठक सम्पन्न भयो। शिक्षा स्वास्थ्य र खाद्यअधिकार जनताले सहजरूपमा उपभोग गर्न सहजता बनाउनका लागि स्थानीय जनतालाई सचेत बनाउँदै जिम्मेवार निकायलाई जवाफदेही बनाउन आवश्यक भएको सहभागीले बताए। कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्था, नागरिक समाज, महिला दलित आदिको सहभागिता रहेको थियो।

## दाङ

**हलवार गाविस**

इन्सेकले स्थानीय जनतालाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने उद्देश्यले गाविसमा ०७१ भदौ २४ गते परिचयात्मक कार्यक्रम सम्पन्न भयो। परिचयात्मक कार्यक्रममा बोल्ने वक्ताहरूले सरकारी निकायबाट प्रदान गरिने सेवा सुविधा सहजै उपलब्ध हुनुपर्ने कुरामा जोड दिएका थिए। कुनै पनि सरकारी कार्यालयबाट दिइने सेवा सुविधा विनारोकतोक सहजरूपमा दिइनुपर्ने वक्ताहरूको भनाइ थियो।

**हापुर गाविस**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा ०७१ भदौ २३ गतेहापुर गाविसमा गाविस तहमा परिचयात्मक बैठक सम्पन्न भयो। कार्यक्रम इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जकी सरस्वती मल्लको अध्यक्षता तथा गाविस सचिव पुनराम गिरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

**विजौरी गाविस**

इन्सेक क्षेत्रीय कार्यालयको आयोजनामा विजौरी गाविसमा सचिव ठाकुरप्रासद न्यौपानेको प्रमुख आतिथ्यमा परिचयात्मक कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा जनता संस्कृत उच्च माध्यमिक विद्यालयका प्राचार्य अरुणकुमार आचार्य, जनकल्याण उच्च माध्यमिक विद्यालयका प्राचार्य जगन्नाथ अधिकारीले मानव जीवनमा शिक्षाको महत्व रहेको बताएका थिए। स्वास्थ्यचौकी प्रमुख गोविन्द पार्धेले हेल्थपोष्टबाट ३५ प्रकारका औषधीहरू नि:शुल्क वितरण गर्ने गरेको बताए। एमाओवादीका हिमराज घर्तीमगरले शिक्षा, स्वास्थ्य र खाद्य मानव जीवनसँग जोडिएको विषय भएकोले यसलाई गम्भीरताका साथ लिनुपर्ने बताए।

## बाँके

**शमशेरगञ्ज**

इन्सेकको आयोजनामा ०७१ भदौ २७ गते शमशेरगञ्ज गाविसमा परिचयात्मक कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा इन्सेकका क्षेत्रीय संयोजक भोला महतले जनताका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको बारेमा जनतालाई सचेत, जिम्मेवार निकायलाई जवाफदेही बनाउन कार्यक्रम आयोजना गरेको बताए। कार्यक्रममा गाविस सचिव अग्नीप्रसाद आचार्यले अधिकारसँगै कर्तव्य पनि सिकाउनु जरुरी भएको बताए। कार्यक्रममा मानवअधिकारकर्मी, समाजसेवी राजनीतिक दलका प्रतिनिधि र पत्रकारहरूको सहभागिता रहेको थियो।

**नौवस्ता गाविस**

इन्सेकको आयोजनामा ०७१ भदौ २३ गते नौवस्ता गाविस बाँकेमा परिचयात्मक बैठक सम्पन्न भयो। कार्यत्रलमका बारेमा जानकारी दिँदै इन्सेकका जिल्ला प्रतिनिधि विनोद पाण्डेले स्थानीय समुदायलाई



**परिचयात्मक बैठकका सहभागीहरू**

सचेत पार्दै जिम्मेवारी निकायलाई जवाफदेही बनाउन लागि कार्यक्रम भएको बताए। कार्यक्रममा राजनीतिक दलको तर्फबाट दशरथ थारुले कार्यक्रमलाई शुभकामना दिँदै यहाँका जनता पनि हकअधिकारका लागि सचेत हुनुपर्ने बताए। कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, शिक्षक, समाजसेवी, नागरिक समाज आदिको सहभागिता रहेको थियो।

**महादेवपुरी गाविस**

इन्सेकको आयोजनामा ०७१ भदौ २० गते महादेवपुरी गाविसमा कार्यक्रम परिचयात्मक बैठक सम्पन्न भयो। कार्यक्रमको सभाध्यक्ष एवम् फोकलपर्सन सरस्वती मल्लले कार्यक्रमले जिम्मेवार निकायलाई जवाफदेही बनाउने र सेवाग्राहीलाई आफ्नो कर्तव्य र अधिकारप्रति सचेत बनाउने बताउनुभयो। नेकपा एमालेका गाविस अध्यक्ष दशरथ वलीले मानवको आधारभूत आवश्यकता भनेकै शिक्षा, स्वास्थ्य र खाद्यअधिकार भएको बताए। यस्तै एनेकपा माओवादीकी किरणकुमारी चौधरीले द्वन्द्वको समयमा इन्सेकले धेरै राम्रो काम गरेको बताइन्। कार्यक्रममा राजनीतिक दल, समाजसेवी, सरकारी कार्यालय, विद्यालयका प्रअ, शिक्षक गरी जम्मा ३९ जनाको सहभागिता रहेको थियो।

## मानवअधिकार वर्षपुस्तक प्रकाशनपूर्व समीक्षा

### रोल्पा

इन्सेक रोल्पाको आयोजनामा मानवअधिकार वर्षपुस्तक तेस्रो त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम ०७१ असोज २४ गते जिल्ला सदरमुकाम लिवाङमा सम्पन्न भयो। कार्यक्रममा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी लुकबहादुर क्षेत्रीले इन्सेकले जिल्लामा भएका मानवअधिकार उल्लङ्घन घटनालाई वर्षपुस्तकमा अभिलेख गरेर मानवअधिकारको संरक्षणमा महत्वपूर्ण योगदान पुगेको बताए। इन्सेक साधारण सदस्य घनश्याम आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि माधवकुमार वलीले विगत महिनामा जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू प्रस्तुत गरेका थिए। कार्यक्रममा डीएसपी नविनराज राई, नेपाली काङ्ग्रेसका जिल्ला सभापति कृष्णबहादुर घर्तीमगर, नेकपा एमाले जिल्ला उपाध्यक्ष बालाराम बुढा मगर, एकीकृत माओवादीका जिल्ला सचिव पुरण क्षेत्री, पत्रकार महासङ्घका जिल्ला अध्यक्ष महेश न्यौपानेलगायतले प्रस्तुत प्रतिवेदनमा टिप्पणी गर्दै आ-आफ्नो विचार व्यक्त गरेका थिए। सहभागीहरूले वर्षपुस्तकमा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका घटनाहरू पनि समेट्न सुझाव दिएका थिए।

### बाँके

इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्जको आयोजनामा ०७१ असोज १४ गते क्षेत्रीय कार्यालयमा मानवअधिकार वर्षपुस्तक तेस्रो त्रैमासिकको प्रकाशनपूर्व समीक्षा कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा प्रमुख अतिथि निमित्त प्रमुख जिल्ला अधिकारी गुञ्जबहादुर एमसीले राज्यका सबै अङ्गले आ-आफ्ना परिभाषित जिम्मेवारी इमान्दारीपूर्वक पुरा गरे मानवअधिकार संरक्षण हुने बताए। एमसीले मानवअधिकार हननका घटनामा कमी ल्याउन प्रहरीले छानबिनमा शुद्धता ल्याउनुपर्ने र अपराधीलाई राजनीतिक संरक्षण गर्न नहुनेमा जोड रहेको थियो। इन्सेक क्षेत्रीय संयोजक भोला महतले इन्सेकद्वारा सङ्कलित मानवअधिकार उल्लङ्घनका घटनाहरूको पुन:पुष्टि गर्न र त्रुटि सच्याउन समीक्षा आयोजना गरिएको बताए। कार्यक्रममा माइती नेपालका क्षेत्रीय संयोजक केशव कोइराला, अधिवक्ता बिनु श्रेष्ठ, राष्ट्रिय मानवअधिकार आयोगका रमेश थापा, जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर माधवप्रसाद पोखरेल, नेकपा एमालेका गोपाल गिरी, एमाओवादीका पिनु थापा, नेकपा माओवादीका आइपी खरेल, राप्रपाका तेजविक्रम शाह, हिमराइट्सका प्रकाश उपाध्याय, पत्रकार महासङ्घका अध्यक्ष रुद्र सुवेदीलगायतले टिप्पणी गरेका थिए। कार्यक्रममा जिल्ला प्रतिनिधि विनोद पाण्डेले विगत तीन

महिनामा सङ्कलन गरिएका २२ वटा मानवअधिकार उल्लङ्घनका घटना प्रस्तुत गरेका थिए।

## जाजरकोट

इन्सेक जाजरकोटको आयोजनामा मानवअधिकार वर्षपुस्तक २०१५ को त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम सदरमुकाम खलङ्गामा ०७१ असोज १३ गते सम्पन्न भएको छ। प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी हिरालाल चौधरीले मानवअधिकार उल्लङ्घनका घटना हुन नदिन नागरिक सचेतना कार्यक्रम सञ्चालन गर्न सुझाए। कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठले विगत तीन महिनामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू जानकारी गराएका थिए। कार्यक्रममा राजनीतिक दल, सरकारी कार्यालय, नागरिक समाज, वकिल, पत्रकारलगायतको सहभागिता रहेको थियो।

## दाङ

इन्सेकको आयोजनामा मानवअधिकार वर्षपुस्तक तेस्रो त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम ०७१ असोज १२ गते सदरमुकाम घोराहीमा सम्पन्न भयो। कार्यक्रममा जिल्ला प्रतिनिधि गमनसिंह खड्काले विगत तीन महिनामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू जानकारी गराएका थिए। कार्यक्रममा वक्ताहरूले इन्सेकले मानवअधिकार हनन र महिला हिंसाका घटना अभिलेख गरी घटनाहरू सार्वजनिक गर्दा मानवअधिकार संरक्षण र हिंसा न्यूनीकरणमा सहयोग पुग्ने बताए। अपराधका घटनाहरू मेलमिलाप गर्दा पीडितले न्याय नपाउने बताएका थिए। स्थानीय शान्ति समितिका संयोजक बमबहादुर डिसीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा महिला विकास अधिकृत बीना श्रेष्ठ, एमालेका अम्मर वली, एमाओवादीका लुमबहादुर कार्की, मालेका कपिलदेव पोखेललगायतले टिप्पणी गरेका थिए। कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयका प्रतिनिधि, पत्रकार, वकिल, अधिकारकर्मीलगायतको उपस्थिति रहेको थियो।

## सुर्खेत

नेपाल मानवअधिकार वर्षपुस्तक सन् २०१५ को तेस्रो त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम



**मानवअधिकार वर्षपुस्तक प्रकाशपूर्व समीक्षामा सुर्खेत जिल्लाको मानवअधिकार अवस्थाको जानकारी गराउँदै**

०७१ असोज १२ गते वीरेन्द्रनगरमा सम्पन्न भयो। कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि दुर्गा थापाले विगत तीन महिनामा भएका मानवअधिकार उल्लङ्घनका घट्नाको प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा नेपाली काङ्ग्रेस सुर्खेतका कोषाध्यक्ष गोविन्द कोइराला, एमाले सुर्खेतका प्रचारप्रसार विभाग प्रमुख टेकेन्द्र बस्नेत, एमाओवादी सुर्खेतका अध्यक्ष नरबहादुर विष्ट, स्थानीय शान्ति समिति सुर्खेतका सदस्य श्रीधर पौड्याल, अधिवक्ता त्रयकृष्ण हमाल, नन्द भण्डारीलगायतले प्रतिवेदनमाथि टिप्पणी गरेका थिए। जिल्लामा घरेलु हिंसाका घट्ना वृद्धि भएको इन्सेकको तथ्याङ्कले देखाएको छ।

## हुम्ला

इन्सेक हुम्लाको आयोजनामा मानवअधिकार वर्षपुस्तक २०१५ को तेस्रो त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम सदरमुकाम सिमिकोटमा ०७१ असोज ११ गते सम्पन्न भएको छ। कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि सुरेश परियारले विगत तीन महिनामा भएका मानवअधिकार उल्लङ्कघनका घटना जानकारी गराएका थिए। प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालयका सई प्रकाश खड्काले गाउँमा महिला हिंसाका घटना धेरै हुने र गाउँमै मिलाउने परिपाटीले महिला हिंसाका घटना बढेको बताउँदै इन्सेकले सचेतना मुलक कार्यक्रम गर्न सुझाए। नेपाली काङ्ग्रेसका मानदेव शाही, नेकपा एमाले ज्ञानी बुमी, नेकपा माओवादीका विजया भण्डारी र नागरिक सञ्जालका टेकबहादुर शाहीलगायतले टिप्पणी गरेका थिए। कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयका प्रतिनिधि, नागरिक समाज र शिक्षक, बुद्धिजीवी र पत्रकार २९ जनाको सहभागिता रहेको थियो।

## बर्दिया

नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ को त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम ०७१ असोज १० गते गुलरियामा सम्पन्न भएको छ। कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि मानबहादुर चौधरीले विगत तीन महिनामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको जानकारी गराएका थिए। कार्यक्रममा प्रमुख अतिथि जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत कृष्णराज पन्तले महिला तथा बालबालिका



**मानवअधिकार वर्षपुस्तक प्रकाशपूर्व समीक्षामा बर्दिया जिल्लाको मानवअधिकार अवस्थाको जानकारी गराउँदै**

घरमै असुरक्षित हुनु जघन्य अपराध भएको बताए। मानवअधिकार एलायन्सका केशव जिसीले बालिका तथा महिलामाथि हुने हिंसाका घटना रोक्न कडा कानुन बनाउनुपर्ने बताए। कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालय, मानवअधिकारकर्मी, वकिल, पत्रकार र नागरिक समाजका ३० जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रमको अध्यक्षता इन्सेक जिल्ला संयोजक शोभाराम चौधरीले गर्नुभएको थियो।

## रुकुम

इन्सेक रुकुमको आयोजनामा मानवअधिकार वर्षपुस्तक २०१५ को प्रकाशनपूर्व समीक्षा कार्यक्रम जिल्ला सदरमुकाम खलङ्गामा ०७१ असोज ९ गते सम्पन्न भयो। प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर होमबहादुर थापाले अपराधका घटना अनुसन्धानमा नागरिकले सहयोग गरेमा मानवअधिकार संरक्षण र संवर्द्धनमा पनि टेवा पुग्ने बताए। कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि आदर्श केसीले विगत तीन महिनामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू जानकारी गराएका थिए। कार्यक्रममा नेपाली काङ्ग्रेसका ताराप्रसाद ओली, नेकपा एमालेका हरिप्रसाद शर्मा, एनेकपा माओवादीका उपेन्द्रलाल कामी, महिला मानवअधिकार रक्षक सञ्जालकी दण्डी कार्की र महिला अन्तरपार्टी सञ्जालकी मनिषा भण्डारीलगायतले बोलेका थिए। वक्ताहरूले सत्यतथ्य घटना मात्र अभिलेख हुनुपर्ने बताएका थिए। कार्यक्रममा राजनीतिक दल, सरकारी कार्यालय, नागरिक समाज र शिक्षक, बुद्धिजीवी र पत्रकारको सहभागिता रहेको थियो।

## दैलेख

इन्सेक दैलेखको आयोजनामा मानवअधिकार वर्षपुस्तक २०१५ को तेस्रो त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम जिल्ला सदरमुकाम दैलेखमा ०७१ असोज ९ गते सम्पन्न भयो। प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी सागरमणी पराजुलीले मानवअधिकार संरक्षण र संवर्द्धन गर्ने जिम्मेवारी राज्यको भए तापनि नागरिकले पनि कर्तव्य निर्वाह गर्नुपर्ने बताए। यस्तै, डीएसपी माधवप्रसाद श्रेष्ठले प्रहरीमा आएका उजुरीहरू परिस्थितिअनुसार मेलमिलाप वा कानुनी कारबाही गर्नुपर्ने हुने हुँदा अवस्था हेरी प्रहरीलाई पनि नागरिकको सहयोग चाहिने हुने बताए। जिल्ला प्रतिनिधि यज्ञराज थापाले विगत तीन महिनामा भएका मानवअधिकार उल्लङ्घनका घटना प्रस्तुत गर्दै तुलनात्मकरूपमा मानवअधिकार हननका घटना कमी आएको देखिए तापनि महिला हिंसाका घटनामा बढोत्तरी भएको बताए। कार्यक्रममा राजनीतिक दल, प्रशासन, प्रहरी, कानुन व्यवसायी, नागरिक समाजका अगुवा र सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

## मुगु

इन्सेक मुगुको आयोजनामा नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ तेस्रो त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम ०७१ असोज ९ गते जिल्ला सदरमुकाम गमगढीस्थित होटल विजयमा सम्पन्न भयो। कार्यक्रममा प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी तोरण पराजुलीको प्रमुख आतिथ्यतामा सञ्चालित कार्यक्रममा सेप्टेम्बर महिनासम्म जिल्लामा भएका मानवअधिकार हननका घटनाको समीक्षा गरिएको थियो। कार्यक्रममा आफ्नो धारणा राख्दै सहायक प्रमुख जिल्ला अधिकारी तोरण पराजुलीले जिल्लामा भएका मानवअधिकारका घटना

सत्यतथ्य हुनुका साथै यो अभिलेखिकरणले पीडितको न्यायका लागी ऐतिहासिक दस्तावेज भएकाले सत्यतथ्य घटना समेटीनुपर्ने बताए। राजनीतिक दलहरूका तर्फबाट नेकपा एमालेका सचिव जितबहादुर मल्लले मानवअधिकारका घटनाहरूमा तीन महिना यता सबैभन्दा बढी महिला अधिकार सम्बन्धित बलात्कारका घट्ना बढी देखिनु भनेको पीडकहरूलाई कारबाहीमा राज्यले देखाएको उदासिनता नै बढी भएकाले घट्ना बढी देखिएका बताए।

## डोल्पा

इन्सेक डोल्पाको आयोजनामा ०७१ असोज ८ गते डोल्पा जिल्लाको सदरमुकाम दुनैका मानवअधिकार वर्षपुस्तक प्रकाशनपूर्व समीक्षा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी देवेन्द्र लुइँटेलले मानवअधिकारको संरक्षण लागि राज्य जनताप्रति जवाफदेही र जनतामा सचेतना हुनुपर्ने बताए। कार्यक्रममा जिल्लामा विगत तीन महिनामा महिला हिंसाका घटना वृद्धि भएको इन्सेक जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटा प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रहरी नायव उपरीक्षक सूर्य केसी, जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, महिला र पत्रकारलगायतको सहभागिता रहेको थियो।

## जुम्ला

इन्सेक जुम्लाको आयोजनामा नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ को तेस्रो त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम ०७१ असोज ८ गते जुम्लाको खलङ्गामा सम्पन्न भएको छ। इन्सेक जिल्ला प्रतिनिधि मानदत्त रावलले विगत तीन महिनामा भएका मानवअधिकार हननका घटनाहरूको जानकारी गराएका थिए। राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालय जुम्लाका प्रमुख राजेन्द्र न्यौपानेले राज्यले सेवाग्राहीलाई सेवा दिने कार्यमा वञ्चित गराए मानवअधिकार उल्लङ्घन हुने बताए। नेपाली काङ्ग्रेसका जिल्ला सचिव दयादत्त हमालले देशमा कानुनको पालना नगर्ने, आफू खुशी कानुन व्याख्या गर्ने र अदालतमा पनि राजनीतिक हस्तक्षेप गर्ने परिपाटीको विकास भएको बताए। नेपाल मजदुर किसान पाटीका अध्यक्ष शिवलाल डाँगीले अपराधीले राजनीतिक संरक्षण पाएको बताए। महिला तथा बालबालिका सेवा केन्द्रकी सई सुशिला गुरुङले निम्न वर्गका महिलाहरू घरेलु हिंसामा परेको बताइन्। कार्यक्रममा राजनीतिक दल, प्रहरी प्रशासन, नागरिक समाज, पत्रकारलगायतको सहभागिता रहेको थियो।

## कालीकोट

इन्सेक कालीकोटको आयोजनामा नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ तेस्रो त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम ०७१ असोज ८ गते जिल्ला सदरमुकाम मान्ममा सम्पन्न भयो। कार्यक्रममा बिगत तीन महिनाका मानवअधिकार हननका घटनाको समीक्षा गरिएको थियो। इन्सेक जिल्ला प्रतिनिधि कालीबहादुर मल्लले महिला अधिकार, महिला हिंसा र यौन दुर्व्यवहारका घटना ११ वटा, आर्थिक, सामाजिक अधिकार हननका तीन वटा, नागरिक, राजनीतिक अधिकार हननका तीन वटा, बालअधिकार तीन वटा र घरेलु हिसा एक वटा गरी जम्मा २१ वटा घटना प्रस्तुत गरेका थिए। प्रमुख अतिथि निमित्त प्रमुख जिल्ला अधिकारी यमबहादुर बुढाले मानवअधिकारको अवस्थाको बारेमा जान्न र शान्ति सुरक्षा कायम राख्न वर्षपुस्तक महत्वपूर्ण दस्तावेज भएकाले यसलाई सत्यमा आधारित बनाउन सुझाए। एमाले सचिव चित्रसिंह गाउँलेले गाउँगाउँका मानवअधिकार हननका घटनालाई उजागर गर्न सुझाव दिए। डीएसपी लक्ष्मण गुरुङ, जिल्ला शिक्षा अधिकारी घनश्याम भण्डारी, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डाक्टर सूर्य भुसाल, नागरिक समाजका दमनराज वमले मानवअधिकार उल्लङ्घनका घटनाको न्यूनीकरणमा इन्सेकका प्रकाशनले महत्वपूर्ण भूमिका खेलेको बताए।

## प्यूठान

इन्सेक प्यूठानको आयोजनामा मानवअधिकार वर्षपुस्तक तेस्रो त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम ०७१ असोज ८ गते प्यूठानमा सम्पन्न भयो। स्थानीय शान्ति समितिको सभाहलमा भएको कार्यक्रमको अध्यक्षता मानवअधिकार सञ्जालका संयोजक पार्वता आचार्यले गरेकी थिइन्। इन्सेक जिल्ला प्रतिनिधि रविन्द्र पाण्डेले विगत तीन महिनाका मानवअधिकार उल्लङ्घन घटनाहरूको बारेमा जानकारी गराएका थिए। कार्यक्रममा नेकपा एमालेका हुकुमबहादुर खड्काले जिल्लामा महिला हिंसाका

घटनाहरू बढ्दो क्रममा रहेको बताउँदै न्यूनीकरणमा सबैपक्ष जिम्मेवार भएर लाग्नुपर्ने बताए। पत्रकार एलबी थापाले इन्सेकले नागरिक र राजनीतिक अधिकारका घटनाहरू मात्र नभएर सामाजिक तथा आर्थिक घटनाबाट हुने हिंसाका घटनाहरूलाई पनि समेट्दा राम्रो हुने बताए। कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, मानवअधिकारकर्मी, सरकारी कार्यालयका प्रतिनिधि, सञ्चारकर्मी पत्रकारलगायतको सहभागिता रहेको थियो।

### सल्यान

इन्सेक सल्यानको आयोजनामा मानवअधिकार हननका घटनाहरूको त्रैमासिक प्रकाशनपूर्व समीक्षा कार्यक्रम ०७१ असोज ६ गते सल्यानको खलङ्गामा सम्पन्न भएको छ। कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि मिना बुढाथोकीले विगत तीन महिनामा भएका मानवअधिकार हननका घटनाहरूको जानकारी गराएकी थिइन्। वक्ताहरूले प्रहरीमा जो पहिला जान्छ ऊ पीडित हुने चलन देखिएकाले प्रहरीले वास्तविक पीडित पत्ता लगाउन अनुसन्धान गर्न र मेलमिलापको नाममा सरकारवादी मुद्दालाई नमिलाउन सुझाएका थिए। कार्यक्रममा निमित्त महिला तथा बालबालिका अधिकृत सावित्रा गौतम, जिल्ला प्रहरी कार्यालयका सई शैलेन्द्र हमाल, जिल्ला अदालतका विष्णुप्रसाद शर्मा, नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष रमेशकुमार गौतम, गैरसरकारी संस्था महासङ्घका अध्यक्ष दीपेन्द्र डिसी, शान्ति समितिकी सचिव विष्णु शर्मा, दलित अधिकारकर्मी सुमन विकलगायतले बोलेका थिए। कार्यक्रम नेपाल पत्रकार महासङ्घका जिल्ला अध्यक्ष शालिकराम शर्माको अध्यक्षतामा भएको थियो।

## सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम

### खाद्य दिवस सम्पन्न

३४ औं विश्व खाद्य दिवसको सर्न्दभमा विभिन्न सङ्घसंस्थाहरूले संयुक्तरूपमा धनगढीमा प्लेकार्डसहितको र्‍याली निकाली विभिन्न कार्यक्रमका साथ ०७१ असोज ३० गते सम्पन्न गरे। जिल्ला खाद्य अधिकार सञ्जालमा आबद्ध याक नेपाल, इन्सेकलगायतका १३ वटा सङ्घसंस्थाको आयोजनामा धनगढीको ट्राफिक चौराहबाट प्लेकार्डसहितको र्‍याली निकाली धनगढीको पार्क मोडमा कोणसभामा परिणत भएको थियो। कोणसभामा खाद्य अधिकारका सर्न्दभमा राष्ट्रिय मानवअधिकार आयोगका मानवअधिकार अधिकृत पवन भट्ट र खाद्य अधिकार सञ्जालका फोक्लपर्सन ताराराम टमटाले मन्तव्य राखेका थिए। कोणसभाको समापन जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ अधिकृत युवराज पाण्डेले गरेका थिए। त्यसपश्चात् प्रेस विज्ञप्ति प्रकाशन, सेती अञ्चाल अस्पतालका बिरामीहरूलाई फलफूल वितरणलगायतका विभिन्न कार्यक्रमहरू सयुंक्तरूपमा सम्पन्न गरेका थिए।

### मानवअधिकार स्थितिसूचक सार्वजनिक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय धनगढीको आयोजनामा अप्रिलदेखि जुन २०१४ मा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटना सङ्कलित मानवअधिकार प्रतिवेदनको रुपमा मानवअधिकार स्थितिसूचक ०७१ असोज १० गते धनगढीमा सार्वजनिक भयो। उक्त प्रतिवेदनमा सुदूरपश्चिमका तीन महिनाको अविधिमा १ सय २७ जना मानवअधिकार हनन तथा ज्यादतीका घटनाहरू भएको उल्लेख गरिएको थियो, जसमा १ सय १८ जना महिला र १९ जना पुरुष पीडित भएका थिए। यस अवधिमा सबैभन्दा बढी महिला ९२ जना र बालबालिका २२ जना पीडित भएको प्रतिवेदनमा उल्लेख गरिएको थियो। राज्य तथा गैरराज्यबाट भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादती रोकथाम गर्ने जिल्लाको प्रमुख हैसियतले आफै थप प्रयास र प्रयत्न गर्ने प्रमुख जिल्ला अधिकारी वेदप्रकाश लेखकले प्रतिबद्धता व्यक्त गरेका थिए।

इन्सेकले प्रस्तुत गरेको प्रतिवेदनमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरचनागत हननका घटना समेट्नसमेत सरोकारवालाहरूले सुझाव दिएका थिए। उक्त छलफलमा इन्सेकले मानवअधिकारको स्थिति विश्लेषण गर्दा कालो बजारी, महङ्गी, स्वास्थ्य समस्या, अदालतका फैसला कार्यान्वयन अवस्था, खाद्य अधिकारलगायत समस्यामा राज्यको ध्यानर्कषण गराउनुपर्ने कुरामा समेत जोड दिएका थिए। इन्सेक क्षेत्रीय संयोजक खडकराज जोशीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन

इन्सेक जिल्ला प्रतिनिधि सुरबहादुर परियारले गरेका थिए भने इन्सेक धनगढीका प्रलेख अधिकृत कृष्णबहादुर विकले उक्त प्रतिवेदन प्रस्तुत गरेका थिए

## बालअधिकार चेतना समूहका पदाधिकारीका लागि बालअधिकार तालिम

इन्सेक क्षेत्रीय कार्यालय धनगढीको आयोजनामा कञ्चनपुर जिल्लाका बालअधिकार संरक्षण कार्यक्रमअन्तर्गत बालअधिकार चेतना समूहका पदाधिकारीहरूका लागि दुई दिवसीय बालअधिकार तालिम ०७१ भदौ ३१ गते समपन्न भयो।

बालअधिकार तालिमको उदघाट्न सत्रमा इन्सेक क्षेत्रीय संयोजक खडकराज जोशीले बालबालिका सूचनाका संवाहक भएका कारण सहभागी बालबालिकाले अधिकारका बारेमा सिकेका कुरा सम्प्रेशण गर्नुपर्ने बताए। दुई दिनसम्म सञ्चालन हुने तालिममा मानवअधिकार, बालअधिकार, महिलाअधिकार, बालबालिकासम्बन्धी ऐन, भित्तेपात्रो पत्रिका निर्माण आदि विषयमा प्रशिक्षण दिइएको थियो। कञ्चनपुर जिल्लाको कृष्णपुर गाविस, रैकावार विचवा गाविस र देखतभुली गाविसका छ विद्यालयका ३१ जना बालबालिका सहभागी रहेका थिए।




**जिल्लास्तरीय बालअधिकार तालिमका सहभागीहरू**

## मानवअधिकार निगरानी समूहको योजना बैठक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) धनगढीको आयोजनामा ०७१ भदौ ३० गते गाउँ विकास समितिको भवनमा मानवअधिकार निगरानी समूहको योजना आदानप्रदान बैठक सम्पन्न भयो। कार्यक्रम समूहका अध्यक्ष अनीता चौधरीको सभाध्यक्षतामा सम्पन्न भएको थियो। बैठकले अबका दिनमा हरेक महिनामा मानवअधिकार निगरानी समूहको बैठक बस्ने, निगरानी समूहले प्राथमिक स्वास्थ्य केन्द्र, गाउँ विकास समिति, बजार, विद्यालयको अनुगमन गर्ने निर्णय गऱ्यो। समूह सदस्य विनोद चौधरीले कुनै पनि अफिसमा पस्दा परिचय पत्रको आवश्यकता पर्ने भएकोले परिचय पत्र उपलब्ध गराउनुपर्ने मानवअधिकारको तालिमको व्यवस्था गर्नुपर्ने विचार व्यक्त गरेका थिए।

## बालअधिकार चेतना समूह गठन

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय धनगढीको आयोजनामा श्री राष्ट्रिय मावि, कलवापुरमा ०७१ भदौ २५ गते सम्पन्न विद्यार्थीहरूको भेलाबाट १३ सदस्य विद्यालयस्तरीय बालअधिकार चेतना समूह गठन भयो। बालअधिकार चेतना समूहमा अध्यक्ष पदमा जानभी भुकाल छनौट भएका छन्। बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि विद्यालयमा बालअधिकार चेतना समूह गठन गरिएको हो भनी स्थानीय सहजकर्ता कृष्णा चौधरीले बताएकी थिइन्। राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक रामबहादुर निदालले इन्सेकले स्थानीयस्तरका विद्यालयहरूमा मानवअधिकार र बालअधिकारका सवाल उठान गर्नका लागि विद्यालयमा बालअधिकार चेतना समूह गठन कार्य महत्वपूर्ण बताएका थिए। किनकी बालअधिकार चेतना समूहले समग्र बालबालिकाको अधिकारका बारेमा बोल्ने कुनै घटना भए बालअधिकार चेतना समूहले सहयोग गर्ने कुरा व्यक्त गरेका थिए। यसै गरी, विद्यालयका शिक्षक सुवासचन्द्र पन्तले पनि विद्यालयमा बालअधिकार चेतना समूहका पदाधिकारीहरूलाई बालअधिकारका हननका घटना भए सहयोग गर्ने बताएका थिए।

## गाविसस्तरीय मानवअधिकार निगरानी सञ्जाल गठन

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) धनगढीको आयोजनामा ०७१ भदौ २२ गते गाविसस्तरीय मानवअधिकार निगरानी सञ्जाल गठन भयो। गाविसमा रहेका वडा नागरिक मञ्च, मानवअधिकार संस्थामा संलग्न व्यक्तिहरू र

समूहहरूको सहभगितामा मानवअधिकार निगरानी सञ्जाल गठन गरिएको थियो। उक्त सञ्जलमा रमेश चौधरी संयोजक रहनुभएको छ भने सचिवमा अमीता चौधरी र सदस्यहरूमा तीर्थ नेपाल, तेजराम चौधरी, उमा चौधरी, रूपा चौधरी, लालीदेवी विक, जगतराम चौधरी, खुशीराम चौधरी, भीखराम चौधरी, चन्द्रमाया चौधरी रहेका छन्। निगरानी समितिका संयोजक रमेश चौधरीले अब हामी पनि मानवअधिकारकर्मीका रूपमा काम गर्ने बताए।

यसै गरी, श्री लक्ष्मी उमावि पृथ्वीपुर गाविसमा ०७१ भदौ २४ गते १३ सदस्यीय मानवअधिकार निगरानी समूह गठन कार्य सम्पन्न भयो। निगरानी समूहको संयोजकमा अनीता चौधरी, सचिवमा भागीराम चौधरी, सदस्यहरूमा गौरीलाल चौधरी, बालदेवी चौधरी, जोखनलाल कठरिया, गणेशदेवी महतो, सुनीता चौधरी, विनोद चौधरी, फूलराम चौधरी, बीर्मा सार्की, पदमबहादुर ऐर, भीखराम चौधरी, गीता चौधरी रहेका छन्। निगरानी सञ्जाल गठन प्रक्रियामा इन्सेकका क्षेत्रीय संयोजक खडकराज जोशीले मानवअधिकार निगरानी समितिमार्फत मानवअधिकार संरक्षण तथा प्रवर्धनमा नागरिकहरूको भूमीका आवश्यक रहेको कुरा बताएका थिए। कार्यक्रममा राजनीतिक दल, नागरिक समाजक प्रतिनिधि, स्थानीय समाजसेवी, सरकरी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूले इन्सेकले मानवअधिकारको क्षेत्रमा विगतदेखि खेलिरहेको भूमिकालाई अझ बढी प्रभावकारी बनाउनका लागि मानवअधिकार निगरानी समूहमार्फत सर्वसाधरणमा जागरुक ल्याउने कामको थालनी गरेकोमा शुभकामना व्यक्त गरेका थिए।

## मानवअधिकार निगरानी समूह गठन

### कञ्चनपुर

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आयोजनामा कञ्चनपुर जिल्लाको कृष्णपुर गाविसमा ०७१ भदौ १९ गते स्थानीय अगुवाहरूको भेला सम्पन्न भई नौ सदस्सीय गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन भयो। मानवअधिकारको संरक्षण र संवर्द्धन गर्न उद्देश्यले गठन गरिएको गाविसस्तरीय मानवअधिकार निगरानी समूहको संयोजकमा सुरीता चौधरी र सदस्यहरूमा सुखराम चौधरी, पदमा ओझा, टिकेश्वरी खत्री, मदनराज भट्ट, मैना विक, कलावती बोकटी, विष्नुमती चौधरी, रञ्जु भट्ट रहेका छन्। मानवअधिकार निगरानी समूह गठनपछि समूहका पदाधिकारीहरूलाई समूहको काम, कर्तव्य र अधिकारका बारेमा इन्सेक क्षेत्रीय कार्यालय धनगढीका अधिकृत कृष्ण विक, सुपरीवेक्षक मनमाया बस्नेत र इन्सेक कञ्चनपुरका जिल्ला प्रतिनिधि कोमल निरन्जन भाटले जानकारी गराएका थिए। मानवअधिकार निगरानी समूहका पदाधिकारीहरूले गाविसस्तरमा रहेका मानवअधिकारका मुद्दा र सवालहरूको उठान गर्ने, मानवअधिकारका बारेमा ग्रामीण क्षेत्रमा प्रचारप्रसार गर्ने, स्थानीय सेवाप्रदायक संस्थाहरूको अनुगमन गरी आवश्यक सुझाव दिने र मानवअधिकार संरक्षण र संवर्द्धनका क्षेत्रमा काम गर्ने बताए।

त्यसै गरी, कञ्चनपुरको रैकबार विचवा गाविसमा ०७१ भदौ २० गते गाविसस्त्रीय मानवअधिकार निगरानी समिति गठन भयो। गाविसस्तरीय मानवअधिकार निगरानी समूहको संयोजकमा जयसिंह विष्ट, सदस्यहरूमा ईश्वरी खडका, तुलसी ताम्राकार, कुमारी, पुष्पा भट्ट, दुर्गा मडै, कैलाश चौधरी, योगेन्द्र राना र सचीवमा लीलादेवी खडका चयन भएका छन्।

त्यसै गरी, कञ्चनपुरको देखतभुली गाविसमा ०७१ भदौ १६ गते गाविसस्तरीय मानवअधिकार निगरानी समिति गठन भयो। मानवअधिकार निगरानी समूहका पदाधिकारीहरूलाई समूहको काम, कर्तव्य र अधिकारका बारेमा इन्सेक क्षेत्रीय कार्यालय धनगढीका अधिकृत कृष्ण विक, कार्यक्रम संयोजक मनमाया बस्नेतले जानकारी गराएका थिए। इन्सेकले परियोजना अवधीभर कार्यक्रम सञ्चालन गरे तापनि स्थानीयस्तरका जनताहरूले मानवअधिकार उल्लङ्घनका घटना उठान गर्ने र अधिकारका बारेमा जनतालाई अधिकार दिलाउन निरन्तरता दिन निगरानी समिति गठन गरेको भन्ने कुराको जानकारी दिइएको थियो। मानवअधिकार सवालहरूलाई उठान गर्न तथा सहजीकरण गर्नका लागि मानवअधिकार निगरानी समूहका पदाधिकारीहरूले इन्सेकले मानवअधिकारसम्बन्धी तालिमको आयोजना गरिदिन इन्सेकसँग आग्रह गरेका थिए। त्यसै गरी, कञ्चनपुरको देखतभुली गाविसमा ०७१ भदौ १६ गते राम दुलारी रानाको अध्यक्षता गाविसस्तरीय मानवअधिकार निगरानी समिति गठन भएको छ।

## गाविसस्तरीय मानवअधिकार निगरानी समूह गठन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय धनगढीको आयोजनामा रानागाउँ गाविसमा ०७१ भदौ २२ गते कार्यक्रमको परिचयात्मक गोष्ठी सम्पन्न भई कृष्णबहादुर रावलको संयोजकत्वमा १० सदस्यीय मानवअधिकार निगरानी समूह गठन भयो। गोष्ठीमा कृष्णबहादुर रावल संयोजक, सदस्य सचिवमा यज्ञराज भट्ट, सदस्यहरूमा गंगादेवी जोशी, नन्दराम भट्ट, धनादेवी जोशी, प्रकाश कठायत, गणेश मल्ल, जानकी विक, माधवी शाही र बिमला राणा रहेका छन्। कार्यक्रममा नेपाली काङ्ग्रेसका प्रतिनिधि रविन्द्र भट्ट, नेकपा एमालेका प्रतिनिधि गणेश जोशीले इन्सेकको कार्यक्रम समय सुहाउँदो भएकोले आफूहरूको पूर्ण सहयोग रहने प्रतिबद्धता जाहेर गरेका थिए। सरकारी कार्यालयका तर्फबाट स्वास्थ्यचौकीका इन्चार्ज मीरा न्यौपानेले इन्सेकको कार्यक्रम राम्रो रहेको र मानवअधिकार निगरानी समूहले मानवअधिकारको आँखाले सबैलाई समानरूपले हेर्नुपर्ने सुझाव दिएका थिए।

त्यसै गरी, डोटीको दुर्गामाण्डौ गाविसमा ०७१ भदौ २३ गते कार्यक्रमको परिचयात्मक गोष्ठी सम्पन्न भई भीमबहादुर विष्टको संयोजकत्वमा १३ सदस्यीय मानवअधिकार निगरानी समूह गठन भयो। सदस्यहरूमा शंकर विक, राजबहादुर धामी, प्रमीला परियार, हेमराज भट्ट, सीता विक, दिलबहादुर खड्का, गंगाराम भट्ट, लक्ष्मी पाठक, गणेश अवस्थी, तारा बुढामगर, देवी विष्ट, गौरी धामी छनौट भएका छन्। कार्यक्रममा नेपाली काङ्ग्रेसका प्रतिनिधि शेरबहादुर खड्का, नेकपा एमालेका प्रतिनिधि भक्तराज जोशी, नेकपा माओवादीका प्रतिनिधि रामसिंह विश्वकर्मा, राष्ट्रिय जनमोर्चाका प्रतिनिधि तपबहादुर




**गाविसस्तरीय मानवअधिकार निगरानी सञ्जाल गठनमा उपस्थित सहभागीहरू**

कार्कीले इन्सेकद्वारा सञ्चालित कार्यक्रम राम्रो रहेकोले आफूहरूको साथ रहने प्रतिबद्धता व्यक्त गरेका थिए।

त्यसै गरी, डोटीको तिखातर गाविसमा ०७१ भदौ २४ गते ११ सदस्यीय गाविस स्तरीय मानवअधिकार निगरानी समूह गठन गरेको थियो। समूहको संयोजकमा पूर्णनाथ योगी, सचिवमा गीता रावल, सदस्यहरूमा डबलबहादुर शाही, टिकासिंह बम, प्रेमबहादुर बोगटी, डबलबहादुर हुड्के, चक्रबहादुर माझी, इन्द्रबहादुर भुल, विशाल बम, श्यामलाल अवस्थी र मीना विक रहेका छन्। उनीहरू निगरानी समूहमा सक्रिय भई लाग्ने प्रतिबद्धता जाहेर गरेका छन्। गठित समूहका पदाधीकारी तथा सदस्यहरूलाई रानागाउँ गाविसका मानवअधिकार सहजकर्ता यज्ञराज भट्टले निगरानी समूहको काम, कर्तव्य र अधिकारबारे स्पष्ट पारेका थिए। उनले मानवअधिकार निगरानी समूहका हरेक सदस्यहरूले राज्यले दिने सेवा सुविधाका बारेमा जानकार हुनुपर्ने र आफू पनि शिष्ट र मर्यादितरूपमा चल्नुपर्ने र सरकारी कार्यालयको कमीकमजोरी मात्रै खोतल्नुभन्दा पनि सहयोगी भूमिका निर्वाह गर्नुपर्ने बताएका थिए।

## बलपूर्वक बेपत्ताविरुद्ध अन्तर्राष्ट्रिय दिवस

बेपत्ता परिवारको सम्झनामा नेपाल रेडक्रस सोसाइटी, स्थानीय शान्ति समिति, राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक, एड जस नेपाल, रुडुक कैलाली, फाया नेपाल, बेस कैलालीको संयुक्त आयोजनामा ०७१ भदौ १४ गते “३१ औं बलपूर्वक बेपत्ताविरुद्ध अन्तर्राष्ट्रिय दिवस” सम्पन्न भयो। कार्यक्रममा रेडक्रसका लोकराज जोशीले बेपत्ता परिवारका पीडा सम्बोधन गर्नका लागि यो दिवस मनाएको बताए। नेपाल तथा अन्तर्राष्ट्रियस्तरमा बेपत्ता भएका मानिसहरूको सम्झनामा उनीहरूका परिवारका पीडालाई सम्बोधन गर्न र उनीहरूका पीडालाई बिर्सेका छैनौ भनेर विगतका वर्षदेखि यो दिवस मनाइदै आइरहेको बताए। कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय, धनगढीका निमित्त क्षेत्रिय निर्देशक मोहनदेव जोशीले कार्यक्रममा कार्यपत्र प्रस्तुत गरेका थिए। उनले २०५२ देखि ०६२ सालसम्म नेपालमा सशस्त्र द्वन्द्व भएको बेला राज्य र गैरराज्यबाट बेपत्ता पर्ने क्रियाकलाप भए र उनीहरूको उचित कानुनबमोजिम कारबाही

हुन नसक्दा बेपत्ता परिवारको उचित व्यवस्था हुन नसकेको बताए। स्थानीय शान्ति समितिका संयोजक वीरबहादुर जेठाराको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्घाटन प्रमुख जिल्ला अधिकारी बेदप्रकाश लेखकले गरेका थिए। कार्यक्रममा सरकारी निकायका प्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, बेपत्ता परिवारका सदस्यहरू, पत्रकारको सहभागिता रहेको थियो।

## स्थानीय सहजकर्ताहरूका लागि अभिमुखीकरण तालिम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय धनगढीको आयोजनामा स्थानीय सहजकर्ताहरूका लागि "स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रम (इएलपी) र किओस कार्यक्रम" को अभिमुखीकरण कार्यक्रम धनगढीमा ०७१ भदौ ९ र १० गतेसम्पन्न भयो। अभिमुखीकरण कार्यक्रमको सहजीकरण गर्दै इन्सेक क्षेत्रीय कार्यालयका क्षेत्रीय संयोजक खडकराज जोशीले कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि स्थानीय सहजकर्ताहरू इमान्दार, जवाफदेही र जिम्मेवार हुनुपर्ने र स्थानीय सहजकर्ताहरूको काम, कर्तव्यलगायतका विषयमा पनि जानकारी गराएका थिए। सहजकर्ताहरूले आफूले काम गर्दा सबै स्थानीय निकाय तथा नागरिक समाजसँग सुमधुर सम्बन्ध राखी कानुन तथा नीति नियमका आधारमा र कार्यक्रम निर्देशिकामा राखिएका गतिविधिहरू सम्पन्न गरी स्थानीयस्तरमा राज्यका नियकाहरूलाई जिम्मेवार बनाउन अग्रसर हुनुपर्ने कुरामा जोड दिएका थिए।

इएलपी कार्यक्रमको निर्देशिकाका बारेमा कार्यक्रमका फोकल पर्सन दिलबहादुर चौधरीले सहजीकरण गरेका थिए भने निर्देशिकाबमोजिम सम्पन्न गतिविधिहरूको रिपोटिङ पीएमी पद्धतिअनुसार कसरी गर्न सकिन्छ त्यस सम्बन्धमा इन्सेक क्षेत्रीय कार्यालयका पीएमइ तथा प्रलेख अधिकृत कृष्णबहादुर विकले सहजीकरण गरेका थिए। कार्यक्रममा सहभागी सहजकर्ता र इन्सेक जिल्ला प्रतिनिधिले आफूलाई दिइएको जिम्मेवारी इमान्दारीताका साथ पुरा गर्ने प्रतिबद्धतासमेत जाहेर गरेका थिए। अभिमुखीकरण कार्यक्रममा इएलपी कार्यक्रमअन्तर्गत कैलाली, कञ्चनपुर, डोटीबाट नौ जना, किओसअन्तर्गत गोदावरी गाविसबाट एक जना र कञ्चनपुर जिल्ला प्रतिनिधि गरी ११ जनाको सहभागिता रहेको थियो।

## अनुभव आदानप्रदान तथा योजना बैठक डोटी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आयोजनामा डोटीको रानागाउँ गाविसमा ०७१ भदौ २९ अनुभव आदान तथा योजना बैठक सम्पन्न भयो। मानवअधिकार निगरानी समूहका संयोजक कृष्णबहादुर रावलको अध्यक्षता र स्वास्थ्य चौकीका ग्रामीण स्वास्थ्य कार्यकर्ता रामबहादुर भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न बैठकमा सरकारी कार्यालयका योजनाका बारेमा छलफल गरिएको थियो। सरकारी कार्यालयले दिने सेवा सुविधा र अन्य सहुलियत, नीति, नियमको बारेमा स्वास्थ्य ग्रामीण स्वास्थ्य कार्यकर्ता भण्डारीले जानकारी गराएका थिए। कार्यक्रममा स्थानीयहरूको पनि सहभागिता रहेको थियो।

त्यसै गरी, डोटीको दुर्गामाण्डौ गाविस भवनमा मानवअधिकार निगरानी समूह, राजनीतिक दल, सामाजिक सङ्घसंस्थाको संयुक्त आयोजनामा आदानप्रदान बैठक ०७१ भदौ २९ गते सम्पन्न भयो। मानवअधिकार निगरानी समूहका संयोजक भीमबहादुर विष्टले समूहको निर्णय पश्चात गाविसमा सरकारी कार्यालय भएको तर कर्मचारी नभएको कारण सेवाग्राही मर्कामा पर्ने हुनाले हुलाक, पशु, कृषि, वन कार्यालयमा छिटोभन्दा छिटो कर्मचारी बोलाउनुपर्ने भन्दै राजनीतिक दल र सबै सरोकारवालाको ध्यानाकर्षण गराउँदै सबैलाई यसप्रति चासो राख्नुपर्ने र गाविसले जनताको माग राख्दै जिल्लामा पत्र पठाउनुपर्ने निष्कर्ष सुनाएका थिए। उनले सो सम्बन्धमा पहल गर्न गाविसमा निवेदन दिएका थिए। तत्पश्चात गाविसले चारवटै कार्यालयमा कर्मचारी पठाउन भनी जिल्लालाई पत्र लेखेको थियो। वायल जागरण समाजका अध्यक्ष डबलबहादुर बोगटीले इन्सेकको कार्यक्रमको सराहना गर्दै इन्सेक अधिकारको लागि पहल गर्न तत्पर छ, त्यसैले हामी पनि आफ्नो अधिकारको लागि चुप लागेर बस्नुहुन्न भनेका थिए।

त्यसै गरी, डोटीको तिखातर गाविसमा योजना आदानप्रदान बैठक ०७१ भदौ २९ गते सम्पन्न भयो। मानवअधिकार निगरानी समूहका संयोजक सचिव गीता रावलको अध्यक्षता र गाविस प्रतिनिधि

एजीसिडीकी मीनाकुमारी शाहीको प्रमुख आतिथ्यमा सम्पन्न बैठकमा सरकारी कार्यालयका योजनाका बारेमा छलफल गरिएको थियो।

## मानवअधिकार अभिमुखीकरण कार्यक्रम

स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रमअर्न्तगत गठित कृष्णपुर गाविसस्तरीय मानवअधिकार निगरानी समूहका पदाधिकारीहरूलाई मानवअधिकारसम्बन्धी जानकारी गराउने उद्देश्यले ०७१ भदौ २९ गते अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो। अभिमुखीकरण कार्यक्रममा मानवअधिकार, खाद्य अधिकार, शिक्षाको अधिकार र स्वास्थ्यको अधिकारको अनुगमन गर्ने विषयमा प्रशिक्षण दिइएको थियो। अभिमुखीकरणको सहजीकरण इन्सेक जिल्ला प्रतिनिधि कोमलनिरन्जन भाट र सहजकर्ता वीरबहादुर डगौराले गरेका थिए। अभिमुखीकरण कार्यक्रममा मानवअधिकार मैत्री योजना निर्माणका लागि कार्ययोजनासमेत बनाइएको थियो। गाविसमा रहेका सेवाप्रदायक संस्थाहरूमा नागरिक वडापत्र राख्न सबै सेवाप्रदायकलाई आग्रह गर्ने निर्णयसमेत सो कार्यक्रममा भएको थियो।

## कार्यक्रम परिचयात्मक कार्यक्रम सम्पन्न

### कञ्चनपुर

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) क्षेत्रीय कार्यालय, धनगढीको आयोजनामा कञ्चनपुर जिल्लाको देखतभुली गाविसमा ०७१ भदौ १६ गते स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रमको गाविसस्तरीय परिचयात्मक कार्यक्रम सम्पन्न भयो। स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रमका बारेमा सरोकारवालाहरूलाई जानकारी दिने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउन कार्यक्रमका बारेमा इन्सेकका दिलबहादुर चौधरी र मनमाया बस्नेतले जानकारी गराएका थिए। सरोकारवालाहरूले कार्यक्रम समय सन्दर्भ रहेको र यस कार्यक्रमले गाविसका सेवाग्राहीहरूको सेवामा पहुँच बढ्ने र स्थानीय जनताहरू सचेत हुने बताएका थिए। कार्यक्रमका प्रमुख अतिथि गाविस सचिव सुरेन्द्रबहादुर चन्दले यस कार्यक्रमले सेवाप्रदायक र सेवाग्राहीहरूबीच सहजीकरणको भूमिका खेल्ने विश्वास गरेको बताए। साथै गाविसका सबै नागरिकलाई यस कार्यक्रमबाट लाभ लिन पनि आग्रह गरेका थिए। कार्यक्रमको सभापतित्व गाविस सचिव सुरेन्द्रबहादुर चन्दले गरेका थिए।

## बालअधिकार चेतना समूह गठन

### कैलाली

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय धनगढीको आयोजनामा कैलालीका श्री बसौटी गाविसको जनता निमाावि उत्तर कटैनीमा ०७१ भदौ २५ गते बालअधिकार चेतना समूह गठन भयो। बालअधिकार चेतना समूहको  कार्यसमितिमा महेश चौधरी अध्यक्ष, मायासरी साउँद उपाध्यक्ष, सन्दीप चौधरी सचिव, रेखा चौधरी सहसचिव र दीपराज चौधरी, अविशेक शाह, दीर्घ साउँद, अजय चौधरी, नीता थापा, सन्तोषी चौधरी, कमला बोहरा सदस्य पदमा निर्वाचित भएका छन्। बालअधिकार चेतना समूहका अध्यक्ष महेश चौधरीले विद्यालयको शिक्षामा गुणस्तर सुधार गर्ने, स्थानीयस्तरमा हुने बाल हिंसा कम गर्न पहल गर्ने, अनैतिक व्यवहारमा लागेका बालबालिकालाई समन्वय र सम्पर्कमा रही उनीहरूको राम्रो बानीको विकास गर्ने कुराका बारेमा जानकारी गराउँदै प्रतिबद्धता जनाए। उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रामस्वरूप चौधरीले बालअधिकार चेतना समूहलाई विद्यालय तथा शिक्षकले पूर्ण सहयोग गर्ने भनी जानकारी गराएका थिए।

त्यसै गरी, श्री लक्ष्मी उमावि पृथ्वीपुरमा शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीबीचमा अन्तरक्रिया कार्यक्रम ०७१ भदौ २२ गते समपन्न भइ छलफलपश्चात् ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। बालअधिकार चेतना समूहको कार्यसमितिमा अध्यक्षको पदमा दिव्य चौधरी, उपाध्यक्षमा गणेश चौधरी, सचिवमा पिङ्की चौधरी रहेका छन् भने रिकेश चौधरी, सुष्मीता चौधरी, सविना चौधरी, शिवाङ्गी चौधरी, प्रिमिका चौधरी, गीता सार्की, नृप चौधरी, सुवास साकी सदस्य रहेका छन्। कार्यक्रम विद्यालयका प्रधानाध्यापक शंकर चौधरीको सभापतित्वमा भएको थियो। अन्तरक्रियामा भएको छलफलअनुरूप शिक्षक रामविलेख मण्डल बालअधिकार संरक्षक शिक्षकमा छनौट भएका छन्।

सभापति शंकर चौधरीले इन्सेक देशमा परिचित मानवअधिकारवादी सङ्गठन भएको, यसको कार्यक्रम विद्यालयमा आउनु खुशीको कुरा भएकोले आफ्नो पूर्ण सहयोग रहने बताएका थिए।

त्यसै गरी, श्री उदासीपुर मावि उदासीपुरमा शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीबीचमा अन्तरक्रिया कार्यक्रम ०७१ भदौ २२ गते सम्पन्न भई ११ सदस्यीय बालअधिकार चेतना समूह गठन भयो। समूहको कार्यसमिति अध्यक्षमा चक्रबहादुर बोहरा, उपाध्यक्षमा निशा महर, सचिवमा सम्झना चौधरी र सदस्यहरूमा उम्मी बोहरा, प्रकाश बोहरा, विशाल भट्ट, कमला चौधरी, राधा विक, देवकी साउँद, हरिप्रसाद ओझा र मनिष चौधरी रहेका छन्। कार्यक्रम विद्यालयका प्रधानाध्यापक चक्रबहादुर सिंहको सभापतित्वमा भएको थियो। प्रधानाध्यापक सिंहले बालबालिकाको सर्वाङ्गिण विकासका लागि बालअधिकार नभई नहुने अधिकार हो, बालबालिकाबिना हामी मानवजीवनको कल्पना गर्न सक्दैनौँ भन्दै उनले बालबालिकालाई राम्रो बन्न उत्प्रेरित गरेका थिए। अन्तरक्रियामा भएको छलफलअनुरूप शिक्षक लक्ष्मी जोशी बालअधिकार संरक्षक शिक्षकमा छनौट भएकी छन्।

त्यसै गरी, बसौटी गाविसको राष्ट्रिय उमावि विचैपुरको विद्यालयमा ०७१ भदौ २० गते बालअधिकार चेतना समूह गठन भयो। बालअधिकार चेतना समूहमा अध्यक्ष पदमा भुवन सेट्ठी, उपाध्यक्षमा, चक्र थापा र सचिवमा बबिता चौधरी रहेका छन्। कार्यक्रममा बालअधिकारका बारेमा स्थानीय सहजकर्ता मनीरामी चौधरीले सहजीकरण गरेकी थिइन्। कार्यक्रममा राष्ट्रिय उमाविका शिक्षक श्री रामकमार शाहुले विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्न र बालमैत्री शिक्षा र बालमैत्री विद्यालय बन्न पनि यो कार्यक्रमबाट सहयोग पुग्ने बताए।

त्यसै गरी, श्री हसुलिया गाविसको जनकल्याण माविमा शिक्षक विद्यार्थीहरूको सक्रिय सहभागितामा ०७१ भदौ २० गतेका दिन बालअधिकार चेतना समूह गठन भयो। बालअधिकार चेतना समूहको कार्यसमितिमा पुष्पा ढकाल अध्यक्ष, गोविन्द चौधरी उपाध्यक्ष, मनकुमारी चौधरी सचिव रहेका छन्। बालबालिकाको चौतर्फी विकास गर्नका लागि विद्यालयमा कुनै पनि किसिमको विभेद हुन नदिनका लागि र स्थानीयस्तरमा बालबालिकाको अधिकार संरक्षण गर्नका लागि बालअधिकार चेतना समूह गठन गरिएको हो भनी सहजकर्ता सरीता चौधरीले बताइन्। आफू सचेत भएपछि अरुको अधिकारको पनि संरक्षक हुने कुराका बारेमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ठागुराम चौधरीले बताए। यसै क्रममा विद्यालयका प्रधानाध्यापक हनुमान चौधरीले बालअधिकार चेतना समूहलाई बालबालिकाको अधिकार संरक्षण गर्नका लागि सहयोग गर्ने कुराका बारेमा प्रतिबद्धता जनाए।

यसै गरी, श्री दीपेन्द्र उमावि विद्यालयमा ०७१ भदौ २० गते बालअधिकार चेतना समूह गठन भयो। कार्यक्रममा बालअधिकार चेतना समूहको गठन भएका विद्यालय तथा समुदायमा बालअधिकार हननका घटना कम हुने र बालअधिकारको संरक्षण र संवर्द्धन गर्नका लागि बालअधिकार चेतना समूह गठन गरेको कुरा इन्सेककी स्थानीय सहजकर्ता सरीता चौधरीले बताइन्। साथै उनले, विद्यालयमा शिक्षाको गुणस्तर कम भएको, स्वास्थ्यचौकीहरूमा प्रयाप्त औषधी नभएको अवस्थामा बालअधिकार चेतना समूहले पनि अनुगमन गर्न सक्ने, छात्रवृद्धिको पनि विद्यालयमा अनियमितता भएमा, शिक्षकहरू विद्यालयमा निरन्तर उपस्थित नहुने हुँदा विद्यार्थीलाई पनि शिक्षा आर्जन गर्न समस्या भएमा बालअधिकार चेतना समूहले निगरानी राख्न सक्ने सहजकर्ता सरीता चौधरीले बताइन्।



# पत्रिकामा इन्सेक

उद्घोष २०७१ भदौ २३ सोमबार Monday 8 September 2014

INSEC Documentation

## परिचयात्मक बैठक सम्पन्न



विराटनगर (उन)/ मोरङको भोगटाट गाविसस्थित आदर्श क्लबमा स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रमअन्तर्गत आइतबार परिचयात्मक बैठक सम्पन्न भएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरको आयोजनामा सो बैठक सम्पन्न भएको हो।

कार्यक्रममा नेपाली कांग्रेसका ध्रुवनारायण माझी, नेकपा एमालेका युवराज खनाल एमाओवादीका अमरलाल मार्शीलगायतले मनतव्य राख्दै अभावको मानवअधिकार तथा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका विषयमा सचेत पार्दै जिम्मेवार निकायलाई ...

त्यसैगरी सोही बैठकबाट सरस्वती लुइँटेलको संयोजकत्वमा ११ सदस्य मानवअधिकार निगरानी समूहसमेत गठन गरिएको स्थानीय सहजकर्ता गाउँरेयाम बराल जानकारी दिए।

सो कार्यक्रममा स्थानीय सघ संस्था, दलका प्रतिनिधि, कृषि, पशुसेवा केन्द्र, नागरिक समाजका प्रतिनिधि, शिक्षक, बुद्धिजीवीहरूको उपस्थिति रहेको थियो।

इन्सेक क्षेत्रीय कार्यालयका कार्यक्रम संयोजक रमेश अधिकारीको अध्यक्षतामा कार्यक्रम भएको थियो।

कार्यक्रमको उद्देश्य तथा इन्सेकले यस वर्ष गाविसमा सञ्चालन गर्ने कार्यक्रमको बारेमा संयोजक अधिकारीले जानकारी गराएका ...

गोल्डेन न्यूज दैनिक २०७१ असोज ३१

INSEC Documentation

## खाद्यअधिकारमा सरोकारवाला निकायको भूमिका महत्वपूर्ण



३ असोज, २०७१, शुक्रवार विराटपथ पृष्ठ : ३

INSEC Documentation

## समूहका सदस्यलाई बालअधिकार तालिम



NATIONAL

The Himalayan Times Daily, Thursday, July 17,2014.



Chief Election Commissioner Neelkantha Uprety speaking at a national workshop on Human Rights and Elections, jointly organised by Informal Sector Service Centre and Forum ... at Dhulikhel, in Kavre, on Wednesday.

## EC to unveil 'secrets' of past p...

Himalayan News Service

Kavre, July 16

नव क्षितिज

## समुदायलाई सचेत पार्दै इन्सेक



प्रभातफेरी

INSEC Documentation

## पाँचखालमा निगरानी समूह



२०७१ भाद्र २५ गते बुधबार

## पाँचखालमा....

## मानवअधिकार वर्ष पुस्तक २०१५ पर्वसमीक्षा


मानवअधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

कलङ्की, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौं

फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१

इमेल: insec@insec.org.np

वेभसाइट: www.insec.org.np, www.inseconline.org